जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १३० • २०८३ साल आश्विन ११ गते आइतबार (27 September, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५१-

## विराटनगरमा मुख्यमन्त्री सम्मेलन हुने




**टुडे समाचारदाता**

जनकपुरधाम । यही असोज २२ र २३ गते सात वटै प्रदेशका मुख्यमन्त्री एक ठाउँमा भेला हुने भएको छ ।

कोशी प्रदेश सरकारको आयोजनामा विराटनगरमा हुन लागेको मुख्यमन्त्री सम्मेलनमा संघीयता कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपाय, संघीय शासन व्यवस्थाको सुदृढीकरण, प्रदेश सरकार गठन तथा सञ्चालनका क्रममा भएका असल अभ्याससहित अनुभवको आदानप्रदान, प्रदेशस्तरीय एवं तीन तहका सरकारबीचको समन्वय एवं सहकार्य, सुशासन र आर्थिक समृद्धिलगायतका विषयमा छलफल केन्द्रित हुने मुख्यमन्त्रीको कार्यालयले जनाएको छ ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीका प्रेस सल्लाहकार विक्रम लुइँटेलले जनाए अनुसार सातै प्रदेशका मुख्यमन्त्रीको सहभागिता रहने विराटनगर सम्मेलनलाई व्यवस्थित एवं सफल बनाउन आवश्यक पूर्व तयारीको काम भइरहेको बताए ।

सडक तथा पुल निर्माण, उद्योग एवं पर्यटन प्रवर्दनसहित आर्थिक गतिविधिलाई चलायमान बनाउन र प्रदेशस्तरीय सम्बन्ध अझ सुदृढ तुल्याउन मुख्यमन्त्री सम्मेलन कोशेढुंगा सावित हुने उनको भनाइ छ ।

त्यस्तै कोशी प्रदेश सरकारका प्रमुख सचिव नारायणप्रसाद भट्टले यही असोज २२ र २३ गते आयोजना हुने मुख्यमन्त्री सम्मेलनमा प्रदेशमन्त्री, योजना आयोगका उपाध्यक्ष, मुख्य न्यायाधिवक्ता र उच्च सरकारी अधिकारीहरूको समेतको उपस्थिति रहने जनाउँदै संघीयता कार्यान्वयनसहित राजनीतिक, आर्थिक, सामाजिक, विकास निर्माण, कानुनी, व्यावहारिक पक्षमा छलफल भइ स्पष्ट दिशानिर्देश गर्न सम्मेलन सफल हुने बताए ।

### वर्षा र बाढीको वितण्डा, सप्तरीमा १५७ घर डुबान

# कोशी, बलान, कमला र रातु नदीको बहाव बढ्दा तटीय बस्तीमा जोखिम

**टुडे समाचारदाता**

जनकपुरधाम । अविरल वर्षासँगै आएको बाढी र डुबानले मधेश प्रदेशसहित देशका विभिन्न भागमा जनजीवन प्रभावित भएको छ । मधेश प्रदेशको सप्तरी, सिराहा, धनुषा, महोत्तरीलगायत जिल्लाका नदी तथा खोलानालामा पानीको सतह बढ्दा तटीय तथा होचा भू-भागमा डुबानको जोखिम बढेको छ । कोशी नदीमा आएको बाढीका कारण सप्तरीमा मात्रै १ सय ५७ घर डुबानमा परेका छन् । बाढीका कारण एक बालकको मृत्यु भएको छ भने प्रभावित परिवारलाई सुरक्षित स्थानमा सारिएको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४ र ५ का १७ घरमा कोशी नदीको बाढी पसेको छ । हनुमाननगर कंकालिनी नगरपालिका-१२ को कोशी तटीय क्षेत्रमा ८० र वडा नम्बर १३ को गोबरगाढामा ६० घर डुबानमा परेका छन् । घरमा पानी पसेपछि खाद्यान्नमा क्षति पुगेको छ भने स्थानीयलाई खाना पकाउन र बस्न समस्या भएको छ । वृद्धवृद्धा तथा बालबालिकालाई कोशीको पश्चिमी तटबन्ध तथा अन्य सुरक्षित स्थानमा सारिएको छ ।

गोबरगाढामा बाढीमा डुबेर पाँच वर्षीय विवेक यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । बाढीले जमेको खाल्डोमा डुबेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

लगातारको वर्षासँगै मधेशका कोशी, बलान, कमला, रातु लगायतका नदी तथा खोलामा पानीको बहाव बढेको छ । नदी आसपासका बस्तीमा स्थानीय प्रशासन र सुरक्षा निकायले सतर्कता अपनाउन आग्रह गरेका छन् । होचा तथा तटीय क्षेत्रमा बसोबास गर्ने परिवारलाई सुरक्षित स्थानतर्फ जान भनिएको छ ।



बाढीका कारण कतिपय स्थानमा सडक तथा ग्रामीण आवागमनसमेत प्रभावित भएको छ । स्थानीय तहले प्रभावित क्षेत्रको निरीक्षण गर्दै सुरक्षित स्थानमा स्थानान्तरण, खाद्यान्न तथा अन्य राहत सामग्रीको व्यवस्थापनमा जुटेको जनाएका छन् ।

भोटेकोशी र त्रिशूली नदीको बाढीबाट विस्थापित भएर नुवाकोट र रसुवाका विभिन्न अस्थायी शिविर तथा त्रिपालमा बसिरहेका परिवारलाई निरन्तरको वर्षाले थप समस्यामा पारेको छ । त्रिपाल चुहिने, भुइँ हिलाम्मे हुने र लुगा तथा ओछ्यान नभिजाउन कठिन भएपछि बालबालिका, सुत्केरी र वृद्धवृद्धा बढी प्रभावित भएका छन् ।

नुवाकोटको पिपलटार, ढुंगे, गेर्खु, भैँसे तथा त्रिशूली बजार आसपासका शिविरमा पानी पस्दा विस्थापित परिवारलाई रात बिताउनसमेत कठिन भएको छ । कतिपयले दोहोरो त्रिपाल टाँगेर ओत लाग्ने प्रयास गरेका छन् । प्रशासनले वैकल्पिक व्यवस्था नभएसम्म तोकिएका होल्डिङ सेन्टरमै बस्न आग्रह गरेको छ । रसुवा र नुवाकोटमा विस्थापितको स्थायी पुनः स्थापनाका लागि सुरक्षित जग्गा पहिचान गरी प्रक्रिया अघि बढाइएको जनाइएको छ । लगातारको वर्षाले गोरखाको चुमनुव्री-३ पैयुमा पहिरो खसेपछि लार्के सडक अवरुद्ध भएको छ । ढुंगा, माटो र लेदोसहितको पहिरो खसेपछि आवागमन रोकिएको छ ।

पाँचथर-धनकुटा सीमास्थित नावा खोलामा पानीको बहाव घटेपछि तमोर करिडोरमा ठूला सवारीसाधन सञ्चालनमा आएका छन् । मध्यपहाडी राजमार्गको पाँचथर खण्ड पनि पहिरो पन्छाएपछि सञ्चालनमा आएको छ । तर फिदिम-फालौट र जोरपोखरी-एकतिन सडक अझै अवरुद्ध छन् । प्रशासनले मुख्य तथा सहायक सडकमा रातिको समयमा सवारी सञ्चालनमा लगाएको रोकसमेत कायम राखेको छ ।

त्यस्तै कर्णाली प्रदेशमा पनि वर्षाका कारण ६ सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएका छन् । लगातारको वर्षापछि नारायणी नदीमा पानीको बहाव उच्च हुँदा पूर्वी नवलपरासीको त्रिवेणीस्थित गण्डक ब्यारेजका ३६ वटै ढोका खोलिएका छन् । नारायणीको बाढीले कावासोती-१७ अमलटारी, गैँडाकोट-२ तथा पश्चिम नवलपरासीको सुस्ता क्षेत्रमा डुबानमा परेको छ ।

सुस्ता गाउँपालिका-५ मा बाढीमा फसेका २९ जनालाई सशस्त्र प्रहरीले उद्धार गरेको छ। सो क्षेत्रमा दुई सयभन्दा बढी घर डुबानमा परेको बताइएको छ । पानीको बहाव अझै बढ्दो क्रममा रहेकाले स्थानीयलाई सुरक्षित स्थानमा सारिएको छ ।

देवघाट जलमापन केन्द्रमा नारायणीको जलसतह ९ मिटर बढी भएपछि खतराको चेतावनी दिएको छ । यससँगै नारायणी तटीय क्षेत्रका बासिन्दामा जोखिम थपिएको छ । वर्षा जारी रहेकाले नदी तटीय, पहिरोको जोखिम भएका क्षेत्र तथा अस्थायी शिविरमा बसिरहेका नागरिकलाई सतर्क रहन र स्थानीय प्रशासनले तोकेका सुरक्षित स्थानमा जान आग्रह गरिएको छ ।

### कांग्रेस संस्थापन पक्षको धनुषामा विवाद कायमै

# मतदाता सूची तयार भएन, इतर पक्ष अधिवेशन तयारीमा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको संस्थापन पक्षको धनुषामा विवादको कारण पालिका अधिवेशन प्रभावित भएको छ । शनिबारदेखि नै पालिका अधिवेशन गर्ने तयारी भए पनि मतदाता नामावलीको टुंगो नलाग्दा रोकिएको छ ।

मधेश प्रदेशको राजधानी रहेको जनकपुरधाम उपमहानगरपालिकाको अधिवेशन उद्घाटन भए पनि निर्वाचनको प्रक्रिया अगाडि बढ्न सकेन ।

संस्थापन पक्षको अधिवेशनको शनिवार उद्घाटन भइरहेको बेला नै इतर पक्षले जिल्लामा अधिवेशन गर्ने प्रकृयालाइ अगाडी बढाउन बृहत्त छलफल सम्पन्न गरेको छ ।

संस्थापन पक्षको निर्वाचन क्षेत्र नम्बर चारमा विवाद भएको छ । निर्वाचन क्षेत्र नम्बर चारमा कांग्रेस एक रहेको बेला पनि विवाद हुने गरेको थियो । कांग्रेस विभाजन हुँदा पनि त्यो विवादको अन्त्य भएको छैन ।




निर्वाचन क्षेत्र नम्बर चारमा विगतमा दुई गुट मात्र रहे पनि हाल तीन गुट खडा भएको छ । पूर्वसहमहामन्त्री महेन्द्र यादवको एउटा गुट, जिल्ला सभापति योगेन्द्र पजियारको एउटा गुट र डा. चन्द्रमोहन यादवको एउटा गुट गरी तीनवटा गुट खडा भएको छ ।

तीनै गुटबीच विवाद हुँदा जिल्लाको मतदाता सूची पनि टुंगिएको छैन । पालिका स्तरीय मतदाता सूची टुंगिएको पालिकामा नेतृत्व चयन पनि भएको छ । कमला नगरपालिकामा कमलेश यादव सभापतिमा चयन भएका छन् ।

जनकपुरधाम उपमहानगरपालिकाको मतदाता चयनमा वडा नम्बर १९ मा विवाद देखिएको छ । मनोज चौधरीको अनुसार शनिबार अबेर साँझसम्म निर्वाचन अधिकृतले मतदाता नामावली प्राप्त गरेका छैनन् । तर आइतबार १० बजे मतदाता सूची सार्वजनिक गर्ने उनले बताएका छन् ।

जनकपुरधाम उपमहानगरको सभापतिमा मेयर मनोज कुमार साह नदोहरिने बताएपछि परमेश्वर साह र लालबाबु मिश्रबीच प्रतिस्पर्धा हुने भएको छ । साह र मिश्र नगरको पुराना नेताहरु हुन् । दुई जनाबीच सहमतिको प्रयास भइरहे पनि चुनावको सम्भावना नै बलियो रहेको नगर सभापति समेत रहेका मेयर साहले बताए ।

कांग्रेस संस्थापन पक्षमा मधेश प्रदेशको आठवटै जिल्लामा दुई गुट देखिएको छ । इतर पक्षले छुट्टै अधिवेशनको तयारी गरिरहे पनि संस्थापन पक्षमा गुटको अन्त्य हुन सकेको छैन ।

जनकपुरधाम उपमहानगरपालिकामा संस्थापन पक्ष नै धेरै बलियो देखिएको छ । कांग्रेस इतर पक्षका नेता विमलेन्द्र निधिको गृहनगर समेत रहेको निर्वाचन क्षेत्र नम्बर ३ मा संस्थापन पक्ष बलियो देखिएपछि इतर पक्षले जोडतोडका साथ अधिवेशनको तयारीमा जुटेको छ ।

धनुषाको प्रायः सबै पालिकामा दुवै पक्षको कमिटी गठन हुने छ । कांग्रेसको क्रियाशील सदस्यता संस्थापन पक्ष तर्फ बढी रहेको छ । जिल्ला सभापति, उपसभापतिहरु संस्थापन पक्ष तर्फ लागेकाले पलरा भारी भएको छ ।

नेता निधिको गृह रहेको नगराईन नगरपालिकामा सर्वसम्मतिबाट नगर सभापति चयन भएको जिल्ला उपसभापति गणेश झाले जनाएका छन् । उनले मुखियापट्टी, धनौजीलगायत अधिकांश पालिकाहरुमा सर्वसम्मतिबाट नै नेतृत्व चयन भएको बताएका छन् ।

इतर पक्षले कोमलकान्त झालाई जिल्ला संयोजक बनाएको छ । उनी यस अघि उपसभापति रहेका थिए । इतर पक्षमा नेता निधि, आनन्द प्रसाद ढुंगाना प्रमुख हुन् । संस्थापन पक्षले असोज १६ गते महाधिवेशनको उद्घाटन गर्ने तिथि घोषणा गरिसकेको छ । इतर पक्षले असोज २१ गते गर्ने छ ।

हाल इतर पक्ष कमजोर देखिए पनि संस्थापन पक्षको अधिवेशनमा असन्तुष्ट देखिएको पक्ष इतर तर्फ जान सक्ने सम्भावना रहेको कांग्रेसका नेताहरु बताउँछन् । निवर्तमान सभापति शेरबहादुर देउवा पक्षधर नेताहरु नै संस्थापन पक्षतिर लागेका छन् । संस्थापन पक्षमा अटाउन नसक्ने नेताहरु इतर पक्षमा सहजै महत्वपूर्ण स्थान पाउन सक्ने देखिएकोछ । अहिले इतर पक्ष अत्यन्त कमजोर देखिएको छ । तर संस्थापन पक्षको विवादले त्यो समूहलाई बलियो बनाउने छ ।

मधेश प्रदेशको राजनीतिमा धनुषा जिल्ला सर्वाधिक महत्वपूर्ण मानिन्छ । कांग्रेसमा मात्र नभै सबै दलका लागि धनुषा जिल्ला केन्द्र रहेको छ । पछिल्लो समय मधेश प्रदेशको राजधानी बनेपछि दलहरुले संगठन सुदृढीकरणमा अत्यधिक जोड दिएको देखिन्छ ।

हाल धनुषाको चारवटा मध्ये तीनवटा निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद छन् । निर्वाचन क्षेत्र नम्बर एकमा नेपाल कम्युनिष्ट पार्टी(नेकपा) को सांसद छन् ।

आगामी स्थानीय चुनावमा प्रदेशको राजधानी रहेको उपमहानगरमा जीत हात पार्न सबै दलहरु लागिपरेको समयमा कांग्रेस भने विभाजित भएको छ । जनकपुरधाम उपमहानगरपालिकाको निर्वाचनमा अधिकांश चुनावमा स्वतन्त्र उम्मेदवारहरुले जितेका छन् । एक पटक मात्र लालकिशोर साह र रीता झा राष्ट्रिय जनता पार्टी(राजपा) बाट चुनाव जितेका थिए ।

कांग्रेस विभाजित भएकोले चुनावमा त्यसको प्रभाव पर्ने निश्चित देखिएको छ । कांग्रेसको विवादले अन्य दलहरुलाई लाभ मिल्ने सम्भावना रहेको बताइन्छ ।



# सानो मञ्चदेखि 'नेपाल सिंगिङ सुपरस्टार' को टप–८ सम्म पुगेका 'राजा'

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिका-५ मा पर्ने शान्तिपुरका राजा राजपूत अहिले 'नेपाल सिंगिङ सुपरस्टार सिजन-२'को शीर्ष ८ मा पुगेका छन् । गायकका रूपमा परिचित राजा गीत लेखन, संगीत सिर्जना र संगीत संयोजनमा समेत सक्रिय छन् ।

२०५३ भदौ १७ गते जन्मिएका राजाको संगीतसँगको सम्बन्ध विद्यालय जीवनदेखि नै शुरु भएको हो । विद्यालयमा आयोजना हुने विभिन्न कार्यक्रम तथा मञ्चमा उनी नियमित रूपमा गीत गाउने गर्थे । महेन्द्रनगरस्थित ज्ञान मन्दिर इङ्लिस बोर्डिङ स्कुलबाट विद्यालय शिक्षा पूरा गरेपछि उनले धनुषा साइन्स क्याम्पसबाट कम्प्युटर साइन्स विषयमा कक्षा १२ उत्तीर्ण गरे ।

पढाइसँगै उनको सांगीतिक यात्रा पनि अघि बढ्दै गयो । उनले मिथिलाञ्चल एफएम १०५ मेगाहर्जमा रेडियो प्रस्तोताका रूपमा काम गरे। त्यही क्रममा गिटार सिक्न थाले भने 'रंग दर्पण'मा नृत्यको प्रशिक्षण पनि लिए । सडक नाटक तथा विभिन्न सार्वजनिक कार्यक्रममा सहभागी हुँदै उनले गायनसँगै मञ्च प्रस्तुति र अभिनयको अनुभवसमेत हासिल गरे ।

कक्षा १२ पछि संगीतमा थप दक्ष बन्ने उद्देश्यले राजा चण्डीगढ पुगे। त्यहाँ निर्वाण एकेडेमीमा शास्त्रीय गायनको प्रशिक्षण लिए । त्यसपछि उनी दिल्ली पुगे, जहाँ करिब डेढ वर्ष विभिन्न नाट्य समूह तथा प्रस्तुतिसँग जोडिएर काम गरे ।

नाटकलाई उनले मुख्य पेसाका रूपमा भन्दा आफूलाई गायक तथा कलाकारका रूपमा निखार्ने माध्यमका रूपमा लिए । नाटकमार्फत उच्चारण, भाव अभिव्यक्ति, शारीरिक हाउभाउ र मञ्च प्रस्तुतिमा आफूलाई थप सक्षम बनाउँदै लगे ।

दिल्लीमै उनले गन्धर्व महाविद्यालयमा सुजितकुमार ओझासँग शास्त्रीय गायनको प्रशिक्षण लिए। पछि सुब्रतो दाससँग पनि गायन प्रशिक्षणलाई निरन्तरता दिए । यस क्रममा विभिन्न संगीतकर्मी तथा साथीहरूबाट संगीतका नयाँ विषय सिक्ने अवसरसमेत पाए ।

राजाको सांगीतिक यात्रामा संगीत संयोजक स्यान्डी सिंहको भूमिका पनि महत्वपूर्ण रह्यो । स्यान्डीसँग काम गर्ने क्रममा उनले गीत लेखन, संगीत संयोजन तथा संगीत उत्पादनको व्यावहारिक ज्ञान हासिल गरे । विभिन्न नाट्य संगीत, स्टुडियो रेकर्डिङ तथा प्रत्यक्ष सांगीतिक कार्यक्रममा काम गरे। राष्ट्रिय नाट्य विद्यालयसँग सम्बन्धित केही परियोजनामा सहायक संगीत निर्देशकका रूपमा काम गर्ने अवसरसमेत पाए ।

उनको स्टुडियो रेकर्डिङ यात्रा 'कोरस' गायनबाट सुरु भएको थियो । विभिन्न गीत, नाट्य प्रस्तुति, प्रमोसनल गीत तथा निर्वाचन अभियानका लागि तयार गरिएका गीतमा स्वर तथा समूह गायन गर्दै उनले स्वर संयोजन र रेकर्डिङ प्रक्रियाको अनुभव हासिल गरे ।

संगीतकै क्रममा राजा स्यान्डी सिंह,

> संगीतसँगै राजाले औपचारिक शिक्षालाई पनि निरन्तरता दिए । उनले ग्लोकल विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङ अध्ययन गरी स्नातक तह पूरा गरे। अध्ययनकै क्रममा यमा स्कुल अफ म्युजिकसँग जोडिएर गायन, गिटार र पियानो सिक्नुका साथै विद्यार्थी तथा बालबालिकालाई संगीत सिकाउन थाले ।

स्वरांश मिश्रालगायतको टोलीसँग लद्दाख पनि पुगे । करिब १० दिन त्यहाँ बसेर उनले केही विद्यालयका विद्यार्थीलाई संगीत तथा मञ्च प्रस्तुतिको प्रशिक्षण दिए । पछि ती विद्यार्थीलाई एकै ठाउँमा भेला गराएर नारोपा महोत्सवका लागि सांगीतिक प्रस्तुति तयार गरिएको थियो । विद्यार्थीलाई अभ्यास गराउनुका साथै राजाले स्वयं पनि महोत्सवमा प्रत्यक्ष प्रस्तुति दिएका थिए ।



दिल्ली बसाइकै क्रममा उनले आफ्ना मौलिक गीत सिर्जना गर्न थाले। 'दिल केहता है' उनका सुरुवाती मौलिक गीतमध्ये एक हो, जसमा शब्द, संगीत र स्वर उनले स्वयं दिएका थिए । त्यसपछि 'तुमको पाया है' युगल गीत र 'एक कहानी' लगायतका गीतमा काम गरे । मैथिली लोकसंस्कृतिसँग जोडिएको 'झिझिया २.०'लाई रक भर्सनमा प्रस्तुत गर्दै उनले आफ्नो सांगीतिक दायरालाई अझ फराकिलो बनाए ।

संगीतसँगै राजाले औपचारिक शिक्षालाई पनि निरन्तरता दिए । उनले ग्लोकल विश्वविद्यालयबाट सिभिल इन्जिनियरिङ अध्ययन गरी स्नातक तह पूरा गरे। अध्ययनकै क्रममा यमा स्कुल अफ म्युजिकसँग जोडिएर गायन, गिटार र पियानो सिक्नुका साथै विद्यार्थी तथा बालबालिकालाई संगीत सिकाउन थाले । घरमै गायन र गिटार सिकाउँदै उनले अध्ययनसँगै आफ्नो सांगीतिक यात्रालाई पनि निरन्तरता दिए ।

कोभिड-१९ महामारीपछि नेपाल फर्किएका उनी केही समयपछि फेरि विदेश जाने सोचमा थिए। तर अन्ततः आफ्नै देशमा बसेर संगीत क्षेत्रमा केही गर्ने निर्णय गरे । उक्त निर्णयमा साथी नेहा कर्णको साथ र प्रोत्साहन पनि महत्वपूर्ण रहेको उनी सम्झिन्छन् ।

नेपाल फर्किएपछि उनले जनकपुरमा साथीहरूसँग मिलेर संगीत स्टुडियो सञ्चालन गरे । त्यहाँ गायन र गिटारको कक्षा सञ्चालन गर्नुका साथै प्रत्यक्ष सांगीतिक कार्यक्रममा सहभागी भए । केही समय विद्यालयमा संगीत शिक्षकका रूपमा समेत काम गरे। विभिन्न व्यावहारिक तथा आर्थिक कारणले स्टुडियोलाई निरन्तरता दिन नसके पनि उनको संगीत यात्रा भने रोकिएन ।

पछि काठमाण्डु आएर उनले नेपाल युवा परिषद्ले आयोजना गरेको राष्ट्रिय युवा गायन प्रतियोगितामा सहभागिता जनाए । विभिन्न चरण पार गर्दै उनी प्रथम उपविजेता बने । यही प्रतियोगितापछि नेपाली मौलिक गीतका लागि सम्झौता प्राप्त गरे र 'पिरथी को बारह खरी' गीतमा काम गर्ने अवसर पाए ।


काठमाण्डुमै उनले क्यालिडोस्कोप म्युजिक एकेडेमीमा 'वेस्टर्न भोकल', गिटार, पियानो तथा संगीत उत्पादनसम्बन्धी अध्ययन गरे । त्यसपछि 'वेस्टर्न म्युजिक'मा डिप्लोमा पनि पूरा गरे ।

राजाको यात्रा धनुषास्थित एउटा विद्यालयको सानो मञ्चबाट शुरु भएर रेडियो, नाटक, नृत्य, शास्त्रीय गायन, स्टुडियो रेकर्डिङ, संगीत सिर्जना, प्रत्यक्ष प्रस्तुति र संगीत शिक्षण हुँदै अहिले राष्ट्रियस्तरको गायन प्रतियोगिताको मञ्चसम्म आइपुगेको छ ।

उनको सांगीतिक यात्रामा परिवारको साथ पनि महत्वपूर्ण रहँदै आएको छ । विशेषगरी उनका मामा राजेश सिंहले सुरुदेखि नै उनलाई निरन्तर साथ, हौसला र मार्गदर्शन दिँदै आएका छन् । उनका बुबा इन्द्रजीत सिंह व्यवसायमा छन् भने आमा गीता कुमारी देवी शिक्षण पेसामा आबद्ध छन् ।

हाल 'नेपाल सिङ्गिङ सुपरस्टार सिजन-२'को शीर्ष ८ मा रहेका राजा आफ्ना लागि यो प्रतियोगिता लामो सांगीतिक यात्राको अर्को महत्वपूर्ण चरण भएको बताउँछन् । नेपाली, हिन्दी र मैथिली–तीनै भाषाको संगीतमा आफ्नो छुट्टै पहिचान बनाउने उनको लक्ष्य छ । गायनसँगै आफ्नै शब्द, संगीत र मौलिक सिर्जनालाई अघि बढाउने उनको योजना छ ।

# सडक सञ्जाल अवरुद्ध हुँदा रसुवामा खाद्यान्न अभाव, बिरामी मारमा



रसुवा । भोटेकोशी बाढीका कारण चीनसँगको सीमावर्ती जिल्ला रसुवाको सडक सञ्जाल पूर्णरूपमा टुटेपछि स्थानीय जनजीवन कष्टकर बनेको छ । सडक यातायात ठप्प हुँदा जिल्लामा खाद्यान्न सङ्कट गहिरिन थालेको छ भने स्थानीय कृषक र व्यवसायीहरू आर्थिक मारमा परेका छन् ।

बाढी गएको एक महिना बितिसक्दा यातायात सञ्चालन हुन नसक्दा रसुवागढी तथा आसपासका क्षेत्रमा दैनिक उपभोग्य सामग्रीको हाहाकार हुन थालेको स्थानीय बासिन्दाहरू बताउँछन् । लामो समयदेखि सडक अवरुद्ध हुँदा सीमावर्ती क्षेत्रका होलसेल व्यापारीहरू प्रभावित भएको रसुवा ठूलो भार्खुका व्यापारी किप्पा छिरिङ तामाङ बताउनुहुन्छ । उहाँका अनुसार बाढी आउनु अगाडि सहज रूपमा सामान ढुवानी हुने गरेको र बजार मूल्य सस्तो थियो ।

"सडक नहुँदा सामान ल्याउनै सकिँदैन, पाइहाले ढुवानी खर्च मात्रै प्रतिपटक रु ५० हजारभन्दा बढी लाग्ने गरेको छ । अहिलेको अवस्थामा सरकारले राहत बाँड्नुभन्दा सडक सञ्जाललाई तत्काल जोडिदिए हामी व्यापारी र आम उपभोक्ता दुवैलाई सहज हुने थियो", उहाँले भन्नुभयो ।

अर्का स्थानीय व्यवसायी सुन्दर श्रेष्ठको अनुभव उस्तै छ । पहिले मागअनुसार सहजै सामान भित्रिने र ढुवानी खर्च सस्तो पर्ने गरेकामा अहिले अवस्था पूर्णरूपमा बदलिएको उहाँ बताउनुहुन्छ । भौगोलिक रूपमा विकट यस क्षेत्रका किसानले वर्षभरिको खर्च धान्न व्यावसायिक रूपमा लगाएको बन्दाकोपी (काउली) सडक अवरुद्ध भएकै कारण बजारसम्म पुऱ्याउन सकिएको छैन । रसुवाको गतलाङमा फलेको लाखौँ मूल्य बराबरका बन्दाकोपी बारीमै कुहिएको छ ।

गत्लाङका स्थानीय फुर्पु सिङ्गी तामाङले दुःख व्यक्त गर्दै भन्नुभयो, "बाढी गएको एक महिना बित्यो । राहतले केही महिना पुग्ला तर सधैँ पुग्दैन । कृषि उपज बजारमा लैजान नपाउँदा लगानी डुब्यो । त्यसैले अहिले राहतभन्दा सडक सञ्जाल सञ्चालनमा ल्याउन प्राथमिकता दिनुपर्छ ।"

सडक सञ्जाल विच्छेद हुँदा स्वास्थ्य क्षेत्रमा समस्या देखिएको छ । जटिल प्रकृतिका बिरामीलाई आकस्मिक उपचारका लागि अस्पताल लैजान सडक नहुँदा हेलिकप्टर चार्टर गर्नुको विकल्प छैन । रसुवा नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङका अनुसार गरिब तथा विपन्न नागरिकका लागि हेलिकप्टरको खर्च धान्न असम्भव प्रायः छ । तामाङले भन्नुभयो, "जटिल बिरामी पर्दा पैसा हुने हेलिकप्टरमार्फत काठमाडौँ जान्छन्, तर पैसा नहुने गरिब गाउँमै मर्नुपर्ने अवस्था सिर्जना भएको छ । त्यसैले जति सक्दो चाँडो सडक खुलाउनुको विकल्प छैन ।"रासस

# नारायणी नदीले सतर्कता तह पार गऱ्यो

चितवन । नारायणी नदीले सतर्कता तह पार गरेको छ । बिहीबारदेखि परेको वर्षापछि अहिले नारायणी नदीले सतर्कता तह पार गरेको हो । नारायणी बेसिन कार्यालय चितवनका अनुसार हाल पानीको सतह आठ दशमलव ३० मिटर पुगेको छ ।

कार्यालयका प्रमुख सुमित अधिकारीले नदीको बहाव बढ्दै गएकोले तटीय क्षेत्रका बासिन्दालाई सर्तक रहन आग्रह गरिएको बताउनुभयो । उहाँका अनुसार नारायणी नदीमा पानीको बहाव सात दशमलव ३० मिटर सर्तकर्ता तह मानिन्छ ।

बहावले नौ मिटर पार गर्दा खतरा तह पुग्ने जनाउँदै प्रमुख अधिकारीले अब फेरि वर्षात भएमा पानीले जोखिम तह पार गर्ने सम्भावना रहेकाले सर्तक रहन सबैमा आग्रह गरिएको उल्लेख गर्नुभयो । नदीले सर्तकता तह पार गरे पनि अहिलेसम्म नदी किनारका बस्तीमा पानी पसिसकेको छैन । उहाँले भन्नुभयो, "अब फेरि वर्षात भएमा ठूलो बाढीको सम्भावना छ ।"

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अहिले नदी तटीय क्षेत्रमा बसोबास गर्नेलाई सुरक्षीत स्थानमा बस्नका लागि आग्रह गरिएको बताउनुभयो । उहाँका अनुसार तत्काल उद्धारका लागि तयारी अवस्थामा सुरक्षा निकाय रहेका भन्दै अहिले सूचना प्रवाह गर्ने, पूर्वतयारीका काम भइरहेका उहाँले जानकारी दिनुभयो । रासस

## 'हिमाल र समुद्र नक्सामा टाढा देखिन्छन्:

# प्रकृतिले भने विपरीत कुरा बताउँछ'

काठमाण्डु । जलवायु परिवर्तन विषयलाई विश्वसामु बलियो रूपमा उठाउन नेपालले संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा 'सगरमाथादेखि समुद्रसम्म' नामक विशेष कार्यक्रम आयोजना गरेको छ । संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा नेपालद्वारा आज आयोजित 'सगरमाथादेखि समुद्रसम्मः जलवायु उत्थानशील भविष्यका लागि आवश्यक कार्यको आह्वान' नामक जलवायु केन्द्रित उच्चस्तरीय विशेष कार्यक्रम भएको हो ।

नेपालले भोटेकोशीमा आएको विनाशकारी बाढीपछि उक्त उच्चस्तरीय विशेष कार्यक्रम गर्ने निर्णय गरेको परराष्ट्रमन्त्री शिशिर खनालको सचिवालयले जनाएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले हिमाल, नदी, समुद्र तथा तटीय र द्वीपीय क्षेत्र जलवायु परिवर्तनका दृष्टिले परस्पर जोडिएका पारिस्थितिक प्रणाली भएकाले जलवायु सङ्कट सम्बोधनका लागि सामूहिक र समन्वित प्रयास आवश्यक रहेको बताउनुभयो ।

परराष्ट्रमन्त्री खनालले जलवायु प्रणालीले राजनीतिक सीमालाई नचिन्ने भएकाले हिमालदेखि समुद्रसम्मको साझा जलवायु जोखिमलाई एकीकृत रूपमा सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । परराष्ट्रमन्त्री खनालले भन्नुभयो, "तपाईंहरूको साझेदारीले हिमाली, द्वीपीय र तटीय क्षेत्रका दृष्टिकोणलाई एउटै संवादमा ल्याएको छ ।"

नेपाल अहिले कठिन परिस्थितिबाट गुज्रिरहेको उल्लेख गर्दै मन्त्री खनालले गत २६ अगस्ट (भदौ १०) मा लाङटाङ क्षेत्रमा चट्टान र हिमनदीको ठूलो हिस्सा खस्दा भोटेकोशी बाढी गएको जनाउँदै यसबाट ठूलो जनधन तथा महत्वपूर्ण पूर्वाधारमा क्षति पुगेको बताउनुभयो । उहाँले उक्त घटनालाई आफूले 'हिमालयन सुनामी' का रूपमा वर्णन गरेको उल्लेख गर्दै भन्नुभयो, "घाउहरू अझै ताजा छन् । यस्तो अवस्थामा यो विषयमा छलफल गर्नु उपयुक्त समय हो ।"

परराष्ट्रमन्त्री खनालले 'सगरमाथादेखि समुद्रसम्म'को अवधारणा जलवायु प्रणाली राजनीतिक सीमाभन्दा पर रहेको यथार्थमा आधारित रहेको बताउनुभयो । पृथ्वीको सर्वोच्च शिखर सगरमाथा तथा हिमालय क्षेत्रलाई ध्रुवीय क्षेत्रबाहेक सबैभन्दा ठूलो हिम तथा हिउँ भण्डार रहेको 'थर्ड पोल' अर्थात् 'तेस्रो ध्रुव' का रूपमा व्याख्या गर्दै उहाँले यस क्षेत्रमा ६३ हजार ७०० भन्दाबढी हिमनदी रहेका जानकारी दिनुभयो ।



परराष्ट्रमन्त्री खनालले सन् २०२३ मा संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले हिमनदीलाई 'आइस रिजर्भ्वायर्स' अर्थात् 'बरफका जलाशय' का रूपमा वर्णन गर्नुभएको स्मरण गर्नुभयो । हिमनदीबाट निस्कने पानी नदी हुँदै पारिस्थितिक प्रणाली र समुदायलाई पोषण गर्दै समुद्रसम्म पुग्ने बताउँदै उहाँले पछिल्ला तीन दशकमा नेपालले आफ्नो हिम क्षेत्रको करिब एकतिहाइ हिस्सा गुमाइसकेको जानकारी दिनुभयो ।

परराष्ट्रमन्त्री खनालले हिमनदीको ह्रासले नदीको बहावमा परिवर्तन ल्याउँदै तल्लो तटीय क्षेत्रका जनजीवनमा असर पारिरहेको र अर्कोतर्फ द्वीपीय तथा तटीय मुलुकहरूले समुद्री सतह वृद्धि, तटीय क्षय र विस्थापनको सामना गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नक्सामा हेर्दा हिमाल र समुद्र एकअर्काबाट टाढा देखिन सक्छन्, तर प्रकृतिले हामीलाई त्यसको विपरीत कुरा बताउँछ ।"

जलवायु सङ्कटका विषयमा सम्बोधनका लागि मन्त्री खनालले पाँच वटा प्रस्ताव अघि सार्नुभएको उहाँको सचिवालयले जनाएको छ । सचिवालयका अनुसार उहाँले विज्ञान, नीति र लगानीले हिमाल, ताजा पानीका प्रणाली र महासागरबीचको पारिस्थितिक निरन्तरतालाई स्वीकार गर्नुपर्ने धारणा राख्नुभएको छ ।

जलवायु प्रक्रियामा हिमाललाई थप प्राथमिकता दिँदै संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचनामा यसको व्यवस्थित समावेश गरिनुपर्नेमा परराष्ट्रमन्त्री खनालले जोड दिनुभयो । विश्वको तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने लक्ष्य कायम राख्नुपर्नेमा जोड दिँदै उहाँले कार्बन उत्सर्जन कटौतीलाई तीव्रता दिन तथा जीवाश्म इन्धनबाट सङ्क्रमणसम्बन्धी जलवायु प्रक्रियाअन्तर्गत भएका सहमतिहरू कार्यान्वयन गर्नुपर्ने बताउनुभयो ।

परराष्ट्रमन्त्री खनालले प्रारम्भिक चेतावनी प्रणाली, उत्थानशील पूर्वाधार, पूर्वानुमानमा आधारित अग्रिम कार्य तथा वैज्ञानिक सहकार्यलाई थप सुदृढ गर्नुपर्ने धारणा राख्नुभयो । विकासशील मुलुकका लागि पर्याप्त, पूर्वानुमानयोग्य र सहज पहुँचयोग्य जलवायु वित्त, प्रविधि तथा क्षमता विकास आवश्यक रहेको उल्लेख गर्दै उहाँले हानि तथा क्षतिलाई सम्बोधन गर्ने कोषलाई पर्याप्त स्रोतसहित प्रभावकारी र पहुँचयोग्य बनाउनुपर्नेमा जोड दिनुभयो ।

परराष्ट्रमन्त्री खनालले भन्नुभयो, "जलवायु न्याय तब मूर्त हुन्छ, जब देशहरूले प्राप्त गर्ने सहयोगमा जिम्मेवारी, क्षमता र जोखिमको स्तर प्रतिबिम्बित हुन्छ ।" जलवायु परिवर्तन न्यूनीकरण तथा वातावरण संरक्षणमा नेपालले आफ्नोतर्फबाट योगदान गरिरहेको उल्लेख गर्दै उहाँले नेपालको करिब ४६ प्रतिशत भूभाग वनले ढाकेको, स्वच्छ जलविद्युत् र विद्युतीय यातायातको विस्तार भइरहेको तथा समुदायको नेतृत्वमा हुने संरक्षण कार्य वातावरणीय व्यवस्थापनको महत्वपूर्ण आधार रहेको बताउनुभयो ।

नेपालले सन् २०२५ मा जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्यलाई केन्द्रमा राखेर पहिलो 'सगरमाथा संवाद' आयोजना गरेको स्मरण गर्दै परराष्ट्रमन्त्री खनालले यसको दोस्रो संस्करणमा आगामी वर्ष अन्तरराष्ट्रिय समुदायलाई स्वागत गर्न नेपाल इच्छुक रहेको बताउनुभयो । उहाँले 'सगरमाथादेखि समुद्रसम्म' लाई ज्ञान, साझेदारी र व्यावहारिक सहकार्यको मञ्चका रूपमा विकास गर्ने नेपालको परिकल्पना रहेको बताउनुभयो ।

नेपाल सरकार र नेपाली जनताका तर्फबाट सहभागीलाई स्वागत गर्दै मन्त्री खनालले सहआयोजक मुलुकहरू भुटान, माल्दिभ्स, न्युजिल्यान्ड, सामोआ र ताजिकिस्तान तथा संयुक्त राष्ट्रसङ्घीय निकाय, संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रम र एसिया तथा प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक आयोगलाई उक्त कार्यक्रममा सहकार्यका लागि धन्यवाद दिनुभएको उहाँको सचिवालयले जनाएको छ ।रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** विदेशमा गरेको लगानीबाट फाइदा हुनेछ । पेट सम्बन्धी रोगले सताउने छ।
**वृष :** बोलीलाई नियन्त्रण गर्नुपर्ने दिन छ ।
**मिथुन :** परिवारसंग बसेर रमाइलो गर्ने दिन छ ।
**कर्कट :** वैदेशिक रोजगारको लागि प्रयास गरेमा सचेत बन्नुपर्नेछ ।
**सिंह :** आफन्तले साथ दिनेछन् । स्वास्थ्यमा सुधार हुनेछ ।
**कन्या :** खानपानमा ख्याल नगर्दा स्वास्थ्यमा समस्या हुनसक्छ ।
**तुला :** थोरै बोलेर अगाडि बढनु राम्रो हुनेछ । संगठनका साथीबाट असहयोग हुनेछ ।
**वृश्चिक :** लगानीका क्षेत्रबाट राम्रो आम्दानी हुनेछ । मन खुशी हुनेछ ।
**धनु :** साथीको सहयोगले महत्वपूर्ण काम बन्नेछ । मनमा शान्ति मिल्नेछ ।
**मकर :** सल्लाहकारबाट धोका हुने भएकाले सचेत बन्नुपर्नेछ ।
**कुम्भ:** बिहान उठेर शिवको भजन सुन्नु भएमा दिन सहज बन्नेछ ।
**मीन:** शिक्षामा गरेको लगानीबाट राहत मिल्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१–५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | गौतम होटल, बर्दिबास | ०४४–५५००३४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४–५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४–५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४–५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४–५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# मधेश र कोशी प्रदेशबीच वित्तिय सहकार्यका लागि सम्झदारी



**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक तथा वित्तीय क्षेत्रमा सहकार्य र समन्वयका लागि मधेश प्रदेश र कोशी प्रदेश सरकारबीच आपसी समझदारी भएको छ ।

सो सम्झदारीपछि दुईटै प्रदेशले बजेट तथा राजस्व प्रशासनदेखि सार्वजनिक वित्तीय व्यवस्थापन, रोजगारी, लगानी, पर्यटन प्रवर्द्धन र विपद् व्यवस्थापनसम्म सहकार्य गर्नेछन् । सो सम्झदारीपत्रमा मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराई र कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बिदुर कुमार लिङ्थेपले हस्ताक्षर गरेका हुन् ।

समझदारी अनुसार प्रत्येक आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्नुभन्दा कम्तीमा तीन महिनाअघि दुवै प्रदेशले साझा प्राथमिकता, संयुक्त कार्यक्रम तथा राजस्व र आर्थिक नीतिका विषयमा पूर्व-बजेट परामर्श गर्नेछन् ।

दुवै प्रदेशले सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार, परिणाममा आधारित बजेट प्रणाली, बेरुजु फछ्र्योट, आन्तरिक नियन्त्रण तथा प्रशासनिक खर्च घटाउने विषयमा अनुभव आदान-प्रदान गर्ने भएका छन् ।

यस्तै, राजस्व सम्भाव्यता अध्ययन, राजस्व सुधार कार्ययोजना तथा स्थानीय तहको राजस्व प्रशासन सुदृढीकरणमा समेत सहकार्य गरिनेछ । वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड तथा प्रदेश र स्थानीय तहबीचको वित्तीय सम्बन्धबारे संयुक्त अध्ययन तथा अनुसन्धान गर्ने समझदारी भएको छ । डिजिटल वित्तीय प्रणालीको प्रयोग तथा कर्मचारीको क्षमता विकासमा समेत दुवै प्रदेशले सहकार्य गर्ने सम्झारी पत्रमा भनिएको छ ।

समझदारी कार्यान्वयनका लागि दुवै प्रदेशका मन्त्रीको नेतृत्वमा उच्चस्तरीय मार्गदर्शक समिति गठन गरिनेछ । समितिको अध्यक्षता दुवै प्रदेशले पालैपालो गर्ने व्यवस्था गरिएको छ। सम्बन्धित मन्त्रालयका सचिवको नेतृत्वमा प्राविधिक तथा कार्यान्वयन समिति गठन हुनेछ । समितिमा बजेट, राजस्व र प्रशासन हेर्ने महाशाखाका प्रमुखहरू सदस्य रहने व्यवस्था गरिएको छ ।

कार्यान्वयनमा निरन्तर समन्वयका लागि दुवै मन्त्रालयले उपसचिवस्तरका एक-एक जना अधिकारीलाई सम्पर्क व्यक्ति तोक्ने र संयुक्त रूपमा सञ्चालन हुने कार्यशाला, तालिम, प्रविधि विकास तथा अध्ययन-अनुसन्धानका लागि लाग्ने खर्च दुवै प्रदेशले ५०-५० प्रतिशत व्यहोर्ने व्यवस्था गरिएको छ।

समझदारीपत्र पाँच वर्षका लागि लागू हुनेछ । अवधि सकिनुअघि दुवै पक्षको सहमतिमा यसको पुनरावलोकन तथा नवीकरण गर्न सकिने व्यवस्था समेत गरिएको छ।

सम्झारीपछि मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले सो सम्झदारीले दुवै प्रदेशमा आर्थिक विकासको सम्भावना बढने बताए । उनले भने आर्थिक विकाससँगै सम्भावित विभिन्न पक्षहरु धार्मिक तथा पर्यटकीय क्षेत्रलाई जोडेर संरचना निर्माण र त्यसबाट प्राप्त राजश्व बाँडफाँडको कुरा समेटिएको छ । यसले दुवै प्रदेशको आर्थिक विकासमा थप टेवा पुग्नेछ।

उनका अनुसार प्रदेश हरेक क्षेत्रमा दुवै प्रदेशले युवाको सहभागिता बढाउने छ । जसका लागि स्वरोजगार, उद्यमशीलता, साना तथा मझौला उद्योग र निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि संयुक्त तथा पूरक कार्यक्रम सञ्चालन गरिनेछ । यी बाहेक आर्थिक सम्भावना र विशिष्टतालाई जोडेर दुवै प्रदेशले प्रादेशिक आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्यसमेत समझदारी अनुसार निर्धारण गरिनेछ।

# महँगाई चरमोत्कर्षमा, सरकार कर्मचारी फेर्नमै व्यस्त

**टुडे समाचारदाता**

जनकपुरधाम। दसैं, तिहार र छठजस्ता ठूला चाडपर्व नजिकिँदै जाँदा खाद्यय वस्तुदेखि कपडा लतासहित हरेक वस्तुमा निकै मँहगाई बढेको छ । हुनत यो एकैपटक बढेको हो। नयाँ सरकार बनेदेखि नै विस्तारै महँगाई बढ्दै अहिले चरमसीमा पुगेको हो।

बिहान-बेलुकाको छाक टार्ने आधारभूत खाद्यवस्तुको मूल्य अचाक्ली अकासिएको छ । बजारमा भएका वस्तुको पनि कृत्रिम अभाव सिर्जना गरेर उपभोक्तालाई ठग्ने र लुट्ने काम भइरहेको छ । तर बजार नियमन गर्ने र उपभोक्ता अधिकार सुनिश्चित गर्ने जिम्मेवारी पाएको तालुकदार मन्त्रालय र विभागमा भने कर्मचारी परिवर्तन गर्ने लहर नै चलेको छ।

बजार अनुगमन गर्ने मुख्य निकाय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र तालुकदार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय यतिबेला राजनीतिक स्वार्थ र शक्तिकेन्द्रको हानथापमा परेका छन्।

बजारमा चिनीदेखि चामलसम्मको भाउ वृद्धिले दिनैपिच्छे रेकर्ड नै बनाएको छ भने बजार नियमन गर्नुपर्ने निकायका सहसचिव र महानिर्देशकहरूलाई ३-३ महिनामै फेरेर सरकारले नै घुमाउरो पारामा कालोबजारीलाई संरक्षण दिइरहेको सरोकारवालाहरूको आरोप छ । नेपाल खुद्रा व्यापार संघको तथ्यांक र बजारको वर्तमान यथार्थ केलाउने हो भने सर्वसाधारणको भान्साको अवस्था दयनीय छ । असारदेखि भदौ अन्तिमसम्म आइपुग्दा मात्रै २५ किलोको जिरा मसिनो चामल बोरामा करिब ४ सयदेखि ६ सय रुपैयाँसम्म मूल्य बढेर २ हजार ३ सयदेखि २ हजार ९ सय रुपैयाँसम्म पुगेको छ।



त्यस्तै सोना मन्सुली चामल २५ किलोको बोरा १ हजार ३ सय ५० रुपैयाँबाट बढेर १ हजार ८ सय रुपैयाँसम्म पुगेको व्यवसायीहरू नै स्वीकार्छन्।

सरकारले सहुलियत दरमा चिनी आपूर्ति सहज बनाएको र साल्ट ट्रेडिङ मार्फत प्रतिकिलो १ सय १० रुपैयाँमा चिनी उपलब्ध गराएको दाबी गरिरहन्छ । तर, यथार्थमा भने उपभोक्ताले एक किलो चिनीको १ सय ४० रुपैयाँसम्म तिर्न बाध्य छन्।

खानेतेलको मूल्यले पनि त्यस्तै छलाङ मारेको छ। खानेलेत प्रतिलिटर ३ सय २० देखि ४ सय ६० रुपैयाँसम्म तिर्नुपरेको छ। दाल प्रतिकिलो १ सय ९० बाट बढेर २ सय २० देखि २ सय ५० रुपैयाँसम्म पुगेको छ। तरकारी र फलफूलको भाउ पनि छोइसक्नु छैन । मासुजन्य वस्तु आम नागरिकको पहुँचभन्दा धेरै पर पुगिसकेको छ। कुखुराको मासु प्रतिकिलो ४ सय ४० र खसीको मासु १ हजार ३ सय रुपैयाँसम्म पुगेको छ। साथै, ९ महिनादेखि खाना पकाउने एलपी ग्यास आपूर्तिमा देखिएको समस्या अझै समाधान भएको छैन। यस्तो चरम मूल्यवृद्धि र अभावबीच सरकारको ध्यान बजार नियन्त्रणमा भन्दा कसलाई कहाँ सरुवा गर्ने भन्नेमै केन्द्रित छ।

बजार व्यवस्थापनमा सरकार किन पूर्णरूपमा चुक्यो भन्ने जवाफ खोज्न अन्त कतै जानुपर्दैन, उद्योग मन्त्रालय र वाणिज्य विभागको सरुवा सूची हेरे पुग्छ । पछिल्लो एक वर्षमा मात्रै उद्योग मन्त्रालयमा पाँच पटक सचिव परिवर्तन भएका छन् । वर्तमान सरकार गठन भएको करिब ६ महिनाको छोटो अवधिमा मात्रै उद्योगतर्फ तीन पटक सचिव फेरिएका छन्।

स्थानीय सरोकार राख्ने जिल्ला प्रशासन कार्यलय समेत मौन देखिएका छन्। प्रदेश सरकार र स्थानीय सरकारले यसतर्फ चासो नै लिएका छैनन् । बजार अनुगमनको प्रमुख पाटो स्थानीयस्तरमा जिल्ला प्रशसन कार्यालय र स्थानीय तहको हो । तर यी दुई निकाय निरिह देखिएका छन्।

संघमा कर्मचारी सरुवाको लहर नै चलेको छ । यस अवधिमा कृष्णबहादुर राउत (दुई पटक), मधुसूदन बुर्लाकोटी, नारायणप्रसाद शर्मा दुवाडी र अहिले रुद्रसिंह तामाङ सचिवका रूपमा मन्त्रालय भित्रिएका छन्।

महानिर्देशकहरू किन टिक्न सक्दैनन् र कसरी बिचौलिया हाबी हुन्छन् भन्ने कुराको ज्वलन्त उदाहरण हुन्- पूर्वमहानिर्देशक कुमारप्रसाद दाहाल । उनले बजारमा वस्तुहरूको कालोबजारी रोक्न र उपभोक्ता ठगी नियन्त्रण गर्नका लागि आयातित र उत्पादित सामानमा अनिवार्य रूपमा अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी) स्पष्ट देखिने गरी राख्न र बजार अनुगमन तीव्र बनाउन खोजेका थिए।

पूर्वमहानिर्देशक दाहाल कानुनतः एउटा महानिर्देशकलाई कम्तीमा दुई वर्ष काम गर्न दिनुपर्ने व्यवस्था भए पनि 'ग्रुप अफ इन्ट्रेस्ट' नमिलेपछि छोटो समयमै सरुवा गर्ने गरिएको बताउँछन्। विभिन्न स्वार्थ समूहको दबाबका कारण महानिर्देशकहरूले स्वतन्त्र रूपमा काम गर्न नपाएको दाहालको आरोप छ।

## बाख्रा चार्नेलाई अमानीय गरेका तीनजना पक्राउ



**टुडे समाचारदाता**

राजविराज। बाख्रा चोरीको आरोपमा एक व्यक्तिमाथि अमानवीय व्यवहार गर्दै जुत्ताको माला लगाएर गाउँ घुमाएको आरोपमा सप्तरी प्रहरीले तीन जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा राजविराज नगरपालिका-१३ का ३५ वर्षीय लड्डु राम, ४२ वर्षीय ललित राम र ३५ वर्षीय रामनाथ राम रहेका छन्।

प्रहरीका अनुसार गत साउन ८ गते राति स्थानीय रामनाथ रामको बाख्रा चोरी भएको विषयलाई लिएर दुई पक्षबीच विवाद भएको थियो। विवाद समाधानका लागि साउन ९ गते बिहान १० बजे स्थानीय भगवती मन्दिरको प्राङ्गणमा गाउँलेहरूले छलफल बोलाएका थिए।

छलफलका क्रममा कुरा नमिलेपछि उत्तेजित बनेको समूहले बाख्रा चोरीको आरोप लागेका व्यक्तिलाई कुटपिट तथा दुर्व्यवहार गरेको र जुत्ताको माला लगाएर गाउँ घुमाएको आरोप छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक (डीएसपी) हेमराज घिमिरेका अनुसार कानुन हातमा लिएर व्यक्तिमाथि अमानवीय व्यवहार गरेको आरोपमा घटनामा संलग्न तीन जनालाई पक्राउ गरिएको हो। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

## नदीमा हाम फालेका युवक २७ घण्टापछि मृत फेला परे

**टुडे समाचारदाता**

रौतहट। रौतहटको लालबकैया नदीमा हाम फालेर बेपत्ता भएका बाराका एक युवकको २७ घण्टापछि शव फेला परेको प्रहरीले जनाएको छ।

बाराको सिम्रौनगढ नगरपालिका-११ कटहरिया टोलका २७ वर्षीय सचिन्द्र यादवको शव शनिबार अपराह्न करिब ४ बजे घटनास्थलबाट १०-१२ किलोमिटर टाढा फतुवा क्षेत्रस्थित लालबकैया नदी किनारमा फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

प्रहरीका अनुसार यादव शुक्रबार दिउँसो करिब १ बजे मौलापुर नगरपालिका-४ स्थित लालबकैया नदीको पुलबाट हाम फालेर बेपत्ता भएका थिए।

यादव आफ्ना दाइ ३५ वर्षीय सिकिन्द्र यादवले चलाएको मोटरसाइकलमा पछाडि बसेर उपचारका लागि कचोर्वाबाट गरुडा जाँदै थिए। पुलमा पुगेपछि मोटरसाइकल रोकेर ओर्लिएका यादव अचानक नदीमा हाम फालेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी वसन्त गौतमले बताए।

प्रहरीका अनुसार यादव मानसिक रूपमा अस्वस्थ रहेको बताइएको थियो। घटनालगत्तै इलाका प्रहरी कार्यालय मौलापुरका प्रहरी निरीक्षक भरत केसीको कमान्डमा प्रहरी टोली तथा सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प देवाही गोनाहीबाट प्रहरी निरीक्षक दिलबहादुर नेपालीको कमान्डमा गोताखोरसहितको टोली खोजीमा परिचालन गरिएको थियो।

लालबकैया नदीमा पानीको बहाव तीव्र हुनुका साथै गहिराइका कारण खोजीमा कठिनाइ भएको थियो। कठिनाइका बाबजुद संयुक्त सुरक्षा टोलीले निरन्तर खोजी गर्दा शनिबार अपराह्न यादवको शव फेला पारेको हो। शव फेला परेपछि आवश्यक कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि जिल्ला अस्पताल गौर पठाइएको इलाका प्रहरी कार्यालय मौलापुरले जनाएको छ।

# सरकारीवादी फौजदारी मुद्दामा मिलापत्रको प्रक्रिया सहज

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल सरकार वादी हुने फौजदारी मुद्दा अन्तर्गत रहेका ठगी तथा जालसाजीमा पीडित र प्रतिवादीबीच मिलापत्र गर्ने प्रक्रियालाई व्यवस्थित र सहज बनाउन महान्यायाधिवक्ता कार्यालयले 'नेपाल सरकार वादी हुने फौजदारी मुद्दा मिलापत्र गर्न आदेश दिनेसम्बन्धी मापदण्ड, २०८३' जारी गरेको छ।

मापदण्डले कानुनबमोजिम मिलापत्र गर्न सकिने व्यक्तिगत प्रकृतिका फौजदारी मुद्दामा पीडित र प्रतिवादीको सहमतिका आधारमा मुद्दाको प्रक्रिया टुंग्याउन सकिने व्यवस्था गरेको छ । मापदण्ड अनुसार मिलापत्र गर्न मिल्ने प्रकृतिका मुद्दामा पीडित र प्रतिवादीले संयुक्त निवेदन दिनुपर्नेछ । अदालतमा विचाराधीन मुद्दा, पुनरावेदनको अवस्थामा रहेको मुद्दा तथा फैसला कार्यान्वयनको चरणमा पुगेका मुद्दामा समेत सम्बन्धित अवस्थाअनुसार आवश्यक कागजात र प्रमाण संलग्न गरी मिलापत्रको प्रक्रिया अघि बढाउन सकिने व्यवस्था गरिएको छ।

यसका लागि पीडित र प्रतिवादीको पहिचान खुल्ने आधिकारिक कागजात, मिलापत्रका शर्त तथा बिगो, हर्जाना वा अन्य रकमसम्बन्धी विवरण स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्नेछ। मापदण्डले कानुनले मिलापत्र गर्न मिल्ने व्यक्तिगत प्रकृतिका विभिन्न फौजदारी मुद्दालाई समेटेको छ।

ठगी, निश्चित प्रकृतिका आगजनी, चेक अनादर, अनुचित लेनदेन, वैदेशिक रोजगारसम्बन्धी कसुर, श्रमसम्बन्धी कसुर तथा आपराधिक उपद्रवजस्ता मुद्दामा कानुनी अवस्था पूरा भएमा मिलापत्रको प्रक्रिया अघि बढाउन सकिने व्यवस्था छ तर जघन्य तथा गम्भीर प्रकृतिका फौजदारी अपराधमा भने मिलापत्र गर्न सकिने छैन।

मिलापत्रका क्रममा पीडितले पाउने बिगो, हर्जाना वा अन्य रकमको विषयमा समेत मापदण्डले स्पष्ट व्यवस्था गरेको छ। पीडितले पूर्ण रकम लिन, आंशिक रकममा सहमत हुन वा कानुनले अनुमति दिएको अवस्थामा दाबी छाड्न सक्ने व्यवस्था गरिएको छ। एकभन्दा बढी प्रतिवादी भएको मुद्दामा सबै प्रतिवादीसँग एकैपटक मिलापत्र हुन नसके पनि सहमत भएका प्रतिवादीको हकमा आंशिक मिलापत्र गर्न सकिने व्यवस्था छ।

कुनै प्रतिवादी फरार रहेको वा मुद्दाको प्रक्रियामा सहभागी नभएको अवस्थामा समेत निश्चित कानुनी प्रक्रिया पूरा गरी त्यस्तो प्रतिवादीको हकमा रहेको बिगो वा दाबीसम्बन्धी विषयमा पीडितले स्पष्ट सहमति जनाएमा मिलापत्रको प्रक्रिया अघि बढाउन सकिने व्यवस्था गरिएको छ।

क्षतिपूर्ति तथा रकम भुक्तानीलाई प्रमाणित गर्ने विषयमा पनि मापदण्डले विशेष व्यवस्था गरेको छ । पीडितलाई बुझाउनुपर्ने पाँच लाख रुपैयाँसम्मको बिगो, हर्जाना वा अन्य रकम नगद बुझाएको भरपाई वा सम्बन्धित कागजातबाट प्रमाणित गर्न सकिनेछ।




पाँच लाख रुपैयाँभन्दा बढी रकम भुक्तानी भएको अवस्थामा भने बैंकिङ प्रणालीमार्फत रकम बुझाएको देखिने बैंक भौचर, बैंक स्टेटमेन्ट, रसिदलगायतका प्रमाण संलग्न गर्नुपर्नेछ। रकमको सट्टा पीडितलाई जग्गा वा अन्य सम्पत्ति दिने गरी समेत मिलापत्र गर्न सकिने व्यवस्था गरिएको छ। त्यस्तै, अदालतको आदेशअनुसार धरौटीमा रहेको रकमबाटै पीडितलाई बिगो, हर्जाना वा अन्य रकम बुझाउने शर्तमा पनि मिलापत्र गर्न सकिनेछ।

मिलापत्र प्रक्रियामा पीडित वा प्रतिवादी स्वयं उपस्थित हुन नसक्ने अवस्थालाई समेत मापदण्डले समेटेको छ । विदेशमा रहेको, बिरामी वा अशक्त भएको लगायतका कारण पक्ष उपस्थित हुन नसकेमा आवश्यक प्रमाणसहित नजिकको नातेदारलाई मञ्जुरीनामा दिएको अवस्थामा प्रक्रिया अघि बढाउन सकिनेछ। एकभन्दा बढी पीडित भएको मुद्दामा केही पीडित सम्पर्कमा नआए पनि उपस्थित पीडितले निवेदन दिएको र कानुनी संरक्षक वा परिवारका सदस्यबाट आवश्यक प्रक्रिया पूरा भएको अवस्थामा मिलापत्र अघि बढाउन सकिने व्यवस्था गरिएको छ।

मिलापत्र गराउँदा पीडितलाई त्यसको कानुनी अर्थ र परिणामबारे जानकारी गराउनुपर्नेछ। अभियोगपत्र वा फैसलामा कायम भएको बिगो, हर्जाना वा अन्य रकमको दाबी छाड्दा त्यसबाट पर्ने असर, मिलापत्रको अवस्था र आगामी प्रक्रियाबारे सरकारी वकिलले पीडितलाई जानकारी गराउनुपर्ने व्यवस्था छ। पीडितले दाबी छाडेको निर्णय स्वतन्त्र रूपमा गरेको हो वा कुनै अनुचित प्रभाव, करकाप वा झुक्यानमा परेर गरेको हो भन्ने विषयमा समेत सरकारी वकिलले आवश्यक सोधपुछ गर्न सक्नेछन्।

मिलापत्र प्रक्रिया अघि बढाउनुअघि पीडित र प्रतिवादीको पहिचान सरकारी कागजातका आधारमा रुजु गरी सरकारी वकिलले सनाखत गर्नुपर्नेछ। मिलापत्रको संयुक्त निवेदनमा पक्षहरूको हस्ताक्षर तथा सहीछाप, मिलापत्रका शर्त र रकमसम्बन्धी विवरण स्पष्ट हुनुपर्नेछ। कम्पनी, सहकारी वा अन्य कानुनी व्यक्ति संलग्न मुद्दामा भने कर चुक्ता प्रमाणपत्र, सञ्चालक तथा शेयरसम्बन्धी विवरण, सम्बन्धित नियामक निकायको कागजात तथा सञ्चालक समितिको निर्णयलगायत थप प्रमाण आवश्यक पर्ने व्यवस्था गरिएको छ।

मापदण्डले मिलापत्रको आदेश दिने प्रक्रियालाई समेत समयबद्ध गरेको छ । मिलापत्रको निवेदन सनाखत भएको मितिले सामान्यतः तीन दिनभित्र मिलापत्रसम्बन्धी आदेश दिने वा नदिने निर्णय गर्नुपर्ने व्यवस्था छ। मिलापत्रको आदेश भए वा नभएको जानकारी सम्बन्धित निवेदकलाई दिनुपर्ने र त्यसको निस्सा मुद्दाको मिसिलमा राख्नुपर्ने व्यवस्था पनि गरिएको छ।

यसैगरी, मिलापत्र हुन सक्ने प्रकृतिको मुद्दामा प्रतिवादीको पुनरावेदन वा निवेदन परेको तर प्रत्यक्ष झिकाउने आदेश वा अनुमति नभएको अवस्थामा समेत कानुनले तोकेको प्रक्रिया अनुसार मिलापत्रसम्बन्धी काम अघि बढाउन सकिने मापदण्डमा उल्लेख छ। यसले मुद्दाको अन्तिम टुंगोका लागि पक्षहरूबीच भएको सहमतिलाई कानुनी प्रक्रियाभित्र ल्याउने बाटो खुला गरेको छ।

महान्यायाधिवक्ता कार्यालयको नयाँ मापदण्डले मूलतः मिलापत्र गर्न मिल्ने सरकारीवादी फौजदारी मुद्दालाई लामो समयसम्म अदालतमा अल्झिरहन नदिई पीडितको क्षतिपूर्ति र पक्षहरूको सहमतिलाई कानुनी प्रक्रियाबाट सम्बोधन गर्ने व्यवस्था स्पष्ट गरेको छ।


यसबाट मिलापत्रयोग्य मुद्दामा तारिख धाउने, कानुनी खर्च व्यहोर्ने तथा लामो अदालती प्रक्रियामा लाग्ने समय र झन्झट कम हुने अपेक्षा गरिएको छ तर मापदण्डले मिलापत्रको सुविधा कानुनले अनुमति दिएका मुद्दामा मात्र सीमित गर्दै गम्भीर तथा जघन्य अपराधलाई यसको दायराभन्दा बाहिर राखेको छ।

# नारायणी नदीमा पानीको सतहत खतरा नजिक

**टुडे समाचारदाता**

नवलपुर । पूर्वी नवलपरासी हुँदै बग्ने नारायणी नदीमा पानीको सतह बढदै खतराको तह नजिक पुगेको बताइएको छ। देवघाटस्थित जलमापन केन्द्रका अनुसार शनिबार दिउँसो ३ बजे नदीमा पानीको सतह ८ दशमलव ९८ मिटर पुगेको हो।

देवघाटमा नारायणी नदीको पानीको सतह ९ मिटर पुगेपछि खतराको तह मानिन्छ । केन्द्रका अनुसार नदीमा पानीको सतह निरन्तर बढिरहेको छ। ७ दशमलव ३ मिटर पुगेपछि चेतावनीको तह मानिने नदीले शुक्रबार राति नै उक्त तह पार गरेको थियो।




नदीमा पानीको बहाव बढ्दै गएपछि तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सार्न थालिएको नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का प्रमुख जिल्ला अधिकारी (सिडिओ) जगदीश्वर उपाध्यायले जानकारी दिएका छन् । उनका अनुसार बाढीको जोखिममा रहेका नागरिकलाई सुरक्षित स्थानमा सार्ने, नदी किनारमा नजान आग्रह गर्दै माइकिङ गर्ने लगायतका काम भइरहेको छ।

नारायणी नदीको बाढीबाट गैँडाकोट, देवचुली, कावासोती, मध्यविन्दु नगरपालिका तथा विनयी त्रिवेणी गाउँपालिका जोखिममा रहेका छन् । यस्तै, बौदिकाली र बुलिङटार गाउँपालिका कालीगण्डकी नदीको बाढी तथा पहिरोको जोखिममा रहेका छन्।

सिडिओ उपाध्यायका अनुसार बाढी तथा पहिरोबाट प्रभावितको उद्धार र राहतका लागि जिल्लाका सुरक्षा निकायलाई 'हाई अलर्ट'मा राखिएको छ। विपद्बाट हुन सक्ने क्षति न्यूनीकरणका लागि आवश्यक तयारी गरिएको र घटना भए तत्काल उद्धार तथा राहतमा परिचालन हुने गरी सुरक्षा संयन्त्रलाई सतर्क अवस्थामा राखिएको उनले बताए।

नारायणी नदीमा पानीको बहाव चेतावनीको तह पार गरेपछि नवलपुरको त्रिवेणीस्थित गण्डक ब्यारेजका ३६ वटै ढोका खोलिएका छन् । इलाका प्रहरी कार्यालय त्रिवेणीका प्रमुख प्रहरी वरिष्ठ नायव निरीक्षक सुरेश पालका अनुसार ब्यारेजमा पानीको बहाव ३ लाख ४०० क्युसेक पुगेको छ । ब्यारेजमा पानीको बहाव ३ लाख क्युसेक पुगेपछि चेतावनीको तह मानिन्छ।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# संसारको ध्यानाकर्षण

संयुक्त राष्ट्र संघको ८१ औं महासभामा संसारकै कान्छा प्रधानमन्त्री बालेन्द्र साहले जलवायु परिवर्तनबाट नेपालले व्यहोर्नु परेको क्षतिप्रति विश्वकै ध्यानाकर्षण गराउन सफल भएका छन् । भौगोलिक रुपमा नेपाल केही मुलुकहरुको भन्दा सानो भए पनि सम्पदाको लागि संसारकै अधिकांश राष्ट्रहरुको भन्दा समृद्ध रहेको छ । नेपालको हिमालय, पहाड र तराई भू-भागको फरक फरक महत्व छ । संसारमा कार्बन उत्सर्ग गर्नेहरुको सूचीमा नेपाल सबैभन्दा तल होला । तर सर्वाधिक कार्बन उत्सर्ग गर्ने राष्ट्रहरुको तुलनामा वातावरणीय सन्तुलनलाई बनाउन नेपालको सर्वाधिक योगदान छ । प्रधानमन्त्रीले जुन युद्धमा नेपाल सहभागी छैन, त्यसको परिणाम नेपालले किन भोग्ने ? प्रश्न संसार सामु राखेका छन् । जलवायु परिवर्तनले विश्वलाई नै तहसनहस पार्न सक्ने जोखिम उच्च भइसकेको छ । संसारमा युद्धलाई नै प्राथमिकता दिने राष्ट्रहरुलाई गरिब किसानहरुलाई मलखाद उपलब्ध गराउन तर्फ ध्यान दिन प्रधानमन्त्री साहले आग्रह गरे । नेपालले गत महिना व्यहोरेको क्षतिको पीडालाई पनि प्रधानमन्त्रीले महासभामा राखे । अत्यन्त आवश्यक विषयलाई प्रभावकारी ढंगले प्रधानमन्त्री महासभामा राखे । उनले आफ्नो सम्बोधनको अन्त्यमा दुई महत्वपूर्ण सन्देश विश्वलाई दिए । प्रधानमन्त्रीले नेपालको राष्ट्रिय भगवान पशुपतिनाथले संसारको कल्याण गरुन् भन्ने सन्देश दिँदै उनले विश्वमा भगवान बुद्धले देखाएको शान्तिको मार्गमा हिड्न आग्रह गरे । नेपाल हिन्दू राष्ट्र अहिले छैन । तर त्यो हुन सक्ने संकेत प्रधानमन्त्री बालेन्द्रले भगवान पशुपतिनाथको स्मरण गर्दै सन्देश दिएका छन् । भगवान बुद्ध नेपालमा जन्मेका र विश्वमा शान्तिको सन्देश फैलाएको पनि उनले स्मरण गराए । प्रधानमन्त्री बालेन्द्र साहको भाषणलाई कतिपयले प्रस्तुति प्रभावकारी नभएको भन्दै आलोचना गरेका छन् । तर सबै राजनीतिक दलले उनको भाषणलाई प्रशंसा गरेका छन् । प्रधानमन्त्री साहले देशको आन्तरिक कुनै विषयलाई सभामा चर्चा गरेनन् । जलवायु परिवर्तनको विषयमा उनको भाषण केन्द्रित थियो । सबैको बुझाइ फरक भएकाले पनि आलोचना गर्ने र प्रशंसा गर्नेहरु स्वभाविक रुपमा हुन्छन् । संयुक्त राष्ट्र संघको महासभाका लागि प्रस्थान गरेदेखि नै विगतको भन्दा बिल्कुल फरक शैलीमा थिए । उनी प्रस्थान गर्ने क्रममा कुनै तामझाम, सलामी लगायतका कार्यहरु गरेनन् । कालो रंगको पहिरनमा रहेका शाहले कालो रंगकै एउटा झोला आफै बोकेका थिए । अमेरिकामा रहेका विभिन्न नेपाली संघसंस्थाहरुसित पनि उनले भेटघाट गर्नेमा चासो देखाएनन् । अमेरिकाको अत्यन्त छोटो भ्रमण गरी उनी स्वदेश फर्किसकेका छन् । विगतको कयौँ परम्परालाई उनले हटाएका छन् । त्यो अत्यन्त सकारात्मक हो । प्रधानमन्त्री बालेन्द्र साहले संयुक्त राष्ट्र संघको महासभामा नेपालले अनाहकमा भोग्नु परिरहेको समस्याबारे विश्वको ध्यानाकर्षण गराउन सफल भएका छन् । उनको यात्रालाई सफल मान्नु पर्छ ।

# पितृ तर्पण : वैदिक स्मृतिदेखि महालया र सोह्रश्राद्धसम्मको सनातन परम्परा



प्रेमचन्द्र झा

यस वर्ष असोज ११ देखि २४ गतेसम्म सोह्रश्राद्ध, असोज २४ गते महालया औँसी तथा पितृ विसर्जन

फोटो : नदीमा पितृ तर्पण गर्दै श्रद्धालु ।

राजदेवी नगरपालिकामा सोह्रश्राद्धको पहिलो दिन नदी तथा जलाशयका किनारमा पितृलाई तर्पण गर्ने श्रद्धालुको भीड देखिन्थ्यो। पुरुषहरू जलपात्र बोकेर नदीतर्फ जाने र कुश, तिल तथा जल अर्पण गर्दै पूर्वजको स्मरण गर्ने क्रम चलिरहेको थियो। तर त्यही भीडमा एउटा दृश्य केही फरक थियो।

पुरुषहरू तर्पण गरेर फर्किंदै गर्दा गीता देवी राउत बरै नदी किनारमा पुगिन्। हातमा जलपात्र थियो, मनमा आफ्ना दिवंगत माता-पिता, आमा-हजुरआमा र पूर्वजप्रतिको गहिरो सम्झना।

राजदेवी नगरपालिका-३, बसतपुर निवासी रामचन्द्र राउत बरैकी श्रीमती गीता देवीले प्रश्न गरिन्–"महिलाले तर्पण किन नगर्ने?"

उनी आफ्ना पूर्वजको नाममा तर्पण गर्न नदी किनार पुगेकी थिइन्। उनका लागि त्यो केवल एउटा धार्मिक कर्म थिएन, आफ्नो अस्तित्वको जरा सम्झने अवसर थियो। श्रीमान् बाहिर रहेको अवस्थामा आफूले सकेसम्म पूर्वजप्रतिको कर्तव्य पूरा गर्न चाहेको उनले बताइन्। पुरुषहरूले जस्तै आफूले पनि पितृपक्षभरि तर्पण गर्ने इच्छा व्यक्त गरिन्।

गीता देवीको त्यो उपस्थितिले एउटा धार्मिक कर्मकाण्डसँगै सामाजिक प्रश्न पनि उठाएको छ–पितृलाई सम्झने अधिकार, श्रद्धाको अभिव्यक्ति र बदलिँदो सामाजिक अभ्यासबीचको सम्बन्ध के हो?

यो प्रश्नको उत्तर सबै समुदाय, कुल, सम्प्रदाय र गृह्यपरम्पराका लागि एउटै हुन सक्दैन। पितृकर्मका विधिमा क्षेत्र, कुलाचार, शाखा र परम्पराअनुसार भिन्नता पाइन्छ। तर गीता देवीको हातबाट अर्पण भएको जलले एउटा सार्वभौम भावलाई भने अभिव्यक्त गर्छ–पूर्वजप्रतिको स्मरण र कृतज्ञता।

मानिसको जीवन वर्तमानमा मात्र अडिएको हुँदैन। उसको अस्तित्व पछाडि एउटा लामो वंशयात्रा हुन्छ–आमा-बुबा, बाजे-बज्यै, परबाजे-परबज्यै हुँदै पुस्तौँ पुस्तासम्म फैलिएको। हामीले बोल्ने भाषा, सिकेको संस्कार, अपनाएको संस्कृति, पाएको नाम, घर-परिवार, परम्परा र जीवनका धेरै आधार कुनै न कुनै रूपमा अघिल्ला पुस्ताबाट प्राप्त भएका हुन्छन्।

त्यसैले सनातन चिन्तनमा मानिसलाई केवल वर्तमान पुस्ताको सदस्यका रूपमा होइन, अतीत र भविष्यबीचको एउटा सेतुका रूपमा हेरिएको पाइन्छ।

यही वंशीय स्मृति, कृतज्ञता र पितृऋणको धार्मिक अभिव्यक्ति हो–पितृ तर्पण।

### जलको अञ्जलीमा कृतज्ञताको इतिहास

पितृ तर्पण हिन्दू धर्म-संस्कृतिको अत्यन्त प्राचीन परम्परा हो। जल, तिल, कुश र मन्त्रद्वारा दिवंगत पितृहरूको स्मरण गर्दै गरिने तर्पणमा केवल कर्मकाण्ड छैन; यसभित्र स्मृति छ, श्रद्धा छ, कृतज्ञता छ र आफूभन्दा अघिका पुस्ताप्रतिको दायित्वबोध छ।

वैदिक साहित्यमा पितृयज्ञको अवधारणादेखि गृह्यसूत्र, धर्मसूत्र, स्मृति, महाभारत र पुराणसम्म पितृकर्मको निरन्तरता देखिन्छ। त्यसैले पितृ तर्पणलाई कुनै एउटा कालखण्डमा जन्मिएको कर्मकाण्डका रूपमा मात्र बुझ्नु यसको ऐतिहासिक र सांस्कृतिक गहिराइलाई सीमित गर्नु हुनेछ।

'तर्पण' शब्द संस्कृतको 'तृप्' धातुसँग सम्बन्धित मानिन्छ। यसको भाव तृप्त पार्नु, सन्तुष्ट गर्नु वा प्रसन्न पार्नु हो। श्रद्धापूर्वक जल, तिल आदि अर्पण गर्दै 'तृप्यताम्'–तृप्त हुनुहोस्–भन्ने भाव व्यक्त गरिने कर्मलाई पितृ तर्पण भनिन्छ।

यसको भौतिक अर्थ जल अर्पण गर्नु भए पनि आध्यात्मिक अर्थ अझ गहिरो छ। यसको मूल भाव हो–"हामी आफ्नो अस्तित्वको स्रोतलाई सम्झिरहेका छौँ।"

### देवऋण, ऋषिऋण र पितृऋण

सनातन धार्मिक चिन्तनमा मानिसमाथि विभिन्न प्रकारका ऋण वा दायित्वको अवधारणा पाइन्छ। देवताप्रति यज्ञ-उपासना, ऋषिप्रति ज्ञान र संस्कारको संरक्षण तथा पितृप्रति वंश, स्मृति, श्राद्ध र तर्पणलाई दायित्व निर्वाहका रूपमा बुझ्ने परम्परा विकसित भएको छ।

तैत्तिरीय उपनिषद्को प्रसिद्ध वचन छ–

- मातृदेवो भव।
- पितृदेवो भव।
- आचार्यदेवो भव।
- अतिथिदेवो भव।।

अर्थात्–आमालाई देवतासमान मान, बाबुलाई देवतासमान मान, आचार्यलाई देवतासमान मान र अतिथिलाई देवतासमान मान।

यो वचनले एउटा महत्वपूर्ण पक्ष देखाउँछ–पितृसम्मान मृत्यु भएपछि मात्र सुरु हुने विषय होइन। जीवित माता-पिताको सम्मान, सेवा र संरक्षण पनि पितृऋणको व्यापक भावभित्र पर्छ।

त्यसैले पितृकर्मको वास्तविक अर्थ बुझ्दा दुईवटा पक्ष सँगसँगै आउँछन्–दिवंगत पितृको स्मरण र जीवित पितृको सम्मान।

### श्राद्धमा श्रद्धाको स्थान

पितृकर्ममा 'श्रद्धा'लाई प्रधानता दिइन्छ। श्रद्धासहित गरिने कर्मलाई नै श्राद्ध भनिएको धार्मिक व्याख्या पाइन्छ।

धर्मशास्त्रीय परम्पराले श्राद्धका लागि अपराह्नकाललाई विशेष महत्व दिएको छ। मनुस्मृतिमा भनिएको छ–

- यथा पक्षोऽपरः श्रेष्ठः श्राद्धस्य च तथापरः।
- अपराह्णस्तु यः प्रोक्तः पितृणां तु स उच्यते।।

यसको भाव श्राद्धकर्मका लागि अपराह्नकाललाई विशेष उपयुक्त मानिएको छ भन्ने हो।

त्यही सन्दर्भमा अर्को श्लोकमा भनिएको छ–

- यदेव तर्पयत्यद्भिः पितकरुन् स्नात्वा द्विजोत्तमः ।
- तेनैव कृत्स्नमाप्नोति पितृयज्ञक्रियाफलम् ।।

अर्थात् स्नान गरेर जलद्वारा पितृलाई तर्पण गर्ने कर्मलाई पनि पितृयज्ञको महत्वपूर्ण फलसँग जोडिएको छ।

तर यहाँ एउटा कुरा बुझ्न आवश्यक छ।



शास्त्रीय निर्देशको सामान्य सिद्धान्त र स्थानीय कर्मकाण्डको व्यवहारिक समय एउटै कुरा होइन। तिथि प्रवेश, समाप्ति, सूर्योदय-सूर्यास्त, स्थानविशेषको पञ्चाङ्ग र कुलाचारअनुसार वास्तविक श्राद्ध वा तर्पणको समय फरक पर्न सक्छ। त्यसैले अपराह्नकाललाई धर्मशास्त्रीय महत्व दिइएको भए पनि हरेक ठाउँमा एउटै घडीलाई अनिवार्य समय मान्नु उचित हुँदैन।

### पिता, पितामह र प्रपितामह

पितृकर्ममा पिता, पितामह र प्रपितामहलाई विशेष स्थान दिइएको पाइन्छ। मनुस्मृतिमा भनिएको छ–

- वसून् वदन्ति तु पितकरुन् रुद्रांश्चैव पितामहान् ।
- प्रपितामहांस्तथादित्यान् श्रुतिरेषा सनातनी ।।

धार्मिक व्याख्यामा पिता वसुस्वरूप, पितामह रुद्रस्वरूप र प्रपितामह आदित्यस्वरूप मानिने परम्परा छ।

यसै कारण पितृकर्ममा तीन पुस्तालाई विशेष स्थान दिइन्छ। तर यसको अर्थ पितृकर्म केवल तीन पुस्तामा सीमित हुन्छ भन्ने होइन। विभिन्न कुलपरम्परा र श्राद्धविधिमा माता, मातामह, मातामही तथा अन्य ज्ञात-अज्ञात दिवंगत आफन्तको स्मरण पनि गरिन्छ।

पितृ भनेको केवल पुरुष पूर्वजको संकुचित अर्थमा बुझ्नु हुँदैन। जसले जीवन, संस्कार, परिवार र परम्पराको निरन्तरतामा योगदान गरे, उनीहरू सबैको स्मृति पितृकर्मको व्यापक भावसँग जोडिन सक्छ।

### वैदिक कालमा पितृयज्ञ

पितृहरूको स्मरण वैदिक धार्मिक परम्पराको पुरानो तहसम्म पुग्छ। ऋग्वेदमा पितृहरूलाई सम्बोधन गरिएका मन्त्र तथा सूक्तहरू पाइन्छन्। पितृहरूलाई आह्वान, हविष्य र सोमसँग सम्बन्धित धार्मिक कल्पनासँग जोडिएको देखिन्छ।

पितृहरूलाई सम्बोधन गरिएको एउटा वैदिक मन्त्र यस्तो छ–

- उशन्तस्त्वा निधीमहि
- उशन्तः समिधीमहि।
- उशन्त आ वहा वह
- पितकरुन् हविषे अत्तवे।।

वैदिक मन्त्रपरम्परामा पितृहरूको आह्वान र हविष्य अर्पणको धार्मिक भाव देखिन्छ। यसले पूर्वजप्रतिको श्रद्धा पुराणकालमा मात्र विकसित भएको नभई वैदिक धार्मिक जीवनको पुरानो तहसँग सम्बन्धित रहेको देखाउँछ।

समयसँगै पितृयज्ञको स्वरूप विस्तार हुँदै गयो। गृह्यसूत्र र धर्मसूत्रले श्राद्ध तथा पितृकर्मका विधिलाई व्यवस्थित गरे। स्मृतिग्रन्थहरूले तिथि, आचार, दिशा, भोजन, दान र तर्पणका विषयमा नियम प्रस्तुत गरे। महाभारत र पुराणहरूले त्यसमा आख्यान र धार्मिक अर्थ थपे।

यसरी आजको पितृकर्म हजारौँ वर्षमा विकसित हुँदै आएको सनातन परम्पराको वर्तमान रूप हो।

### निमि ऋषि र श्राद्धको कथा

महाभारतको अनुशासन पर्वमा श्राद्धको उत्पत्तिसँग सम्बन्धित निमि ऋषिको कथा उल्लेखनीय छ।

युधिष्ठिरले भीष्मसँग श्राद्धको उत्पत्ति, यसको विधि र महत्वबारे प्रश्न गर्दा भीष्मले निमिको प्रसंग सुनाउँछन्। आफ्ना पुत्र श्रीमतको निधनपछि शोकाकुल निमिले पुत्रको सम्झनामा अन्न, फलफूल आदिको व्यवस्था गरी पितृकर्म गरे। त्यसपछि ऋषिहरूले पनि पितृका लागि श्राद्ध गर्न थालेको धार्मिक आख्यान महाभारतमा पाइन्छ।

यस कथाको धार्मिक अर्थ गहिरो छ।

मृत्युले जन्माएको शोकलाई केवल विलापमा सीमित नगरी स्मृति, श्रद्धा, अर्पण र कर्तव्यमा रूपान्तरण गर्नु नै श्राद्धको सांस्कृतिक मर्मका रूपमा बुझ्न सकिन्छ।

मानिसको दुःखलाई संस्कारमा रूपान्तरण गर्ने एउटा माध्यम बनेको छ–श्राद्ध।

### कर्णको कथा र पितृदायित्व

पितृपक्षसँग जोडिएको अर्को लोकप्रिय धार्मिक कथा कर्णसँग सम्बन्धित छ।

दानवीर कर्णले जीवनभर सुन, चाँदी, गहना तथा अन्य वस्तु दान गरे। तर पितृका लागि अन्न-जल अर्पण नगरेको कथात्मक प्रसंग पुराण तथा लोकपरम्परामा पाइन्छ। मृत्युपछि पितृलोकमा त्यसैको परिणाम भोग्नुपरेको र उनलाई पृथ्वीमा फर्केर पितृका लागि श्राद्ध गर्ने अवसर दिइएको कथा प्रचलित छ।

यसलाई ऐतिहासिक तथ्यका रूपमा भन्दा पितृकर्मको महत्व बुझाउने धार्मिक-प्रतीकात्मक आख्यानका रूपमा बुझ्नु उपयुक्त हुन्छ।

यस कथाको सन्देश स्पष्ट छ–समाजलाई दान गर्नु, परोपकार गर्नु र सार्वजनिक जीवनमा योगदान गर्नु महत्वपूर्ण भए पनि आफ्नो परिवार र पूर्वजप्रतिको स्मृति तथा दायित्व बिर्सनु हुँदैन।

### जल, तिल र कुश

पितृ तर्पणमा जलको स्थान विशेष छ। जल जीवनको आधार हो। सनातन संस्कारमा जललाई शुद्धता, जीवन र पवित्रताको प्रतीकका रूपमा लिइन्छ।

स्नान, आचमन, अभिषेक, अर्घ्य र तर्पण–यी सबैमा जलको महत्वपूर्ण स्थान छ।

तिल पनि पितृकर्मको महत्वपूर्ण द्रव्य हो। तिल मिसाइएको जललाई तिलोदक भनिन्छ। कुश वैदिक कर्मकाण्डमा पवित्र वनस्पतिका रूपमा प्रयोग हुन्छ।

यसैले नदी किनारमा उभिएर हातमा कुश, जलमा तिल र मुखमा मन्त्र उच्चारण गर्दै गरिएको तर्पण बाहिरबाट सरल देखिए पनि त्यसको पछाडि लामो धार्मिक इतिहास छ।

पितृकर्ममा 'स्वधा' शब्दको विशेष महत्व छ। देवताका लागि अर्पण गर्दा 'स्वाहा' प्रयोग हुने परम्पराको तुलनामा पितृकर्ममा 'स्वधा' विशेष रूपमा प्रयोग हुन्छ।

सामान्य पितृस्मरण मन्त्र–

- ॐ पितृभ्यः स्वधा नमः।
- ॐ पितामहेभ्यः स्वधा नमः।
- ॐ प्रपितामहेभ्यः स्वधा नमः।

त्यस्तै–

- देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च।
- नमः स्वधायै स्वाहायै नित्यमेव नमो नमः।।

यी मन्त्रहरूले पितृ, देवता र स्वधा-स्वाहाप्रतिको श्रद्धाभाव व्यक्त गर्छन्।

### तर्पण र श्राद्ध एउटै होइन

पितृकर्मबारे धेरैपटक एउटा भ्रम देखिन्छ–तर्पण र श्राद्धलाई एउटै मान्ने।

यी दुवै पितृकर्मसँग सम्बन्धित भए पनि एउटै होइनन्।

श्राद्ध व्यापक कर्म हो। त्यसमा संकल्प, पितृआवाहन, पिण्डदान, तर्पण, ब्राह्मण सत्कार, भोजन, दक्षिणा तथा अन्य कर्म समावेश हुन सक्छन्।

तर्पण भने मुख्यतः जल तथा तिलजस्ता द्रव्यद्वारा पितृलाई अर्पण गर्ने कर्म हो।

अर्थात् कुनै श्राद्धमा तर्पण एउटा अंग हुन सक्छ, तर हरेक तर्पणलाई पूर्ण श्राद्ध भन्न मिल्दैन।

यही भिन्नता बुझ्नु पितृकर्मको विधि बुझ्न महत्वपूर्ण छ।

### पार्वण श्राद्ध के हो?

विशेष पर्व, तिथि वा पितृसम्बन्धी अवसरमा गरिने श्राद्धलाई पार्वण श्राद्ध भनिन्छ। पितृपक्षमा दिवंगत पितृको मृत्यु भएको तिथिमा श्राद्ध गर्ने परम्परा छ।

त्यस दिन संकल्प, पितृस्मरण, पिण्डदान, तर्पण, भोजन, दान तथा दक्षिणाजस्ता कर्म कुलपरम्पराअनुसार गरिन्छ।

यसकारण पितृपक्षलाई 'सबैले सोह्रै दिन एउटै प्रकारको श्राद्ध अनिवार्य रूपमा गर्नुपर्ने अवधि' भनेर बुझ्नु ठीक हुँदैन।

पितृको मृत्यु तिथि थाहा भए मुख्य श्राद्ध सोही तिथिमा गर्ने परम्परा हो। तिथि थाहा नभएको, छुटेको वा विशेष परिस्थितिमा सर्वपितृ अमावस्यालाई महत्वपूर्ण अवसर मानिन्छ।

### यस वर्षको सोह्रश्राद्ध

वि.सं. २०८३ सालमा पूर्णिमा श्राद्ध असोज १० गते परेको छ। त्यसपछि असोज ११ गतेदेखि आश्विन कृष्ण प्रतिपदासँगै पितृपक्षको मुख्य क्रम अघि बढ्छ।

यस वर्षको तिथिक्रमलाई स्पष्ट रूपमा राख्दा–

| मिति | तिथि | श्राद्ध |
|---|---|---|
| असोज १० | पूर्णिमा | पूर्णिमा श्राद्ध |
| असोज ११ | प्रतिपदा | प्रतिपदा श्राद्ध |
| असोज १२ | द्वितीया | द्वितीया श्राद्ध |
| असोज १३ | तृतीया | तृतीया श्राद्ध |
| असोज १४ | चतुर्थी | चतुर्थी श्राद्ध |
| असोज १५ | पञ्चमी | पञ्चमी श्राद्ध |
| असोज १६ | षष्ठी | षष्ठी श्राद्ध |
| असोज १७ | सप्तमी | सप्तमी श्राद्ध |
| असोज १८ | अष्टमी | अष्टमी श्राद्ध |
| असोज १९ | नवमी | नवमी/मातृनवमी |
| असोज २० | दशमी | दशमी श्राद्ध |
| असोज २१ | एकादशी | एकादशी श्राद्ध |
| असोज २२ | द्वादशी | द्वादशी/मघा श्राद्ध |
| असोज २३ | त्रयोदशी/चतुर्दशी क्रम सम्बन्धित तिथि श्राद्ध | |
| असोज २४ | औँसी | सर्वपितृ अमावस्या तथा पितृ विसर्जन |

तिथिको व्यवहारिक निर्धारणमा स्थानीय पञ्चाङ्ग र तिथि प्रवेश-समाप्तिको गणना महत्वपूर्ण हुने भएकाले कर्मकाण्डको वास्तविक समयका लागि आफ्नो क्षेत्रको मान्य पञ्चाङ्ग तथा कुलाचारलाई आधार मान्नु उपयुक्त हुन्छ।

यहाँ एउटा कुरा स्पष्ट हुनुपर्छ–षष्ठी दोहोरिँदैन। असोज १६ गते नै षष्ठी श्राद्ध हो। चतुर्थी असोज १४ गते, पञ्चमी असोज १५ गते र षष्ठी असोज १६ गते क्रमशः आउँछन्।

पूर्णिमा श्राद्धलाई समेत गणनामा राखेर 'सोह्रश्राद्ध'को परम्परा बुझिन्छ। मुख्य पितृपक्ष भने प्रतिपदादेखि अमावस्यासम्मको कृष्णपक्षसँग सम्बन्धित हुन्छ।

# नेपालको "भिक्टिम कार्ड" मात्र होइन प्रधानमन्त्रीको सम्बोधन



एकराज पाठक

प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभामा नेपालले नगण्य मात्रामा कार्बन उत्सर्जन गरे तापनि जलवायु परिवर्तनको सबैभन्दा नराम्रो परिणाम नेपालले नै भोग्नुपर्ने अवस्था विडम्बनापूर्ण रहेको बताउनुभएको छ । यसकारण नेपालले जलवायु न्याय पाउनुपर्ने दाबी पेस गर्दै जलवायु न्याय केवल राष्ट्रसङ्घको दस्ताबेजमा सजाएर राख्ने सुन्दर शब्दावली मात्र बन्न नहुने तर्क प्रधानमन्त्रीले गर्नुभयो ।

ऐतिहासिक रूपमा बढी प्रदूषण गर्ने राष्ट्रहरूले अब बढी जिम्मेवारी लिनुपर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "जलवायु न्याय संयुक्त राष्ट्रसङ्घको दस्ताबेजमा मात्र सीमित एउटा सुन्दर वाक्यांश बन्नुहुँदैन । हाम्रा नागरिकले निरन्तर आफ्नो विगतको पुनर्निर्माण गरिरहनुको सट्टा अब आफ्नो भविष्य निर्माण गर्न पाउनुपर्छ । त्यसैले हामीले न्याय पाउनुपर्छ ।"

प्रधानमन्त्री शाहले नेपाल जलवायु परिवर्तनसम्बन्धी सबै पक्षले आ-आफ्ना दायित्व पूरा गरून् भन्ने पक्षमा रहेको पनि बताउनुभयो । उहाँले जलवायुजन्य विपद्लाई भूराजनीतिक आरोप-प्रत्यारोपको विषय बनाउन नहुनेमा समेत जोड दिनुभयो । नेपालमा पछिल्ला विपद्का कारण भएको क्षतिको जानकारी दिँदै उहाँले हिमालय क्षेत्रलाई तनावको क्षेत्र नभई जलवायुजन्य जोखिमबाट हुने क्षति न्यूनीकरणका लागि साझा प्रयोगशाला बनाउनुपर्नेमा जोड दिनुभयो ।

सम्बोधनकै क्रममा प्रधानमन्त्रीले 'हिमालयन क्लाइमेट रेजिलियन्स मेकानिज्म' स्थापना गर्न प्रस्ताव गर्नुभएको छ । नेपाल, भारत र चीनको नेतृत्वमा 'हिमालयन क्लाइमेट रेजिलियन्स् मेकानिज्म' स्थापना गर्नुपर्ने उहाँको तर्क थियो ।

हिन्दुकुश हिमालय क्षेत्र करिब दुई अरब मानिसको पानी, पारिस्थितिक प्रणाली, कृषि र जीविकोपार्जनसँग जोडिएको र यो क्षेत्र नै पृथ्वीको जीवन प्रणालीको महत्वपूर्ण हिस्सा भएकाले यसको संरक्षणका लागि यस्तो संयन्त्र आवश्यक रहेको उहाँको तर्क थियो । प्रस्तावित संयन्त्रमार्फत स्याटेलाइट तथ्याङ्क र विशेषज्ञता आदानप्रदान गर्ने, जोखिमयुक्त हिमतालको निगरानी गर्ने, संयुक्त पूर्वसूचना प्रणाली बलियो बनाउने तथा विपद्का समयमा सीमापार सहायता समन्वय गर्ने प्रस्ताव उहाँले अघि सार्नुभएको छ । हिमालयलाई खण्डित सूचनाको सीमारेखा नभई अन्तरराष्ट्रिय सहकार्यको प्रयोगशाला बनाउनुपर्ने जस्तो महत्वपूर्ण विचार उहाँले राख्नुभयो ।

जलवायु सङ्कटबाट प्रभावित गरिब मुलुकलाई केवल ऋण वा साना अनुदानको टुक्रे व्यवस्थाले पुग्न नसक्ने भन्दै विश्वबाट पर्याप्त अनुदानमा आधारित सहयोग आवश्यक रहेको र यसका लागि हाल विश्वमा विद्यमान रहेका वित्तीय संयन्त्रहरु पर्याप्त नभएको तर्क पनि गर्नुभयो ।

हुन पनि हो, प्रकृतिको पर्खाल हुँदैन, विपत्तिलाई बारले छेक्दैन । प्रधानमन्त्रीले भन्नुभएजस्तै जलवायु परिवर्तनले सीमा चिन्दैन, हिमनदी र बाढीले पासपोर्टमा भिसा लगाएर यात्रा गर्दैनन् । यसको पछिल्लो उदाहरण भोटेकोशी बाढीलाई लिँदा गल्ती हुँदैन । किनभने चीनतर्फबाट आएको हिमाली सुनामीसरहको बाढीले यसरी बढार्‍यो कि त्यहाँ भूगोलले छुट्याएको चीन नेपाल सीमाको कुनै कुरै आएन । विपत्तिले क्षति दुवैतर्फ नै गर्‍यो । नेपालतिरको भूगोल गहिरो भएकाले पानी तलै बग्यो र हामीलाई धेरै हान्यो, त्यो अस्वभाविक होइन ।

यो प्रसङ्ग यहाँ प्रस्तुत गर्न किन आवश्यक छ भने हामी कार्बन उत्सर्जनमा निकै कम योगदान भएका राष्ट्र हौं तर हामी नै प्रकृतिको बढी कोपभाजन बन्न पुगेका छौं । कार्बन उत्सर्जनमा हाम्रो योगदान नगण्य छ भने हाम्रा उत्तरी र दक्षिणी छिमेकीको विश्वकै सबैभन्दा बढी हरित गृह ग्यास तथा कार्बन उत्सर्जनको गणनामा आउने गर्दछ ।

हाम्रा छिमेकीको यो प्रतिशत विश्वकै गणनाको भएकाले यो हेरेपछि एउटा सामान्य र सीधा हिसाब के निकाल्न सकिन्छ भने हाम्रा छिमेकी पनि नेपालको असरबाट धेरै टाढा छैनन्, बरु जोखिममै जोडिएका छन् । अर्थात् प्राकृतिक विपत्तिबाट धेरै सुरक्षित तथा निकै पर चाहिँ छैनन् ।

प्राकृतिक विपत्ति सिमाना छुट्याएर आउँदैन र विनाशका लागि यसले भूगोल छान्दैन भन्ने उदाहरण यसअघि खुलाइएको छ भोटेकोशी बाढीको । यसको उदाहरण प्रधानमन्त्री शाहले नै प्रस्तुत पनि गर्नुभयो । किनभने त्यो महाविनाशले पहिला चीनतर्फको भूगोलमा क्षति पौँचाएरै नेपाल प्रवेश गरेको छ । नेपाल गहिरो भूगोलको बनोटमा परेकाले हामीकहाँ महाविनाश गर्‍यो, बाढी ओरालो बगेकाले क्षति हामीलाई बढी भयो ।

अर्कातर्फ यो महाविनाशमा भारतीय नागरिक पनि परेका छन् । सिमानाले छुट्याए पनि आखिर धार्मिक, प्राकृतिक र अरु साहसिक पर्यटक त एउटै आँगनसरि हिँडडुल र यात्रा गर्न रुचाउँछन् । यो विपत्तिका समयमा गोसाइँकुण्ड जाने भारतीय पनि थिए र सदगुरुको अगुवाइको सहितका कैयौं टोली चीनको मानसरोबर यात्रामा जाने भारतीय तथा नेपाली पनि थिए ।

त्यसबेला महाविनाशले हान्दै गर्दा भूगोल र नागरिक चिन्ने कुरा पनि भएन । विपत्ति सबैका लागि बराबर हो, सान्त्वना र सहानूभूति पनि यो या उ भूगोलका लागि नभएर मानवताकै लागि हो । यहाँनेर यो आलेखको आसय यो हो कि जलवायु परिवर्तनको असर सबैको साझा समस्या हो, त्यसैले यसको निराकरण या रोकथामको प्रयास पनि सबैको साझा कर्ममै हुनु जरुरी छ । जसरी अघि भनिएजस्तै विपत्तिले भूगोल छान्दैन र कुनै पनि देशको नागरिकता चिन्दैन, त्यसैगरी यसको प्रकार प्रकृतिको पहिचान र निराकरणमा पनि सबैको साझा पहलले नै धेरै रोकथामको काम गर्नेछ ।

उहाँको सम्बोधनमा नेपालले प्रकृतिमैत्री जीवनशैली अपनाएका विषयहरु मात्र समेटिएको छैन कि विशाल हिमालय क्षेत्र र बृहत् नदी प्रणालीमार्फत विश्व जलवायु तथा वातावरण संरक्षण र प्रवर्द्धनमा नेपालले योगदान पुर्‍याउँदै आएको तथ्य पनि विश्वसमुदायलाई जानकारी गराइएको छ ।

जलवायु वित्तमा पहुँचका लागि कमजोर मुलुकले वर्षौंसम्म कागजी प्रक्रिया पूरा गरेर सहयोग माग्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने आसय यो सम्बोधनमा छ । यसलाई पनि प्रधानमन्त्री शाहले हामीजस्ता पीडित राष्ट्रमाथिको 'ब्युरोक्र्याटिक अलमल' को संज्ञा दिनुभएको छ । योसँगै उहाँले नेपालले आफ्नो पारिस्थितिक योगदानभन्दा बढी विश्वव्यापी भूमिका निर्वाह गरिरहेको तथ्य पनि स्पष्ट गर्नुभएको छ ।

यसअघि यो महासभामा परराष्ट्रमन्त्री शिशिर खनाल जाने तय भएकामा भोटेकोशीमा गत भदौ १० गते आएको भायानक बाढी र त्यसले नदी तटीय क्षेत्रका रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाहरुमा गरेको त्रासदीपूर्ण क्षतिपछि जलवायुजन्य यो घातक परिणामका बारेमा विश्व समुदायलाई जनकारी दिई नेपाललाई जलवायु न्यायका लागि याचना गर्न स्वयं प्रधानमन्त्री नै त्यहाँ जानुभएको हो ।

यसै महासभाको उद्घाटन सत्रमा राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसले नेपालले जलवायु परिवर्तनका कारण अकल्पनीय क्षति व्यहोरिरहेको विषयमा आवाज बुलन्द गरिदिएको दुई दिनपछि प्रधानमन्त्री शाहले पनि सोही मञ्चमा नेपालका तर्फबाट यो आवाज उठाउनुभएको हो ।

महासचिव गुटेरेसले नेपालमा आफू दुई वर्षअघि पुगेका बेला त्यहाँको हिमाल निकै नै द्रुत गतिमा पग्लिरहेको र जसका कारण नेपाल त छँदैछ, यसले विश्वलाई नै असर गर्ने विषयमा कुरा उठाएको स्मरण गर्दै आज सोही रुपमा नै नेपालमा भोटेकोशी बाढीले क्षति गरेको कुरा उठाउनुभएको थियो ।

जलवायुजन्य विपत्तिको क्षतिपूर्तिका सन्दर्भमा पनि प्रधानमन्त्री र महासचिवको धारणा मिल्न आउँछ । जस्तो कि महासचिवले जसले जलवायु परिवर्तनका लागि योगदान पुर्‍याएको छ त्यही राष्ट्रले नै क्षतिपूर्ति तिर्नुपर्ने कुरा महासभामा राख्नुभएको थियो । उहाँले प्रस्तुत गर्नुभएको यो तथ्यले पनि नेपाललाई विश्व सामु जलवायु न्यायका लागि प्रस्ताव राख्न सहज बनाएको छ ।

यही धारणा प्रधानमन्त्री शाहले पनि राख्नुभयो । उहाँले नेपालका लागि जलवायुजन्य महाविपत्ति केवल मानवीय घटना मात्र नभई विकासको आपत्काल समेत रहेको उल्लेख गर्दै जसले बढी मात्रामा कार्बज उत्सर्जन गरेका छन् तिनै राष्ट्रहरूले नै बढी जिम्मेवारी लिनुपर्ने धारणा राख्नुभयो । प्रधानमन्त्रीले न्यायको तुलना पैसासँग गर्न नमिल्ने तर्क विश्व समुदायसँग गरेजस्तै गरी नेपालले पनि विगत लामो समयदेखि यस्तै अन्तरराष्ट्रिय मञ्चहरुमा न्याय माग्दै आएको छ ।

हामीमाथि निरन्तर बज्रिरहेको विपत् वास्तवमा हामीलाई नखाएको विष लागेजस्तै हो । नेपालले केवल विदेशीसँग दुःख देखाएको मात्र होइन, आफूले पाउनुपर्ने न्यायको आवाज बुलन्द पारेको हो । यो तथ्यलाई प्रधानमन्त्रीले स्पष्ट राख्नुभएको छ । त्यसैले यसलाई सम्बद्ध देश, सरोकारवाला तथा विश्व समुदायले यो नेपालको 'भिक्टिम कार्ड' अर्थात् दुःखका साथ गरिएको पीडितको याचना होइन भनेर बुझ्नु आवश्यक छ । किनभने हिमाल विश्वको छानो भएकाले हिमाल र प्रकृति जोगाउनु पनि सबैको दायित्व हो ।

# संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागिताले नेपालको प्रतिष्ठा अभिवृद्धि



काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सम्बोधन तथा महासभाअन्तर्गतका कार्यक्रममा नेपालको सक्रिय सहभागिताले अन्तरराष्ट्रिय मञ्चमा नेपालको छवि एवं प्रतिष्ठा अभिवृद्धि भएको बताइएको छ।

प्रधानमन्त्री साह महासभामा सहभागी भई आज स्वदेश फर्कनुभएको छ। उहाँको भ्रमणबारे त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा जानकारी दिनुहुँदै परराष्ट्र मन्त्रालयका निमित्त सचिव गणेशप्रसाद ढकालले महासभामा नेपालको सक्रिय सहभागिताले अन्तरराष्ट्रिय मञ्चमा मुलुकको प्रतिष्ठा अभिवृद्धि भएको बताउनुभयो।

प्रधानमन्त्री साह संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभाको उच्चस्तरीय सप्ताहमा सहभागी हुन यही असोज ६ गते संयुक्त राज्य अमेरिकाको न्युयोर्क प्रस्थान गर्नुभएको थियो। उक्त उच्चस्तरीय सप्ताह सेप्टेम्बर २२ देखि २८ सम्म न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आयोजना भइरहेको छ।

प्रधानमन्त्री साहले महासभाको 'जनरल डिबेट' मा २४ सेप्टेम्बर २०२६ मा सम्बोधन गर्नुभएको थियो। उक्त सम्बोधनका क्रममा उहाँले गत महिना भोटेकोशीमा गएको विनाशकारी बाढीलाई जलवायु सङ्कटको गम्भीर प्रभाव तथा विश्वका लागि चेतावनीका रूपमा प्रस्तुत गर्नुभएको निमित्त सचिव ढकालले बताउनुभयो। प्रधानमन्त्री साहले उक्त विपद्बाट भएको ठूलो जनधनको क्षति, भौतिक पूर्वाधार तथा जनजीविकामा परेको असरबारे विश्वसमुदायको ध्यानाकर्षण गराउनुभएको थियो।

सो अवसरमा प्रधानमन्त्री साहले जलवायु परिवर्तनका कारण हिमाली पारिस्थितिक प्रणालीमा परेको असर तथा हिमनदी र 'पर्माफ्रस्ट' पग्लिँदै जाँदा हिमपहिरो, बाढी र पहिरोलगायत विपद्को जोखिम बढ्दै गएको बताउनुभएको उहाँले जानकारी दिनुभयो। सम्बोधनका क्रममा प्रधानमन्त्री शाहले जोखिमयुक्त हिमतालको निगरानी, पूर्वसूचना प्रणालीको सुदृढीकरण र विपद् का समयमा सीमापार समन्वयका लागि 'हिमालयन क्लाइमेट रेजिलेन्स मेकानिज्म' स्थापना गर्ने प्रस्ताव गर्नुभएको थियो।

साथै प्रधानमन्त्री साहले 'यो विश्व बुद्धले देखाएको बाटोमा हिँड्न सकोस्' भन्दै विश्व शान्तिको आह्वान गर्नुभएको निमित्त सचिव ढकालले बताउनुभयो।

भ्रमणका क्रममा प्रधानमन्त्री साहले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग भेटवार्ता गर्नुभएको थियो। भेटका क्रममा महासचिव गुटेरेसले भोटेकोशी विपद्मा भएको जनधनको क्षतिप्रति गहिरो समवेदना व्यक्त गर्दै जलवायु मुद्दामा संयुक्त राष्ट्रसङ्घ नेपालसँग ऐक्यबद्ध रहेको बताउनुभएको थियो।

प्रधानमन्त्री साहले नेपालप्रतिको सद्भावका लागि महासचिव गुटेरेसलाई धन्यवाद दिँदै उहाँको सफल कार्यकालका लागि बधाई दिनुभएको थियो। भोटेकोशी विपद्बाट नेपालले ठूलो क्षति बेहोरेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले हिमताल फुट्ने जोखिम अझै उच्च रहेको बताउनुभएको उहाँले बताउनुभयो।

यसैगरी, प्रधानमन्त्री साहले अस्ट्रेलियाका प्रधानमन्त्री एन्थनी एल्बानिजसँग भेटवार्ता गर्नुभएको थियो। उक्त अवसरमा द्विपक्षीय हितका विविध विषयमा छलफल भएको थियो।

उक्त महासभाको क्रममा आयोजना हुने अतिकम विकसित मुलुक, भू-परिवेष्टित विकासोन्मुख मुलुक, असंलग्न मुलुक, जि-७७ र चीन लगायत मन्त्रिस्तरीय बैठकमा परराष्ट्रमन्त्री शिशिर खनाल सहभागी भइरहनुभएको निमित्त सचिव ढकालले बताउनुभयो।

साथै, संयुक्त राष्ट्रसङ्घले आयोजना गरेका अन्य उच्चस्तरीय छलफल तथा साइड इभेन्टमा पनि मन्त्री खनालले सम्बोधन गरिरहनुभएको छ। परराष्ट्रमन्त्री खनालले छिमेकी मुलुकलगायत विभिन्न मित्रराष्ट्रका समकक्षी तथा संयुक्त राष्ट्रसङ्घका उच्चस्तरीय पदाधिकारीहरूसँग भेटवार्ता गरिरहनुभएको छ। रासस

# कांग्रेस महाधिवेशनका लागि १५ वटा समिति गठन




टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसले १५औँ महाधिवेशनको तयारीलाई व्यवस्थित बनाउन १५ वटा समिति गठन गरिएको छ।

१५ औँ महाधिवेशन व्यवस्थापन, आर्थिक, सूचना-सञ्चार, आवास, भोजन, स्वास्थ्य, यातायात लगायतका कामका लागि छुट्टाछुट्टै समिति गठन गरेको छ।

कांग्रेस केन्द्रीय कार्यसमितिको भदौ १ गतेको बैठकले सभापति गगन थापाको संयोजकत्वमा महाधिवेशन मूल आयोजक समिति गठन गरेको थियो।

त्यसैलाई थप व्यवस्थित बनाउन विभिन्न समिति गठन गरिएको कांग्रेसले जनाएको छ। कांग्रेस केन्द्रीय महाधिवेशन असोज १६ गतेदेखि १९ गतेसम्म काठमाडौँको खुल्ला मञ्चमा हुनेछ।

सभापति गगनकुमार थापाको संयोजकत्वमा केन्द्रीय निर्देशन समिति गठन गरिएको छ। समितिमा उपसभापति विश्वप्रकाश शर्मा, उपसभापति पुष्पा भुसाल, महामन्त्री प्रदीप पौडेल, महामन्त्री गुरुराज घिमिरे, कोषाध्यक्ष उमेश श्रेष्ठसहित १२ जना सदस्य छन्। प्रमुख राजनीतिक सल्लाहकार प्रताप पौडेल सदस्य सचिव छन्।

कोषाध्यक्ष उमेश श्रेष्ठको संयोजकत्वमा आर्थिक व्यवस्थापन समिति गठन गरिएको जनाएको छ।

प्रवक्ता देवराज चालिसेको संयोजकत्वमा सूचना, सञ्चार र प्रविधि समिति गठन गरिएको छ। समितिमा केन्द्रीय सदस्य हरिशरण नेपाली, अजयबाबु शिवाकोटी, डा. सुरेश आचार्य, शिव लम्साल, अनिता विन्दु, मोहन गजुरेल र शशांकश्री न्यौपाने छन्।

उदयशमशेर राणाको संयोजकत्वमा सचिवालय व्यवस्थापन तथा सूचना समन्वय समिति गठन गरिएको छ। यसमा केन्द्रीय सदस्य नानु वास्तोला, प्रकाश पन्थ, मुना भुषाल, निपा चोखाल, ममता शर्मा लगायत सदस्य छन्। प्रत्येक प्रदेशबाट प्रदेश सभापतिको परामर्शमा एक-एक जना सदस्य रहनेछन्।

सहमहामन्त्री डा. डिला संग्रौला पन्तको संयोजकत्वमा अतिथि स्वागत समिति गठन गरिएको छ। समितिमा केन्द्रीय सदस्य शान्ति परियार, गीता सत्याल, प्रमोदहरि गुरागाईं र धर्मराज गौतम छन्।

काठमाण्डु जिल्ला सभापतिको संयोजकत्वमा महाधिवेशन समारोह स्थल व्यवस्थापन समिति गठन गरिएको छ। यसमा ललितपुर, भक्तपुर र काभ्रे जिल्ला सभापति तथा काठमाडौं उपत्यकाभित्रका क्षेत्रीय र नगर सभापतिहरू सदस्य रहनेछन्।

सहमहामन्त्री बहादुरसिंह लामाको संयोजकत्वमा प्रदेश र स्थानीय तहगत समन्वय समिति गठन गरिएको छ। समितिमा केन्द्रीय सदस्य प्रतिमा गौतम, जानकी सिंह, गाउँपालिका राष्ट्रिय महासंघ र नगरपालिका संघका अध्यक्ष तथा प्रदेश सभापतिले तोकेको एक-एक जना रहनेछन्।

सुधीर शिवाकोटीको संयोजकत्वमा ज्येष्ठ महाधिवेशन प्रतिनिधि समन्वय समिति गठन गरिएको छ। अनुपा श्रेष्ठ तथा प्रत्येक प्रदेशबाट प्रदेश सभापतिले तोकेको एक-एक जना सदस्य रहनेछन्।

केन्द्रीय सदस्य गणेश लामाको संयोजकत्वमा स्वयंसेवक व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा भूतपूर्व सैनिक संघ र भूतपूर्व प्रहरी संघका अध्यक्ष रहनेछन्।

केन्द्रीय सदस्य तिलक रानाभाटको संयोजकत्वमा भोजन व्यवस्थापन समिति गठन गरिएको छ। सदस्यमा केन्द्रीय सदस्य मनकुमारी गुरुङ, डा. अमिता प्रधान, मनोजमणि आचार्य तथा प्रत्येक प्रदेश कार्यसमितिबाट एक-एक जना रहनेछन्।

केन्द्रीय सदस्य रमेशप्रसाद धमलाको संयोजकत्वमा आवास व्यवस्थापन समिति गठन गरिएको छ। सदस्यमा केन्द्रीय सदस्य नारायण भट्टराई, दिनेश सुनार, लेखनाथ पोखेल, नेपाल लोकतान्त्रिक साना होटल व्यवसायी संघका अध्यक्ष तथा प्रत्येक प्रदेशबाट एक-एक जना रहनेछन्।

केन्द्रीय सदस्य डा. केदारनरसिंह केसीको संयोजकत्वमा स्वास्थ्य समिति गठन गरिएको छ। समितिमा डा. अन्जनीकुमार झा, प्रजातन्त्रवादी चिकित्सक संघ, नेपाल स्वास्थ्यकर्मी संघ र नेपाल लोकतान्त्रिक आयुर्वेद चिकित्सक संघका अध्यक्ष रहनेछन्।

केन्द्रीय सदस्य विजयबहादुर स्वाँरको संयोजकत्वमा यातायात व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा नेपाल लोकतान्त्रिक यातायात व्यवसायी संघका अध्यक्ष र सानुकाजी प्रजापति छन्।

केन्द्रीय सदस्य सीता गुरुङको संयोजकत्वमा सांस्कृतिक-साहित्यिक संयोजन समितिगठन गरिएको छ। समितिमा नेपाल सांस्कृतिक महासंघ र नेपाली लेखक संघका अध्यक्षसहित दुर्गा रायमाझी, प्रकाश लामिछाने र विपिन किरण सदस्य छन्।

विधान मस्यौदा समितिमा केन्द्रीय सदस्य इश्वरी न्यौपाने र अधिवक्ता प्रमिस खनाललाई थप गरिएको जनाएको छ। कांग्रेसले सबै समितिहरूले आ-आफ्नो जिम्मेवारी अनुसार काम गर्दै महाधिवेशनका सबै प्रक्रिया व्यवस्थित रूपमा सम्पन्न गर्न सहयोग गर्ने जनाएको छ।

## कांग्रेस महाधिवेशनमा ओली, प्रचण्ड र रवि लामिछानेलाई निम्तो



टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसले १५औँ महाधिवेशनको उद्घाटन समारोहमा आतिथ्यका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसहित शीर्ष नेताहरूलाई निम्तो दिएको तस्वीर सार्वजनिक गरिएको छ।

सहमहामन्त्री उदयर शमशेर जबरालेले भेटेर लामिछानेसहित एमाले अध्यक्ष केपी ओली र नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'लाई औपचारिक निमन्त्रणा गरेका छन्।

कांग्रेसको महाधिवेशनको उद्घाटन असोज १६ गते काठमाण्डुको खुलामञ्चमा हुने भएको छ।

उद्घाटन समारोहमा सम्पूर्ण राजनीतिक दलका प्रतिनिधि, नेपाली कांग्रेसका नेता-कार्यकर्ता, शुभेच्छुक तथा आम नागरिकलाई आमन्त्रण गरिएको सहमहामन्त्री जबराले जानकारी दिए।

# कृत्रिम बौधिकता (एआई)लाई थारु भाषा सिकाउने प्रयास

बाँके । लुम्बिनी प्राविधिक विश्वविद्यालय इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थान, नेपालगन्ज, स्नातकोत्तर तह (एमटेक) का विद्यार्थीले कृत्रिम बौधिकतालाई थारू भाषा सिकाउन थालेको छ। उहाँहरूले वडा कार्यालयको सेवा डिजिटल बनाउनेलगायत प्रविधिमा आधारित १० परियोजना तयार गर्दै ती परियोजना सम्बन्धित सरकारी, गैरसरकारी तथा निजी संस्थालाई हस्तान्तरण गरिएको छ।



विश्वविद्यालयको इन्जिनियरिङ तथा सूचना प्रविधि अध्ययन संस्थानअन्तर्गत एमटेक कम्प्युटर साइन्स र एमटेक इन्फर्मेसन टेक्नोलोजीका दोस्रो सेमेस्टरका विद्यार्थीले विभिन्न संस्थाको आवश्यकता र समस्या पहिचान गरी परियोजना विकास गरेको बताउनुभएको छ।

सो परियोजनामध्ये थारू भाषामा पाठ निर्माण वेबमा आधारित प्राकृतिक भाषा प्रशोधन प्रणाली पनि विद्यार्थीले तयार गर्नुभएको छ। परियोजनामा कृत्रिम बौधिकतालाई थारू भाषा सिकाउने र थारू भाषामै पाठ सिर्जना गर्नसक्ने प्रणाली विकास गर्ने प्रयास गरिएको एमटेकका विद्यार्थी लौटन थारुले जानकारी दिनुभयो। "थारु भाषाको सानोतिनो शब्दको अर्थ आइरहेको छ तर लामो शब्दको अर्थ आउन सकेको छैन", उहाँले भन्नुभयो।

अहिले प्रयोगमा रहेका अधिकांश कृत्रिम बौधिकतामा आधारित उपकरण र भाषिक नमुनामा थारू भाषाको स्रोत तथा समर्थन सीमित भएकाले भाषालाई एआई प्रणालीमा समेटिएको विद्यार्थी थारुको भनाइ छ। परियोजनामा थारू भाषाभित्र रहेको भाषिक तथा क्षेत्रगत विविधतालाई समावेश गरी राना थारू, डगौरा थारुलगायत भाषिक प्रयोगलाई समेटिएको छ।

थारू भाषाका पर्याप्त डिजिटल स्रोत र भाषिक तथ्याङ्क उपलब्ध नहुँदा प्रणाली विकासको काम अपेक्षाभन्दा केही ढिलो भइरहेको उहाँले बताउनुभयो। विद्यार्थी थारुले उपलब्ध स्रोतलाई सङ्कलन र प्रशोधन गर्ने काम भइरहेको जानकारी दिँदै लोरा प्रविधिमार्फत ' क्वेन मोडल' लाई थारू भाषामा अनुकूलन गर्ने काम भइरहेको उल्लेख गर्नुभयो।

प्रणालीको भाषिक शुद्धता र प्रयोग योग्यता परीक्षणका लागि थारू भाषा जान्ने व्यक्तिबाट मूल्याङ्कन र स्तर निर्धारण लिने तयारी गरिएको छ। यसबाट प्रणालीले उत्पादन गर्ने पाठ थारू भाषाको प्रयोग र भाषिक संरचनासँग मेल खाने वा नखाने परीक्षण गरिने थारुले बताउनुभयो। सो परियोजनामा थारुसहित राजु सुवेदी, रामद्वारिका चौधरी र रविन श्रेष्ठ संलग्न हुनुहुन्छ।

लुम्बिनी प्राविधिक विश्वविद्यालयका निमित्त प्रमुख, डीन डा निरज केसीले थारु भाषा एआइलाई सिकाउने अभ्यास नौलो प्रयोग भएको उल्लेख गर्दै अहिलेसम्म विश्वमा अन्य धेरै भाषा भए पनि थारु भाषाको प्रयोग डिजिटल प्रणालीमा हुन नसकेको बताउनुभयो।

उहाँले विद्यार्थीलाई सैद्धान्तिक ज्ञानभन्दा पनि व्याहारिक र वास्तविक समस्या समाधानमा प्रविधिको प्रयोग गर्नसक्ने उद्देश्यले यस्ता परियोजना प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो। "कक्षाकोठामा सिकेको ज्ञानलाई वास्तविक संसारका समस्यासँग जोडेर प्रयोग गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको छ", डा केसीले भन्नुभयो।

विद्यार्थीले तयार पारेको अर्को परियोजना स्मार्ट वडा सूचना तथा नागरिक सहभागिता प्रणाली हो। वडा कार्यालयमा हुने कागजी काम घटाउने र सेवा तथा सूचनालाई डिजिटल माध्यमबाट व्यवस्थित गर्ने उद्देश्यले सो प्रणाली विकास गरिएको हो।

समूहका नेता ब्रिजेस वैश्यका अनुसार वडामा सेवा प्रवाहका क्रममा देखिएका समस्या र नागरिकका आवश्यकतालाई पहिचान गरेर प्रणालीको अवधारणा तयार पारिएको हो। वडा कार्यालयमा हुने कागजी कामलाई सकेसम्म कम गर्ने र सेवासँग सम्बन्धित सूचना डिजिटल माध्यमबाट व्यवस्थित गर्ने प्रणालीको लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो।

विद्यार्थीका अन्य परियोजनामा क्युआर कोडमा आधारित रेस्टुरेन्ट अर्डर प्रणाली पनि रहेको छ। ग्राहकले क्युआर कोडमार्फत रेस्टुरेन्टका सेवा तथा खाद्य सामग्री हेरेर अर्डर गर्नसक्ने अवधारणामा प्रणाली विकास गरिएको हो। शैक्षिक प्रमाणपत्र प्रमाणीकरण प्रणाली, नतिजा व्यवस्थापन प्रणाली, आधुनिक व्यवस्थापन प्रणाली, डिजिटल नागरिक बडापत्र प्रणाली र किसान सदस्यता कार्ड प्रणालीलगायतका परियोजना पनि विद्यार्थीले तयार गरेका छन्।

एमटेक कम्प्युटर साइन्स र एमटेक इन्फर्मेसन टेक्नोलोजीका कार्यक्रम संयोजक सहायक प्राध्यापक प्रकाश गुप्ताले यी सबै परियोजना कार्यान्वयन हुन बाँकी रहेको जानकारी दिनुभयो। एमटेक कम्प्युटर साइन्स र एमटेक इन्फर्मेसन टेक्नोलोजीमा करिव ६० विद्यार्थी अध्ययनरत छन्। रासस

# १३ देशका लागि प्रस्तावित राजदूतका सम्बन्धमा उजुरी आह्वान



काठमाण्डु । नेपाल सरकारले १३ देशका लागि राजदूत पदमा नियुक्तिका लागि सिफारिस गरेका व्यक्तिहरूको सम्बन्धमा कुनै सूचना वा उजुरी भए प्रमाणसहित पेस गर्न संसदीय सुनुवाइ समितिले आह्वान गरेको छ।

समितिले शनिबार सार्वजनिक गरेको सूचनामा प्रस्तावित राजदूतका सम्बन्धमा कसैलाई नियुक्तिका लागि उपयुक्त छैन भन्ने लागेमा स्पष्ट आधार तथा सबुतप्रमाणसहित रीतपूर्वक उजुरी दिन सकिने जनाएको छ। सूचना पहिलोपटक प्रकाशित भएको मितिले १० दिनभित्र सङ्घीय संसद्को सचिवालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सकिने व्यवस्था गरिएको संसदीय सुनुवाइ समितिले जनाएको छ।

समितिले उजुरी गर्दा प्रस्तावित राजदूतको नाम, ठेगाना, पद तथा आफूले दिएको उजुरीको स्पष्ट आधार खुलाउन आग्रह गरेको छ। प्राप्त उजुरीमाथि आवश्यक प्रक्रिया पूरा गरी संसदीय सुनुवाइ गरिने सार्वजनिक सूचनामा जनाइएको छ।

समितिको यही असोज ८ गतेको बैठकले सुनुवाइको प्रक्रिया सुरु गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को असोज २ गतेको निर्णयअनुसार भारतका लागि डा.निश्चलनाथ पाण्डे, चीनका लागि डा.कल्याणराज शर्मा, संयुक्त राज्य अमेरिकाका लागि चिरनजङ्ग थापा, बेलायतका लागि गौरवशमशेर जङ्गबहादुर राणा र जर्मनीका लागि सरू जोशीलाई राजदूतमा सिफारिस गरिएको छ।

त्यसैगरी इजरायलका लागि सुरेशकुमार कर्ण, स्पेनका लागि प्राप्ति शेरचन, जापानका लागि जिज्ञानकुमार थापा, ओमानका लागि डा.पदमाक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, दक्षिण कोरियाका लागि प्राडा सङ्गम श्रेष्ठ, श्रीलङ्काका लागि डा.मंचलाकुमारी झा र साउदी अरेबियाका लागि गिरीबहादुर सुनारलाई सिफारिस गरिएको छ। संसदीय सुनुवाइपछि नियुक्तिको प्रक्रिया अघि बढ्ने समितिले जनाएको छ। रासस

## विदेशमा रहेका नेपालीलाई मताधिकारका लागि अध्ययन गर्दै निर्वाचन आयोग

काठमाण्डु । निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकलाई मतदान प्रक्रियामा सहभागी गराउने विषयमा विभिन्न आयामबाट छलफल तीव्र बनाएको छ।

विदेशमा रहेका नेपालीलाई मताधिकार (आउट अफ कन्ट्री भोटिङ) दिने सवालमा प्रमुख आयुक्त मानबहादुर कार्कीसहितका पदाधिकारीहरूले सरोकारवाला तथा जानकारहरूसँग बृहत् विचारविमर्श अघि बढाएका छन्।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार सम्बन्धित मुलुकमा रहेका नेपाली नागरिकको यकिन स॒ख्या, मतदाता नामावली सङ्कलनको सम्भावित प्रक्रिया, मतदानको सम्भावित विधि र निर्वाचन सञ्चालनमा कूटनीतिक नियोगहरूको भूमिकाबारे गम्भीर छलफल भइरहेको छ।

विदेशमा रहेका नेपालीको तथ्याङ्क सङ्कलन, उनीहरूलाई मतदाता नामावलीमा समेट्ने विधि, मतदान केन्द्रको सम्भावित व्यवस्था र मतदानपछिको मतपत्र व्यवस्थापनजस्ता प्राविधिक तथा प्रशासनिक पक्षहरूमा पनि आयोगले गृहकार्य गरिरहेको छ। रासस

# प्रधानमन्त्री शाह स्वदेश फिर्ता




काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी भई आज स्वदेश फर्कनुभएको छ।

उहाँलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले, गृहमन्त्री सुधन गुरुङ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले स्वागत गर्नुभएको थियो।

प्रधानमन्त्री शाह नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै महासभाको उच्चस्तरीय सप्ताहमा सहभागी हुन यही असोज ६ गते संयुक्तराज्य अमेरिकाको न्युयोर्क प्रस्थान गर्नुभएको थियो।

उहाँ नेतृत्वको प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार कुमार ब्यञ्जनकार, परराष्ट्र सचिव अमृतबहादुर राईलगायत हुनुहुन्थ्यो।

यसैबीच, प्रधानमन्त्री शाहभन्दाअघि नै न्युयोर्क प्रस्तान गर्नुभएका परराष्ट्रमन्त्री खनाल भने राष्ट्रसङ्घीय महासभाअन्तर्गतका विभिन्न कार्यक्रममा सरिक भइरहनुभएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री शाहले शुक्रबार महासभालाई सम्बोधन गर्नुभएको थियो। सो अवसरमा प्रधानमन्त्री शाहले 'जलवायु न्याय' संयुक्त राष्ट्रसङ्घको दस्तावेजमा सुन्दर वाक्यमा मात्र सीमित हुननहुने उल्लेख गर्दै हाम्रा देशका मानिसलाई बारम्बार विगतको पुनर्निर्माणमा संलग्न गराइनुको साटो आफ्नो भविष्य बनाउने अवसर दिइनुपर्नेमा जोड दिनुभएको थियो।

उहाँले गत भदौ १० गते भोटेकोशी नदीमा गएको बाढीबाट भएको जनधनको क्षतिबारे जानकारी गराउँदै उक्त विपद् स्थानीय त्रासदी मात्रै नभई विश्वका लागि एउटा चेतावनी पनि भएको उल्लेख गर्नुभएको थियो।रासस

# श्रीलंकाको अस्पतालमा ग्यास सिलिन्डर विस्फोट, ७ जना घाइते

एएफपी । श्रीलंकाको उत्तर-मध्य क्षेत्रमा पर्ने पोलोन्नरुवास्थित एक मिर्गौला अस्पतालमा ग्यास सिलिन्डर विस्फोट हुँदा सात जना घाइते भएका छन् ।

पोलिसका अनुसार शनिबार बिहान करिब ४ बजे पोलोन्नरुवा नेफ्रोलोजी अस्पतालको भान्सामा ग्यास सिलिन्डर विस्फोट भएको हो ।

विस्फोटमा अस्पतालका भान्सा कर्मचारीहरू घाइते भएका छन् । उनीहरूलाई उपचारका लागि पोलोन्नरुवा अस्पतालमा भर्ना गरिएको छ । अस्पताल स्रोतका अनुसार घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको छ। विस्फोटका कारण अस्पताल भवनमा समेत ठूलो क्षति पुगेको छ।

घटनामा अस्पतालमा उपचाररत कुनै पनि बिरामी वा अन्य स्वास्थ्यकर्मी घाइते भएका छैनन्। विस्फोटपछि अस्पतालका कर्मचारीहरूले बिरामीहरूलाई भवनबाट सुरक्षित रूपमा बाहिर निकालेका थिए।

आवश्यक उपचारको व्यवस्था गर्दै थप उपचार आवश्यक पर्ने बिरामीहरूलाई पोलोन्नरुवा जनरल अस्पतालमा स्थानान्तरण गरिएको छ।



# अमेरिकी प्रतिबन्धले इरानी उडान प्रभावित, छुटका लागि इराकको पहल




एएफपी । इरानीएयरलाइन्समाथिअमेरिकाले लगाएको प्रतिबन्धका कारण बिरामी, विद्यार्थी तथा धार्मिक यात्रु प्रभावित भएपछि इराक सरकारले केही विमानस्थललाई उक्त प्रतिबन्धबाट छुट दिन अमेरिकासँग वार्ता थालेको छ।

इराकका सबै विमानस्थलले यसै साता अमेरिकी प्रतिबन्ध कार्यान्वयन गरेपछि इरानबाट हुने उडान प्रभावित भएका छन्। यसको सबैभन्दा ठूलो असर पवित्र सहर नजफस्थित विमानस्थलमा परेको छ, जहाँ इरानी विमानहरूको आवतजावत उल्लेख्य हुने गरेको छ।

इराकी प्रधानमन्त्रीको सञ्चार कार्यालयले शनिबार दिएको जानकारीअनुसार, सरकारले "केही इराकी विमानस्थललाई अमेरिकी प्रतिबन्धबाट छुट दिन अमेरिकी पक्षसँग प्रत्यक्ष वार्ता गरिरहेको" छ।

इराकले चिकित्सा उपचार, शिक्षा र धार्मिक यात्राजस्ता मानवीय प्रयोजनका लागि उडान सञ्चालनलाई निरन्तरता दिन छुट आवश्यक रहेको जनाएको छ। सरकारका अनुसार यसले सर्वसाधारणको आवतजावत सहज बनाउन पनि मद्दत गर्नेछ।

इरानी एयरलाइन्सले मुख्यतः इरानका पवित्र धार्मिक सहरमा जाने इराकी शिया तीर्थयात्री तथा इराकका धार्मिक स्थलमा आउने इरानी नागरिकलाई सेवा दिँदै आएका छन्। यी उडानमार्फत इरानमा अध्ययनरत इराकी विद्यार्थी र उपचारका लागि इरान जाने बिरामीहरूले समेत यात्रा गर्दै आएका छन्।

प्रतिबन्ध कार्यान्वयन भएपछि केही इराकी नागरिक उपचारका लागि इरान जान नपाइने चिन्तामा छन् भने केही यात्रु इरानमै अलपत्र परेका छन् । उनीहरूमध्ये कतिपयलाई स्थलमार्ग हुँदै घर फर्किन १२ घण्टाभन्दा बढी समय लाग्ने अवस्था आएको छ।

अमेरिकी ट्रेजरी सचिव स्कट बेसेन्टले बुधबार इरानी एयरलाइन्सलाई "बन्द गरिने" बताएका थिए। त्यसपछि संयुक्त अरब इमिरेट्ससहित केही देशले अमेरिकी प्रतिबन्ध कार्यान्वयन गर्न थालेका छन्।

इराक र इरानबीच धार्मिक, राजनीतिक तथा आर्थिक सम्बन्ध लामो समयदेखि घनिष्ठ रहँदै आएको छ। दुवै देशमा शिया मुस्लिम समुदायको ठूलो जनसंख्या रहेको छ।

यसअघि मध्यपूर्वमा युद्ध सुरु भएपछि इराकी एयरलाइन्सले फेब्रुअरीदेखि नै इरानतर्फका उडान स्थगित गरेका थिए।

# बेल्जियमसँग इटाली पराजित




**टुडे समाचारदाता**

काठमाण्डु । रोबर्टोम्यान्सिनीकोइटालीकोमुख्य प्रशिक्षकका रूपमा पुनरागमन सुखद बन्न सकेको छैन। युइएफए नेसन्स लिगमा इटाली घरेलु मैदानमा बेल्जियमसँग २-० ले हार बेहोर्नु परेको छ।

रोमस्थित स्टाडियो ओलिम्पिकोमा बेल्जियमको जितमा मिका गोड्ट्स र डोडी लुकबाकियोले गोल गरे । मार्क भान बोमेलले बेल्जियमको मुख्य प्रशिक्षकका रूपमा आफ्नो पहिलो खेलमै जित हात पारेका थिए।

गोड्ट्सले २०औँ मिनेटमा गोल गर्दै बेल्जियमलाई अग्रता दिलाए। उनले जियानलुका मान्चिनी र डिएगो कोपोलालाई छलाउँदै गोल गरेका थिए।

पहिलो हाफमा बेल्जियमले इटालीमाथि दबाब कायम राख्यो । चार्ल्स डे केटलेरे र निकोलस रास्किनका प्रहार इटालीका कप्तान जियानलुइजी डोनारुम्माले रोकेका थिए। गोड्ट्सको हेडरलाई पनि डोनारुम्माले बचाएका थिए।

दोस्रो हाफमा भने इटालीले खेलमा सुधार गऱ्यो । मोइजे केनले गोलको राम्रो अवसर बनाए पनि बेल्जियमका गोलरक्षक सेन्ने लामेन्सले उनको प्रहार रोकेको थियो । फ्रान्चेस्को पियो एस्पोसितोले पनि दुईपटक गोलको नजिक पुगे, तर दुवै अवसरमा इटालीले गोल गर्न सकेको थिएन।

इटालीको यही कमजोरीको फाइदा उठाउँदै बेल्जियमले ६९औँ मिनेटमा अग्रता दोब्बर बनाएको थियो। लुकबाकियोले मध्यभागबाट बल अघि बढाउँदै सान्ड्रो टोनाली र ड्यानियल माल्दिनीलाई छलाएपछि टाढाबाट प्रहार गर्दै गोल गरेका थिए।

दुई गोलले पछि परेको इटालीले अन्तिम समयमा गोलका केही अवसर बनाए पनि गोल गर्न सकेको थिएन। रिकार्डो कालाफियोरीको प्रहार पोस्टको छेउबाट बाहिरियो भने जर्जियो स्कालभिनीले सिक्स यार्ड बक्सभित्रबाट प्राप्त सुनौलो अवसरसमेत खेर फालेको थियो।

सो खेलमा दुवै टोलीका गोलरक्षकको प्रदर्शन प्रभावशाली रह्यो। डोनारुम्मा र लामेन्सले समान ६ बचाउ गरेका थिए।

दोस्रो हाफमा इटालीले राम्रो प्रदर्शन गरे पनि पहिलो हाफमा भोगेको दबाब र सिर्जना गरेका अवसर सदुपयोग गर्न नसक्दा हारबाट नेसन्स लिगको यात्रा शुरु गरेको छ।

बेल्जियमले अब घरेलु मैदानमा फ्रान्ससँग खेल्नेछ। इटालीले भने आफ्नो अर्को खेलमा टर्कियेको सामना गर्ने भएको छ।

# साउदी अरबमाथि हुथी आक्रमण तीव्र, ड्रोन र क्षेप्यास्त्र रोकिएको दाबी



एएफपी । यमनका हुथी विद्रोहीहरूले साउदी अरबमाथि नयाँ आक्रमण जारी राखेपछि साउदी नेतृत्वको गठबन्धनले शनिबार दुई ड्रोन र दुईवटा ब्यालेस्टिक क्षेप्यास्त्र रोकिएको जनाएको छ। इरान समर्थित हुथी समूहले राजधानी रियादसहित विभिन्न क्षेत्रमा नयाँ आक्रमण गरेपछि अन्तर्राष्ट्रिय स्तरबाट समेत चिन्ता व्यक्त गरिएको छ।

गत जुलाईदेखि हुथी समूहका आक्रमण निरन्तर तीव्र भइरहेका छन् । लामो समयदेखि कायम युद्धविराम अन्त्य भएपछि यमनको द्वन्द्व थप चर्किएको छ र यसले मध्यपूर्वमा जारी व्यापक युद्धसँग समेत सम्बन्ध जोडेको छ।

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले यसअघि साउदी अरबमाथि बढ्दो हुथी आक्रमणको निन्दा गरेको थियो। परिषद्ले ती आक्रमणमा महिला र बालबालिकासहित सर्वसाधारण घाइते भएको उल्लेख गरेको छ। हुथी समूहले साउदी अरबमाथि समुद्री नाकाबन्दीसमेत लगाएको दाबी गरिएको छ।

उसले तेल बोकेका पानीजहाजमाथि आक्रमण गर्नुका साथै यमनको लाल सागर तटीय क्षेत्रमा नियन्त्रण विस्तार गरेको र साउदी भूमितर्फ क्षेप्यास्त्र प्रहार गर्दै आएको छ। यस्ता गतिविधिका कारण ऊर्जा बजारमा समेत असर परेको बताइएको छ। साउदी नेतृत्वको गठबन्धनका प्रवक्ताका अनुसार शनिबार हवाई प्रतिरक्षा प्रणालीले हुथी समूहले रियाद क्षेत्रतर्फ प्रहार गरेका दुई ड्रोन पहिचान गरी नष्ट गरेको थियो। त्यसैगरी, दक्षिणपश्चिमी सहर खमिस मुशैततर्फ प्रहार गरिएका दुई ब्यालेस्टिक क्षेप्यास्त्र पनि रोकिएको गठबन्धनले जनाएको छ। उक्त क्षेत्रमा एउटा महत्वपूर्ण हवाई सैनिक अड्डा रहेको छ।

हुथी राजनीतिक ब्युरोका सदस्य हेजाम अल-असदले आफ्नो समूहको सैन्य अभियान अझ ठूलो द्वन्द्वका लागि तयारी मात्र भएको बताउनुभएको छ।"अभियानको शक्ति, दायरा र प्रभावका बाबजुद हाम्रो सशस्त्र बलले यसलाई पूर्ण स्तरको युद्धका लागि एउटा सानो अभ्यासका रूपमा मात्र हेरेको छ," उहाँले शनिबार भन्नुभयो।

खाडी सहयोग परिषद्का महासचिव जासेम मोहम्मद अल्बुदाइवीलेपनिहुथीआक्रमणको निन्दा गर्नुभयो। उहाँले यस्तो गतिविधिलाई साउदी अरबको सार्वभौमसत्तामाथिको गम्भीर उल्लंघन भन्दै सर्वसाधारणको सुरक्षा र क्षेत्रीय स्थायित्वमा प्रत्यक्ष खतरा उत्पन्न भएको बताउनुभयो।

अल्बुदाइवीले अन्तर्राष्ट्रिय समुदायलाई आक्रमण रोक्न तथा हुथी समूहलाई जवाफदेही बनाउन दृढ कदम चाल्न आग्रह गर्नुभयो।

यसैबीच, यमनको शासकीय निकायका प्रमुख रशाद अल-अलिमीले शुक्रबार हुथी आक्रमणको सामना गर्न देशभर आम परिचालनको आह्वान गर्नुभएको थियो।

हुथी सेनाले यमनी सरकारी सेनाविरुद्ध सञ्चालन गरिरहेको स्थल अभियानका कारण मानवीय संकट थप गहिरिने जोखिम बढेको छ। संयुक्त राष्ट्रसंघका अनुसार अगस्टदेखि हालसम्म यमनमा एक लाख ३८ हजार मानिस विस्थापित भएका छन्, जसमा करिब ७० हजार बालबालिका रहेका छन्।

# साउदी-पाकिस्तान-टर्कीबीच सैन्य क्षमता र सुरक्षा सहकार्य विस्तारमा जोड

एएफपी । साउदी अरब, पाकिस्तान र टर्कीएका सैन्य प्रमुखहरूले शुक्रबार रियादमा भेटवार्ता गर्दै क्षेत्रीय सुरक्षा अवस्था तथा आपसी रक्षा सहकार्य थप सुदृढ गर्ने उपायबारे छलफल गरेका छन्।

साउदी रक्षा मन्त्रालयका अनुसार तीन देशका सैन्य प्रमुखहरूले साउदी अरबको सुरक्षा अवस्था तथा त्यससमक्ष रहेका सम्भावित खतराबारे समीक्षा गरेका थिए। उनीहरूले मक्कालगायत साउदी अरबका नागरिक तथा आर्थिक पूर्वाधारलाई लक्षित गरी सामूहिक प्रतिरक्षाप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याउँदै साउदी अरबको सुरक्षा, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षा गर्न दृढ रहेको बताएका छन्।

पछिल्ला दिनहरूमा साउदी अरब र यमनका हुथीबीच एकअर्कालाई लक्षित गरी आक्रमण हुँदै आएका छन्। हुथीहरूले आफू नियन्त्रणमा रहेका क्षेत्रमा साउदी अरबले गरेको हवाई आक्रमणको जवाफस्वरूप राजधानी रियादसहित साउदी अरबका विभिन्न क्षेत्रमा आक्रमण गरेको



भएका आक्रमणको कडा निन्दा गरेका छन्।

बैठकमा तीन देशका सशस्त्र बलबीच सहकार्य थप विस्तार गर्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। विशेषगरी गुप्तचरसम्बन्धी सहकार्य, सैन्य समन्वय तथा सैन्य क्षमता एकीकृत गर्ने विषयमा जोड दिइएको थियो। तीन देशले बताएका छन् । साउदी अरब, पाकिस्तान र टर्कीले गत अगस्ट ७ मा साउदी अरबको मक्कामा संयुक्त रक्षा सम्झौतामा हस्ताक्षर गरेका थिए। सम्झौताअनुसार कुनै एक हस्ताक्षरकर्ता राष्ट्रमाथि भएको आक्रमणलाई सबै राष्ट्रमाथि भएको आक्रमणका रूपमा लिइने व्यवस्था गरिएको छ।

# एमबाप्पेको गोलमा जिदानको विजयी



**टुडे समाचारदाता**

काठमाण्डु । फ्रान्सका मुख्य प्रशिक्षकका रूपमा जिनेदिन जिदानले विजयी सुरुवात गरेका छन्। यूईएफए नेसन्स लिगको पहिलो खेलमा फ्रान्सले कप्तान किलियन एमबाप्पेको निर्णायक गोलमा टर्कीलाई १-० ले पराजित गरेको छ।

एमबाप्पेले ५४औँ मिनेटमा गोल गर्दै फ्रान्सलाई अग्रता दिलाए। तर गोल गरेको केही मिनेटमै उनी चोटका कारण मैदानबाट बाहिरिनुपऱ्यो । त्यसपछि फ्रान्सले थप गोल गर्न नसके पनि जित हात पार्न सफल भएको छ।

खेलको सुरुवातमै टर्कीले फ्रान्सलाई दबाबमा राखेको थियो । चौथो मिनेटमै बारिस अल्पर यिलमाजले लामो पास पठ्याउँदै गोलको अवसर बनाए पनि फ्रान्सका गोलरक्षक माइक मैन्याँले बचाए। उनले त्यसपछि क्यान उझुनको प्रयास पनि रोकेको थियो।

फ्रान्सले पहिलो हाफमा केही अवसर सिर्जना गरे पनि गोल गर्न सकेको थिएन। एमबाप्पेको प्रहार बाहिरिँदा रयान शेर्कीको प्रयास मेरिह डेमिरालले रोकेका थिए। माइकल ओलिसेको प्रहारमा टर्कीका गोलरक्षक उगुर्चान चाकिरले बचाएका थिए।

दोस्रो हाफको सुरुवातमा भने टर्कीले अग्रता लिने अवसर पाएको थियो । ५०औँ मिनेटमा इस्माइल युक्सेकको हेडरलाई मैन्याँले उत्कृष्ट बचाउ गर्दै क्रसबारमाथिबाट बाहिर पठाएका थिए।

चार मिनेटपछि फ्रान्सले अग्रता लियो। टर्कीले आफ्नै क्षेत्रमा बल गुमाएपछि ओलिसेले तत्काल एमबाप्पेलाई पास दिएका थिए। एमबाप्पेले पेनाल्टी क्षेत्रको बायाँ भागबाट चाकिरलाई कुनै मौका नदिँदै बल जाली चुमाएका थिए।

तर गोललगत्तै एमबाप्पेले चोट महसुस गरेका थिए। उनी केहीबेर मैदानमा रहे पनि त्यसको पाँच मिनेटपछि प्रतिस्थापन भएका थिए।

उनको स्थानमा आएका डिजिरे डुइले लामो दूरीबाट गोलको प्रयास गरे पनि चाकिरले बचाएको थियो । युलेस कोन्डेको प्रहार भने बायाँ पोस्टको तल्लो भागमा लागेर फर्केको थियो।

बराबरीका लागि टर्कीले दबाब बढाए पनि मैन्याँले उत्कृष्ट प्रदर्शन जारी राखे। उनले गुलेरको प्रहार रोक्दै फ्रान्सको अग्रता जोगाएको थियो।

८७औँ मिनेटमा टर्कीका गोलरक्षक चाकिर रातो कार्ड खाँदै मैदानबाट बाहिरिएका थिए । पेनाल्टी क्षेत्रभन्दा बाहिर निस्किएर ब्राड्ली बार्कोलाको आक्रमण रोक्ने क्रममा उनको हातमा बल लागेपछि रेफ्रीले उनलाई सिधै रातो कार्ड देखाएका थिए।

त्यसपछि फ्रान्सले खेलमा आफ्नो अग्रता जोगाउँदै १-० को जित निकाल्यो । एमबाप्पेका लागि यो गोल अर्को व्यक्तिगत उपलब्धिसमेत बन्यो। उनले सन् २०२६ मा फ्रान्सका लागि १२औँ गोल गरेका छन्।

यससँगै उनले एकै क्यालेन्डर वर्षमा फ्रान्सका लागि सर्वाधिक गोल गर्ने आफ्नै कीर्तिमान बराबर गरेका छन्।

# भारी वर्षापछि बैंककका सबै ५० जिल्लामा विपद् घोषणा



एएफपी । थाइल्यान्डको राजधानी बैंककमा लगातार तेस्रो दिन परेको भारी वर्षाका कारण अधिकांश क्षेत्र डुबानमा परेपछि शनिबार राजधानीका सबै ५० जिल्लामा विपद्को अवस्था घोषणा गरिएको छ।

विपद् घोषणा भएपछि स्थानीय निकाय तथा सम्बन्धित संस्थाहरूले आवश्यक उद्धार र राहतका कदम चाल्न सक्नेछन् । बैंककका गभर्नरका अनुसार बिहीबार दिउँसोदेखि राजधानीमा करिब ३०० मिलिमिटर वर्षा भइसकेको छ।

मध्य बैंककको उत्तरतर्फ नहर नजिकै बस्ने ६७ वर्षीया सोमकित फ्युक-ङामले पानी कम्मरसम्म पुगेको बताउनुभएको छ। लगातारको डुबानका कारण उनले दुई दिनदेखि आफ्नो पसल बन्द गर्नुभएको छ।

"पानी निरन्तर बढिरहेको छ। अहिले बाहिर निस्कन निकै कठिन छ। यसपटकको डुबान सन् २०११ को बाढीभन्दा पनि गम्भीर देखिन्छ।"

सन् २०११ मा थाइल्यान्डमा आएको भीषण बाढीका कारण ५०० भन्दा बढी मानिसको मृत्यु भएको थियो भने लाखौँ घरमा क्षति पुगेको थियो । बिहीबार दिउँसोदेखि लगातारजसो वर्षा भएपछि बैंककका सडक डुबानमा परेका छन् । राजधानीका नहरमा पानीको सतह बढ्दा नहर आसपासका धेरै घर र रेस्टुरेन्टमा पानी पसेको छ।

आरी क्षेत्रमा मोटरसाइकल चलाउने साम्रुआय नाक्कामनुएङले काममा जान घरबाट निस्कँदा अगाडिको सडक पूरै डुबेको बताउनुभयो । "यति धेरै पानीमा मेरो मोटरसाइकल चलाउन सकिएला कि नसकिएला भन्ने चिन्ता लागेको थियो," उहाँले भन्नुभयो । दक्षिणपूर्वी क्षेत्रमा पर्ने अन नुतमा स्थानीय बासिन्दाहरू घुँडासम्म आउने बाढीको पानीमा हिँडिरहेका देखिएका थिए। कतिपयले घर सुरक्षित राख्न बालुवाले भरिएका बोरा पनि तयार गरिरहेका थिए।

**नहरहरू पानीले भरिए**

बैंककका गभर्नर चादचार्त सिटिपुन्तले राजधानीको पूर्वी क्षेत्र सबैभन्दा बढी प्रभावित भएको बताउनुभएको छ। उहाँले थप वर्षा हुने सम्भावना रहेकाले सावधानी अपनाउन आग्रह गर्नुभयो। "वर्षा निरन्तर भइरहेको छ। हामी पानी बाहिर निकाल्न सक्दो प्रयास गरिरहेका छौँ, तर नहरहरू पनि पानीले भरिएका छन्," उहाँले सामाजिक सञ्जालमार्फत भन्नुभयो।

नहर आसपास बसोबास गर्ने मानिसहरूलाई विशेष सावधानी अपनाउन आग्रह गर्दै उहाँले राजधानीका सबै नहर लगभग भरिइसकेको बताउनुभयो।

जीवनरक्षक स्वास्थ्य उपकरणमा निर्भर शय्यामा रहेका बिरामीहरूलाई केही समयका लागि अस्पतालमा सुरक्षित स्थानान्तरण गर्न पनि गभर्नरले सुझाव दिनुभएको छ। साथै, स्थानीय बासिन्दालाई आफ्ना सवारीसाधन अग्लो स्थानमा सार्न आग्रह गरिएको छ।

बैंककको सार्वजनिक यातायात निकायले अक्टोबर २ सम्म सवारीसाधन सुरक्षित राख्नका लागि रेल सेवाका 'पार्क एन्ड राइड' पार्किङस्थल निःशुल्क प्रयोग गर्न दिने व्यवस्था गरेको छ।

विपद् रोकथाम तथा न्यूनीकरण विभागका अनुसार आइतबारसम्म पूर्वी, उत्तरपूर्वी तथा मध्य थाइल्यान्डमा न्यून चापको प्रभाव रहनेछ । यसका कारण आकस्मिक बाढी, पहाडी क्षेत्रबाट बग्ने पानी, पहिरो तथा नदीमा पानीको सतह बढ्ने जोखिम रहेको विभागले चेतावनी दिएको छ।

# एसियाली शारीरिक सुगठनमा नेपाललाई स्वर्णपदक



काठमाण्डु । नेपालका शारीरिक सुगठन खेलाडी सगेन्द्र सिंहले बैंककमा जारी ५८औँ एसियाली शारीरिक सुगठन च्याम्पियनसिपमा स्वर्णपदक जित्नुभएको छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अनुसार उहाँले पुरुष ७५ केजी तौल समूहमा उत्कृष्ट प्रदर्शन गर्दै स्वर्ण जित्नुभएको हो । सिंहको यो वर्षको दोस्रो अन्तरराष्ट्रिय स्वर्ण पदक हो । यसअघि भुटानमा भएको १६औँ दक्षिण एसियाली शारीरिक सुगठन च्याम्पियनसिपमा उहाँले ८० केजीतर्फ स्वर्णपदक जित्नुभएको थियो।

उक्त प्रतियोगितामा नेपालले तीन स्वर्ण, तीन रजत र एक कास्यसहित सात पदक जितेको थियो। रासस

## नेपालको पर्यटन क्षेत्र सुरक्षित रहेको सन्देश दिन विशेष कार्यक्रम

काठमाण्डु। नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले नेपालको पर्यटन क्षेत्र सुरक्षित रहेको सन्देश दिन दुईदिने विशेष कार्यक्रम आयोजना गरेको छ।

नाट्टाले ४७औं विश्व पर्यटन दिवसको अवसर पारेर कार्यक्रम आयोजना गरेको हो। नाट्टाका महासचिव राजकुमार देवकोटाले नेपालको पर्यटन क्षेत्र पूर्ण रुपमा सुरक्षित, सञ्चालनयोग्य र विश्वभरका पर्यटकका लागि खुला रहेको सन्देश प्रवाह गर्ने कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो।

नाट्टाले शनिबार 'नाट्टा स्वच्छ र हरियाली अभियान-२०२६' सञ्चालन गरेको छ। उक्त अभियान शिवपुरी राष्ट्रिय निकुञ्ज करिडोरअन्तर्गत बूढानिलकण्ठ-टोखा-चण्डेश्वरी क्षेत्रमा सञ्चालन भएको छ।

कार्यक्रमअन्तर्गत भोलि काठमाडौं दरबार क्षेत्र वसन्तपुरबाट 'नेपाल निम्तो-नाट्टा सम्पदा दौड-२०२६' हुनेछ। दौडमा पर्यटन व्यवसायी, विभिन्न सङ्घ संस्थाका प्रतिनिधि, युवा सहभागी हुने जनाइएको छ। रासस

## भन्सार अधिकृत भट्टलाई विभागमा हाजिर हुन पत्राचार




काठमाण्डु। भन्सार विभागले कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीका भन्सार अधिकृत चक्रदेव भट्टलाई तत्कालका लागि जिम्मेवारीबाट हटाएर विभागमा हाजिर हुनका लागि पत्राचार गरेको छ।

भन्सार अधिकृत भट्ट र सशस्त्र प्रहरी बल नेपाल ३४ गण कैलालीका सशस्त्र प्रहरी उपरीक्षक खुमबहादुर केसीबीच केही समय अघि उत्पन्न भएको विवादका सम्बन्धमा आवश्यक बुझ्नका लागि विभागमा बोलाइएको अर्थमन्त्री डा स्वर्णिम वाग्लेको निजी सचिवालयले जनाएको छ। रासस

# भोटेकोशी बाढीको महाविपद एक महिना : खोज, उद्धार तथा राहत वितरण जारी, पुनर्निर्माणमा चुनौती



काठमाण्डु। रसुवाको भोटेकोशी नदीमा अकस्मात बाढी गएको एक महिना भएको छ। गत भदौ १० गते विहान गएको सो अकल्पनीय बाढीको महाविपदबाट रसुवा, नुवाकोट, धादिङ सहितको जिल्लाका विभिन्न स्थानहरूमा अकल्पनीय मानवीय र भौतिक संरचनामा क्षति पुऱ्याएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरकण तथा व्यवस्थापन प्राधिकरणको पछिल्लो विवरण अनुसार बाढीबाट हालसम्म एकहजार ४५३ जनाको अकालमा मृत्यु भएको छ भने पाँच हजार ५५० जना अझै बेपत्ता छन्। यसैगरी १३ हजार ७९५ जनाको उद्धार गरिएको छ। उद्धार गरिएका प्रभावित आश्रयस्थलमा पनि छन्। बाढी प्रभावितको खोज, उद्धार तथा राहत सहित अन्य सेवाका लागि तीनवटै सुरक्षा निकायका २० हजार ४७७ सुरक्षाकर्मी अहोरात्र तल्लीन छन्।

बाढीबाट ४ खर्ब ८ अर्ब २८ करोडभन्दा बढीको क्षति तथा नोक्सानी भएको आकलन गरिएको छ। उक्त विपद्को द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदन अनुसार पुनर्निर्माण एवं पुनर्स्थापनाका लागि ७ खर्ब २३ अर्ब ३१ करोड ५२ लाख रुपैयाँ आवश्यक पर्नेछ। विनाशकारी बाढीबाट ७ हजार ५७० निजी घरहरू क्षतिग्रस्त भएका छन्। यसबाहेक ४८ सार्वजनिक भवन, १८ विद्यालय, ७ स्वास्थ्य संस्था र ३० सांस्कृतिक सम्पदामा क्षति पुगेको छ। सात सय ५९ मेगावाट क्षमताका १३ जलविद्युत् आयोजना र २४ मेगावाटका पाँचवटा सोलार प्लान्ट प्रभावित भएका छन् भने ६९ किलोमिटर सडकखण्ड क्षतिग्रस्त, ३७ वटा मोटरेबल पुलमा क्षति पुगेकोमा ३३ बगेका छन्। यस्तै, ६८ वटा झोलुंगे पुलमा क्षति पुगेको छ। करिव सात हजार ५७० घरहरु प्रभावित हुँदा आठ हजार ३०० घरपरिवार र करिव ४० हजार जनसङ्ख्या प्रभावित भएका छन्। बाढीका कारण उत्पादन क्षेत्रअन्तर्गत एक हजार ८०६ हेक्टर कृषि बालीका साथै पशुपालन, पंक्षीपालन तथा माछापालन पनि प्रभावित भएको छ। त्यसैगरी, १७ बैंक शाखा र चार हजार ८०० व्यापारिक प्रतिष्ठान प्रभावित भएका छन्। बाढी प्रभावितको खोज, उद्धार तथा राहत वितरण जारी छ भने क्षतिग्रस्त झोलुङ्गे पुल पुनर्निर्माण, सडक सञ्जालको पहुँचले जोड्ने लगायतका कार्य द्रुत जारी छ।

**संकटमा 'राज्य र रेडक्रस उपस्थित छन्'**

विनाशकारी बाढीगए लगत्तै रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तरराष्ट्रिय महासङ्घ (आइएफआरसी)को महासचिव तथा प्रमुख कार्यकारी अधिकृत जगन चापागाईंले आवश्यक समन्वय एवं पहल गरी आपत्कालीन सहयोग कोष (ड्रिफ) मार्फत् ( १२ लाख अमेरिकी डलर ) खर्च गर्न स्वीकृति सुनिश्चित गर्दै बाढी प्रभावितको तत्काल खोज, उद्धार तथा राहतमा जुट्न नेपाल रेडक्रसको स्वयंसेवक र 'आइएफआरसी'का 'टिम'लाई आह्वान गर्नुभएको थियो।

साथै नेपाल रेडक्रस सोसाइटीले आफ्नो आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाइ सम्बन्धित जिल्ला शाखा तथा स्वयंसेवकहरूलाई बाढी प्रभावितको खोज, उद्धार परिचालित गरेको थियो। सोसाइटीका अध्यक्ष डा विशालकुमार भण्डारीका नेतृत्वमा एक टोलीले तत्काल प्रभावित क्षेत्रको स्थलगत भ्रमण गरी बाढी प्रतिकार्य सञ्चालनलाई अगाडि बढाएको थियो।

स्वयंसेवकहरूले खोज तथा उद्धारमा सहयोग गर्नुका साथै प्रभावित समुदायको तत्कालीन आवश्यकता पहिचान र समन्वयमा सहयोग पुऱ्याइरहेका छन्। 'आइएफआरसी'को 'ड्रिफ' ले विपद प्रभावितलाई तत्काल उद्धार र राहत सुरुआत गर्न सम्भव बनाइरहेको छ। यसबाट खानेपानी, टेन्ट, तारपोलिन, कम्बल, ओछ्याउने म्याट, प्राथमिक उपचार, स्ट्रेचर, शव व्यवस्थापनका लागि सामग्री (डेथ बडी-ब्याग), मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सहयोग, आपतकालीन स्वास्थ्य सेवा, सरसफाइ 'किट' जस्ता सामग्री तथा सेवा छिटो भन्दा छिटो प्रभावित स्थानमा पठाउन र वितरण गर्न सम्भव भएको जनाइएको छ।

महासचिव तथा प्रमुख कार्यकारी अधिकृत चापागाईंले भन्नुभयो, "ड्रिफ समयमा निकासा हुँदा तत्काल बाढी प्रतिकार्यमा सहयोग पुऱ्यायो। स्वयंसेवक सहित उद्धार टोली प्रभावित क्षेत्रमा पुग्न सफल भए। प्रभावितले राहत सामग्री उपयोग गर्न पाउनुभयो। यसले अकाल मृत्यु, रोग र थप मानवीय पीडाको संकट घटाउन सहयोग पुऱ्यायो। यसबाट विश्वासको वातावरण निर्माण बनाउन सहयोग पुऱ्यायो। संकटका अवस्थामा 'राज्य र रेडक्रस उपस्थित छन्' भन्ने अनुभूति समुदायमा दिलायो। यसले सामाजिक तनाव र अविश्वास घटाउन सहयोग पुऱ्यायो।"

भोटेकोशी बाढीमा 'फ्ल्यास फ्लड'को प्रकृतिअनुसार स्रोत परिचालनको गति पनि अत्यन्तै छिटो भएको र 'ड्रिफ' र आपतकालीन अपिल अत्यन्त छिटो सक्रिय रहेको उहाँले जानकारी दिनुभयो। महासचिव चापागाईं भन्नुभयो,"भोटेकोशी बाढी प्रतिकार्यलाई 'जलवायु संवेदनशील मानवीय प्रतिकार्य'को एउटा महत्वपूर्ण 'मोडेल' बन्न सक्छ।"

बढी प्रतिकार्य अन्तर्गत विभिन्न मानवीय सहायताका काम निरन्तर जारी रहेको नेपाल रेडक्रसले जनाएको छ। नेपाल रेडक्रसको महामन्त्री ऋषिरमण खनालले भोटेकोशी बाढी गएको सुरुआती दिनदेखि प्रतिकार्य निरन्तर जारी रहेको जानकारी दिनुभयो। उहाँले सुरुआती क्षणमा बाढी प्रभावितको खोज,उद्धारमासहयोगको साथसाथै हाल आवास तथा गैरखाद्य, खाद्य सामग्रीको वितरण, खानेपानी, सरसफाइ तथा स्वच्छता, स्वास्थ्य तथा मनोसामाजिक सहयोग, मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग तथा प्राथमिक मनोसामाजिक सहयोग, रेडक्रस आपत्कालिन स्वास्थ्य क्लिनिक, परिवार पुनर्मिलन तथा सम्पर्क पुनःस्थापना, बहुउद्देश्यीय नगद सहायता/नगद तथा भौचर सहायता लगायतका क्षेत्रमा मानवीय सेहायता निरन्तर जारी रहेको बताउनुभयो।

**मानवीय सहायता निरन्तर जारी**

महामन्त्री खनालद्वारा जारी विज्ञप्तिका अनुसार हालसम्म आवास तथा गैरखाद्य सामग्रीको वितरण अन्तर्गत एकहजार २१८ सेट, त्रिपाल ५६३ थान, म्याट्रेस ७०१ थान र कम्बल एकहजार ३२४ थान वितरण गरिएको भने करिव दुई हजार प्रभावित परिवारलाई खाद्य सामग्री सहयोग गरिएको छ। एकमहिनाका अवधिमा बाढी प्रभावित दुई हजार २०० घरधुरीमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा पुऱ्याएको, १८ पानी ट्याङ्की व्यवस्थापन गरिएको र आवश्यक स्थानहरुमा ट्याङ्करबाट पानी वितरण गरिएको सोसाइटीले जनाएको छ। विज्ञप्तिमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग तथा प्राथमिक मनोसामाजिक सहयोगबाट एकहजार ७१० बाढी प्रभावित लाभन्वित भएका, रेडक्रस आपत्कालिन स्वास्थ्य क्लिनिक सेवाबाट एकजार २३९ जनालाई आवश्यक स्वास्थ्य परीक्षण, औषधि अन्य आवश्यक सेवा उपलब्ध गराएको, परिवार पुनर्मिलन तथा सम्पर्क पुनःस्थापनाबाट दुईहजार २९१ खोजतलाससम्बन्धी 'केस'मा सेवा तथा सहजीकरण गरिएको साथै नेपाल सरकारका विभिन्न सुरक्षा निकायहरुलाई दुईहजार शव व्यवस्थापन झोला उपलब्ध गराइएको उल्लेख छ।

विज्ञप्तिमा बहुउद्देश्यीय नगद सहायता/नगद तथा भौचर सहायता सेवा अन्तर्गत बाढीबाट प्रभावित समुदायको तत्काल आवश्यकता परि पूर्तीको लागि धादिङको १९८ र नुवाकोटका २६२ घरधुरीलाई नगद सहयोग उपलब्ध गराइएको, समुदायको गुनासा, सुझाव तथा आवश्यकता सङ्कलन सेवा अन्तर्गत विभिन्न माध्यमबाट समुदायबाट प्राप्त करिब ३५० गुनासा, जिज्ञासा, अनुरोध तथा सुझावहरू संकलन गरी आवश्यक जानकारी, सहजीकरण तथा 'रेफरल' सेवा प्रदान गरिएको, संरक्षण, लैङ्गिक तथा समावेशीकरण अन्तर्गत मर्यादा 'किट' ५८७ र स्वच्छता किट एकहजार ०८७ वितरण गरिएको तथा बालमैत्री सुरक्षित स्थान मार्फत् एकहजार १८९ बालबालिकालाई सेवा उपलब्ध गराएको उल्लेख छ। मर्यादा 'किट' ५८७ र स्वच्छता किट एकहजार ०८७ वितरण गरिएको तथा बालमैत्री सुरक्षित स्थान मार्फत् एकहजार १८९ बालबालिकालाई सेवा उपलब्ध गराएको उल्लेख छ।

सूचना तथा सहायता कक्ष सेवा अन्तर्गत प्रभावित समुदायलाई सूचना, आवश्यक सहयोग तथा सहजीकरण उपलब्ध गराउन विभिन्न १७ स्थानमा सहायता/सूचना कक्ष सञ्चालन गरी सेवा उपलब्ध गराएको र सूचना, शिक्षा तथा सञ्चार सामग्री सेवा अन्तर्गत बाढी प्रभावित समुदायका लागि बाढी तथा पहिरोबाट सुरक्षित रहने उपाय, भारी वर्षासम्बन्धी पूर्वसूचना तथा सुरक्षा सन्देश, खानेपानी तथा सरसफाइ, पानी शुद्धीकरण, स्वास्थ्य तथा सरसफाइ, परिवार पुनर्मिलन तथा सम्पर्क पुनःस्थापना, राहत तथा सेवामा पहुँच, बहुउद्देश्यीय नगद सहायता तथा समुदायको गुनासा/सुझाव दर्ता गर्ने प्रक्रियासम्बन्धी सूचना सामग्री विकास गरी रेडक्रसको सामाजिक सञ्जाल र रेडियो मार्फत प्रचारप्रसार गरिएको पनि विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ "विशेषगरी विस्थापित तथा जोखिममा रहेका परिवारको अवस्था, मौसमजन्य जोखिम र स्थानीय आवश्यकताका आधारमा राहत तथा मानवीय सहायता निरन्तरता दिने, आवश्यक सामग्रीको समयमै व्यवस्थापन गर्ने तथा प्रभावित समुदायको आवश्यकता र प्राथमिकताअनुसार प्रतिकार्यलाई थप सुदृढ गर्ने विषय नेपाल रेडक्रसको प्राथमिकतामा रहेको छ। साथै, प्रभावित परिवारको पुनःस्थापना तथा पुनर्लाभका लागि नेपाल सरकारका प्राथमिकतामा रहेका क्षेत्रहरूमा सहयोग पुग्ने गरी आवास, स्वास्थ्य, जीविकोपार्जन, खानेपानी तथा सरसफाइ लगायतका क्षेत्रमा आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्ने योजना छ। यस विपद्का समयमा प्रभावित समुदायको जीवनरक्षा, राहत तथा मानवीय सहायता र आवश्यक सेवाहरू निरन्तर सञ्चालन गर्न सहयोग पुऱ्याउनुहुने रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरूको अन्तर र्राष्ट्रिय महासङ्घ, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, साझेदार राष्ट्रिय सोसाइटी , नेपाल सरकार तथा सम्बन्धित सरकारी निकाय, स्थानीय तह, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, निजी क्षेत्र, सञ्चारमाध्यम, स्वयंसेवक तथा सहयोगी व्यक्ति र सम्पूर्ण सरोकारवालाहरूप्रति नेपाल रेडक्रस धन्यवाद तथा आभार व्यक्त गर्दछ।" रासस

## जिडिआईमार्फत विकासशील मुलुकको विकास सहकार्यलाई तीव्रता दिनुपर्नेमा नेपालको जोड



काठमाण्डु। परराष्ट्रमन्त्री शिशिर खनालले सन् २०३० सम्म दिगो विकास लक्ष्य (एसडिजी) हासिल गर्न बाँकी अवधिलाई तीव्र कार्यान्वयनको समयका रूपमा उपयोग गर्नुपर्ने बताउनुभएको छ।

संयुक्त राष्ट्रसंघको मुख्यालयमा शनिबार आयोजित 'ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई)' सम्बन्धी उच्चस्तरीय बैठकमा उहाँले विकासशील मुलुकहरूको वित्तीय आवश्यकता, द्वन्द्व, जलवायु आपत्काल र ऋणको दबाबका बीच विकासका प्रतिबद्धतालाई परिणाममा रूपान्तरण गर्न अन्तरराष्ट्रिय सहयोग आवश्यक भएको बताउनुभयो।

परराष्ट्रमन्त्रीको निजी सचिवालयका अनुसार उहाँले चिनियाँ राष्ट्रपति सी चिनफिङले अघि सार्नुभएको उक्त अवधारणालाई व्यावहारिक सहकार्यमा रूपान्तरण गर्न चीनले निरन्तर गर्दै आएको प्रयासको प्रशंसा गर्नुभयो।

मन्त्री खनालले भन्नुभयो, "पाँच वर्षमा जिडिआई विकासशील विश्वभर साझेदारी, स्रोत परिचालन, ज्ञान आदानप्रदान र व्यावहारिक सहकार्यको मञ्चका रूपमा विस्तार भएको छ।"

गरिबी न्यूनीकरण, खाद्य सुरक्षा, विकास वित्त, हरित विकास, औद्योगिकीकरण र डिजिटल अर्थतन्त्रमा जिडिआईको प्राथमिकताले 'ग्लोबल साउथ' का धेरै प्राथमिकतालाई सम्बोधन गर्ने उहाँले बताउनुभयो।

नेपाल जिडिआईको ग्रुप अफ फ्रेन्ड्समा सहभागी भइसकेको जानकारी दिँदै मन्त्री खनालले व्यावहारिक सहकार्य र दक्षिण-दक्षिण साझेदारीमा यसको जोडलाई नेपालले महत्व दिएको बताउनुभयो।

नेपालले आफ्नो विकासका आकाङ्क्षा अघि बढाउँदै गर्दा गरिबी न्यूनीकरण, कृषि तथा खाद्य सुरक्षा, नवीकरणीय ऊर्जा, उत्थानशील पूर्वाधार, विपद् तयारी, डिजिटल रूपान्तरण र मानव स्रोत विकासका क्षेत्रमा जीडीआई सहकार्यको महत्वपूर्ण सम्भावना रहेको मन्त्री खनालले बताउनुभयो।

उत्पादन क्षमता अभिवृद्धि, ज्ञान तथा प्रविधि हस्तान्तरण, सीप विकास तथा आफ्नै क्षमतामार्फत अवसर विस्तार गर्न सहयोग पुऱ्याउने सहकार्यलाई नेपालले महत्व दिएको उहाँको कथन थियो। रासस

## साल्ट ट्रेडिङ कर्पोरेशनको सुपथ मूल्य पसल : उपभोक्ताको आकर्षण

बागलुङ। साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडद्वारा दशैं , तिहार तथा छठपर्वलाई लक्षित गरी सञ्चालन गरिएको सुपथ मुल्य पसलले उपभोक्तालाई राहत मिलेको छ।

कर्पोरेशनले जिल्लामा यही असोज ५ गते सोमबारदेखि चाडपर्व लक्षित सुपथ मूल्य पसल सञ्चालनमा आएको आएपछि उपभोक्ताको भीड नै लागेको छ। दैनिक ५०० जनासम्म उपभोक्ता सुपथ मुल्य पसलमा आउने गरेको पाइएको छ। साल्ट




ट्रेडिङ कर्पोरेसन बागलुङ शाखाले सहुलियत मुल्यमा चिनी, नून, दाल, चिउरा,मैदा, तोरीको तेल र आटाको सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको हो।

उपभोक्ता सन्जय शर्माले चाडपर्वका मुखमा उपभोक्तालाई खाद्य पदार्थमा केही सहुलियत दिएपछि राहत मिलेको बताउनुभयो।

नजिकिँदै गरेको दशैं, तिहार, छठलगायत ठूला चाडपर्वमा नागरिकलाई सहुलियतका लागि बागलुङ नगरपालिका-४ उपल्लाचौरस्थित कार्यालयमा सुपथ मूल्य पसल सञ्चालन ल्याइएको साल्ट ट्रेडिङ कर्पोरेसन बागलुङका कार्यालय प्रमुख मनोजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

कार्यलयले हरेक वर्ष सुपथ मूल्य पसल सञ्चालनमा ल्याउने गरेको छ। सुपथ मुल्यसँगै गुणस्तरीय समाग्रीका लागि उपभोक्ता लाइनमा बसेरै खाद्य सामग्री खरिद गर्न थालेका छन्।

बजारमा मुल्य वृद्धि भइरहेको चिनी, नुन तथा तेललगायतका उपभोग्य बस्तु सरकारी निकायले छुट सुविधासहित दिएपछि उपभोक्ता लामबद्ध भएर खरिद गर्न व्यस्त छन्। उपभोक्तालाई बिलसहित कारोवार गरिरहेको छ। पसलबाट ग्राहकले सुपथ मूल्यमा नुन, चिनी, खाने तोरीको तेल तथा आटा खरिद गर्न सक्ने प्रमुख श्रेष्ठले बताउनुभयो। पसल आगमी कात्तिक ३० गतेसम्म सञ्चालनमा रहने जनाइएको छ। रासस

## अन्तरराष्ट्रिय वित्तीय संरचनामा सुधार गर्न परराष्ट्रमन्त्री खनालको आह्वान

काठमाण्डु। परराष्ट्रमन्त्री शिशिर खनालले विकासशील मुलुकको विश्व आर्थिक शासन व्यवस्थामा आवाज र प्रतिनिधित्व बढाउने गरी अन्तरराष्ट्रिय वित्तीय




संरचनामा समयानुकूल सुधार गर्न आह्वान गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घको मुख्यालय, न्यूयोर्कमा संयुक्त राष्ट्रसङ्घको ८१औं महासभाका अवसरमा आज आयोजित' समूह-७७ र चीनको ५०औं वार्षिक बैठकलाई सम्बोधन गर्दै उहाँले यस्तो धारणा राख्नुभएको हो।

मन्त्री खनालले बहुपक्षीयतालाई सुदृढ गर्न एकता र सामूहिक प्रयासलाई नवीकरण गर्नुपर्नेमा जोड दिँदै ग्लोबल साउथको आवाजलाई प्रभावकारी रूपमा उठाउनुपर्ने बताउनुभएको उहाँको सचिवालयले जनाएको छ।

उहाँले संयुक्त राष्ट्रसङ्घ केन्द्रित नियममा आधारित बहुपक्षीय प्रणालीलाई थप सुदृढ गर्न, पर्याप्त तथा सुलभ वित्तीय स्रोत, प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धिमार्फत दिगो विकास लक्ष्य (एसडीजी) कार्यान्वयनलाई तीव्रता दिनुपर्ने उल्लेख गर्नुभयो। आर्थिक तथा डिजिटल रूपान्तरणमार्फत विद्यमान असमानता घटाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

नेपालमा हालै आएको भोटेकोशी बाढीबाट भएको ठूलो जनधनको क्षतिको प्रसङ्ग उल्लेख गर्दै परराष्ट्रमन्त्री खनालले जलवायु न्यायको आवश्यकता औंल्याउनुभयो। उहाँले जलवायुजन्य विपद् सामना गर्न अनुदानमा आधारित जलवायु वित्तको व्यवस्था गर्नुपर्ने बताउँदै साझा समृद्धिका लागि नर्थ-साउथ, साउथ-साउथ र त्रिकोणीय सहयोगलाई थप सुदृढ गर्न आह्वान गर्नुभयो। रासस

## मध्य-मर्स्याङ्दीको विद्युत् उत्पादन बन्द

लमजुङ। निरन्तरको वर्षाका कारण मर्स्याङ्दी नदीमा पानीसँगै बालुवा तथा गेग्रानको मात्रा बढेपछि लमजुङको ७० मेगावाट क्षमताको मध्य-मर्स्याङ्दी जलविद्युत् आयोजनाले आज विद्युत् उत्पादन बन्द गरी टर्वाइनको सफाइ थालेको छ।

बैंसीसहर नगरपालिका-१ दलालमा रहेको आयोजनाले आज दिउँसोदेखि विद्युत् उत्पादन बन्द गरी दुईवटै टर्वाइनमा जम्मा भएको बालुवा सफाइको काम थालेको हो। आयोजना प्रमुख तारादत्त भट्टराईका अनुसार मर्स्याङ्दी नदीमा निरन्तर पानीको बहाव बढेसँगै बालुवा बढी आउन थालेपछि विद्युत् उत्पादनमा असर पर्नसक्ने भएकाले नेपाल विद्युत् प्राधिकरणबाट अनुमति लिएर आयोजना 'सटडाउन' गरिएको हो।

"नदीमा पानीसँगै बालुवा धेरै आइरहेको छ। यसले टर्वाइनमा असर पार्नसक्ने भएकाले आज दिउँसोदेखि आयोजना 'सटडाउन' गरेर दुईवटै टर्वाइनमा बालुवा सफाइको काम सुरु गरेका छौं", उहाँले भन्नुभयो।

उहाँका अनुसार टर्वाइनको बालुवा सफाइको काम सम्पन्न गर्न कम्तीमा चारदेखि पाँच घण्टा लाग्नेछ। सफाइको काम सकिएपछि अवस्था हेरेर विद्युत् उत्पादन पुनःसञ्चालन गरिनेछ। मध्य-मर्स्याङ्दी लमजुङमा निर्माण भएको पहिलो ठूला जलविद्युत् आयोजना हो। आयोजनामा ३५/३५ मेगावाट क्षमताका दुई वटा टर्वाइनबाट कुल ७० मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ।

यसैगरी, मर्स्याङ्दी गाउँपालिका-८ भुलभुलेमा रहेको ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी ए जलविद्युत् आयोजनाले पनि आज बिहान करिब तीन घण्टा विद्युत् उत्पादन बन्द गरी दुवै टर्वाइनको सफाइ गरेको छ। रासस

# तीन महिनामै २७ करोड ८५ लाखको अवैध सामान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा सीमा सुरक्षासँगै अवैध चोरी-तस्करी नियन्त्रणलाई तीव्र बनाएको सशस्त्र प्रहरी बल नेपालले पछिल्लो तीन महिनामा करिब २७ करोड ८५ लाख रुपैयाँ बराबरका अवैध सामान बरामद गरेको छ।

बरामद सामग्रीमा किराना तथा दैनिक उपभोग्य वस्तु, कपडा, सुर्तीजन्य पदार्थ, इलेक्ट्रोनिक्स, हार्डवेयर, मोटरपार्ट्स र कस्मेटिकलगायतका सामान रहेको जनाइएको छ। सशस्त्र प्रहरीका अनुसार अवैध सामान ओसारपसारमा प्रयोग भएका सवारीसाधनमाथि समेत कारबाही गरिएको छ।



यस क्रममा १० करोड २२ लाख रुपैयाँभन्दा बढी मूल्यका सवारीसाधन नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाइएको छ। तस्करी नियन्त्रणकै क्रममा ३० लाख रुपैयाँभन्दा बढी मूल्य बराबरको करिब १ हजार १ सय क्यूफिट काठ तथा १ सय २ ग्राम चाँदी पनि बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ। अवैध कारोबारमा संलग्न भएको आशंकामा ८४ जनालाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ।

नेपाल-भारत खुला सीमाका कारण हुने लागूऔषध ओसार पसार नियन्त्रणलाई प्राथमिकतामा राखेका सशस्त्र प्रहरीले तीन महिनाको अवधिमा मधेशका विभिन्न सीमा क्षेत्रबाट १९३ ग्राम ब्राउन सुगर, ९ किलो ५ सय ग्राम चरेस र १ हजार ६ सय ६ किलोभन्दा बढी गाँजा बरामद गरिएको छ।

यस अवधिमा तीन थान कटुवा पेस्तोल, दुई थान सिक्सर र दुई थान भरुवा बन्दुक तथा तिनमा प्रयोग हुने राउन्ड र बारुद बरामद गरिएको छ। सीमा क्षेत्रमा हुने मानव बेचबिखन तथा ओसारपसार रोक्न पनि निगरानी बढाइएको सशस्त्र प्रहरीले जनाएको छ मानव बेचबिखनको आशंकामा २९ महिला र ३० पुरुष गरी ५९ जनालाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ।

सशस्त्र प्रहरीका अनुसार मधेश प्रदेशमा सीमा सुरक्षासँगै चोरी-तस्करी, सीमा अपराध,लागूऔषधकारोबार,मानव बेचबिखनलगायतका गतिविधि नियन्त्रण गर्न सीमा क्षेत्रमा थप निगरानी र गस्ती बढाइएको छ। साम्प्रदायिक प्रदर्शन, बलात्कारका घटना, सीमापार अपराध तथा विपद्का घटनामा समेत अन्य सुरक्षा निकाय र स्थानीय तहसँग समन्वय गरी परिचालन हुँदै आएको सशस्त्रको भनाइ छ।

सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन सीमा स्तम्भहरूको डिजिटल अभिलेख अद्यावधिक गर्नुका साथै तिनको भौतिक अवस्थाबारे नियमित अनुगमन भइरहेको छ। नेपाल र भारतका समकक्षी सुरक्षा निकायबीच समन्वय गरी सीमा स्तम्भको मर्मतसम्भार तथा दशगजा क्षेत्रको सुरक्षामा समेत काम भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।

यसैबीच, मधेश प्रदेशका विभिन्न नदी तथा खोलाबाट अवैध रूपमा नदीजन्य पदार्थ उत्खननमा प्रयोग भएका २२ वटा ट्र्याक्टर, २६ वटा टिपर र दुई वटा जेसीबी नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ। यसले सीमा सुरक्षासँगै प्रदेशभित्र हुने अवैध उत्खनन नियन्त्रणमा समेत सशस्त्र प्रहरी परिचालित रहेको देखाएको छ।

विभिन्न विपद्का घटनामा १५ पुरुष र १५ महिला गरी ३० जनालाई सकुशल उद्धार गरिएको सशस्त्रको तथ्यांक छ। त्यस्तै विभिन्न दुर्घटना तथा घटनामा घाइते भएका २११ पुरुष र ६३ महिला गरी २७४ जनालाई उद्धार गरी उपचारका लागि अस्पताल पुऱ्याइएको जनाइएको छ।

अवैध गतिविधि नियन्त्रणका लागि प्राप्त सूचनालाई आधार बनाएर मधेशस्थित सशस्त्र प्रहरी बलका इकाइहरूले विशेष टोलीसमेत परिचालन गरिरहेका छन्। बाहिनी तहमा वरिष्ठ अधिकृतको नेतृत्वमा स्ट्राइकिङ टोली परिचालन गर्नुका साथै सीमा क्षेत्रमा रहेका गणहरूमा सीमाको नियमित अनुगमनका लागि छुट्टै अधिकृत खटाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# सोह्र श्राद्ध शुरु : ऋषि तर्पण सम्पन्न, आजदेखि पितृ तर्पण

**टुडे समाचारदाता**

जनकपुरधाम । दिवंगत पितृप्रति श्रद्धा, स्मरण र सम्मान प्रकट गर्ने सोह्र श्राद्धअन्तर्गतको तर्पण कर्म तराई-मधेशमा सुरु भएको छ। सोह्र श्राद्धको औपचारिक क्रम सुरु हुनुअघि शनिबार ऋषि तर्पणी सम्पन्न भएपछि जनकपुरधामसहित मधेशका विभिन्न क्षेत्रमा पितृ तर्पण गर्ने क्रम सुरु भएको हो।

सोह्र श्राद्धमा दिवंगत आफन्तको स्मरण गर्दै तर्पण, पिण्डदान र सिदादान गर्ने धार्मिक परम्परा छ। जनकपुरधामका गंगासागर, धनुषसागरलगायतका धार्मिक तथा जलाशय क्षेत्रमा शनिबार बिहानैदेखि तर्पणका लागि श्रद्धालुको उल्लेख्य भीड देखिएको थियो। जनकपुरधाममा स्थानीयसँगै भारतको सीमावर्ती क्षेत्रबाट समेत श्रद्धालुहरू पितृलाई जल अर्पण गर्न पुगेका थिए।

परम्पराअनुसार पितृ तर्पण गर्नुअघि ऋषिहरूप्रति सम्मान प्रकट गर्दै ऋषि तर्पणी गरिन्छ। ऋषि तर्पणीका क्रममा कांक्रो र खरकये फूल अर्थात् फूल्की प्रयोग गरी जल अर्पण गर्ने चलन रहेको पण्डित उमाशंकर झाले बताए। त्यसपछि पितृ पक्षका दिनहरूमा कुश, जौ र तिलसहित मन्त्रोच्चारण गरेर दिवंगत पूर्वजलाई तर्पण दिने धार्मिक परम्परा रहेको उनले जानकारी दिए।

यस वर्ष ऋषि तर्पणी एक दिन अगाडि परेको विषयमा केही अन्योल देखिए पनि यो तिथि परिवर्तनका कारण भएको पण्डित झाले स्पष्ट पारे। उनका अनुसार सोह्र श्राद्धमा ऋषि तर्पण एक दिन र पितृ पक्षको तर्पण १५ दिन गरी जम्मा १६ दिनको धार्मिक क्रम हुन्छ। विगतमा ऋषि तर्पण र पितृ तर्पण एउटै दिन पर्ने अवस्था भए पनि यस वर्ष तिथिको गणनाअनुसार दुवै फरक दिनमा परेको हो। प्रतिपदादेखि अमावस्यासम्मको पितृ पक्ष १५ दिन हुने भएकाले त्यसअघि ऋषि तर्पण गर्ने परम्परा रहेको उनले बताए।



सोह्र श्राद्धका क्रममा दिवंगत व्यक्तिको मृत्यु भएको तिथिअनुसार पिण्डदान गर्ने प्रचलन छ। सबै १६ दिन तर्पण गर्न नसक्नेले पिण्डदान गर्ने दिनसम्मको धार्मिक विधि पूरा गरेर कुश परित्याग गर्न सक्ने मान्यता पनि रहेको पण्डित झाको भनाइ छ।

धार्मिक विश्वासअनुसार पितृ पक्षका बेला दिवंगत पूर्वजको आत्मा आफ्ना सन्तानको वरिपरि आउने र उनीहरूबाट पिण्ड तथा जलको अपेक्षा गर्ने विश्वास गरिन्छ। सन्तानले श्रद्धापूर्वक श्राद्ध तथा तर्पण गरेमा दिवंगत पितृको आत्माले शान्ति र मोक्ष प्राप्त गर्ने धार्मिक मान्यता छ। त्यसैले सोह्र श्राद्धलाई आफ्ना पूर्वजप्रति कृतज्ञता व्यक्त गर्ने, उनीहरूको स्मरण गर्ने र पारिवारिक संस्कारलाई निरन्तरता दिने महत्वपूर्ण अवसरका रूपमा लिइन्छ।

यस वर्षको श्राद्ध तिथिअनुसार असोज ११ गते प्रतिपदा, १२ गते द्वितीया, १३ गते तृतीया र १४ गते चतुर्थी श्राद्ध परेको छ। असोज १५ गते पञ्चमी र षष्ठी, १६ गते सप्तमी, १७ गते अष्टमी तथा १८ गते नवमी श्राद्ध हुनेछ। त्यसैगरी असोज १९ गते दशमी, २० गते एकादशी, २१ गते द्वादशी र त्रयोदशी, २२ गते चतुर्दशी तथा २३ गते महालय अर्थात् अमावस्या श्राद्ध हुनेछ। असोज २४ गते औँसी श्राद्धसँगै यस वर्षको सोह्र श्राद्धको क्रम पूरा हुनेछ।

यस वर्ष पञ्चमी र षष्ठी तथा द्वादशी र त्रयोदशी एउटै दिन परेको छ। त्यसैले सम्बन्धित परिवारले आफ्नो पितृको मृत्यु तिथि, स्थानीय पञ्चाङ्ग र पुस्तौंदेखि चलिआएको पारिवारिक परम्परालाई आधार मानेर श्राद्धको दिन निर्धारण गर्नुपर्ने धार्मिक जानकारहरू बताउँछन्। पितृको तिथि थाहा नभएको वा विशेष परिस्थिति परेको अवस्थामा परिवारमा प्रचलित धार्मिक विधिअनुसार अन्तिम दिन श्राद्ध गर्ने मान्यता पनि रहेको छ।

सोह्र श्राद्ध किन मनाइने बारे पण्डित झा भन्छन – सोह्र श्राद्धलाई पितृप्रति कृतज्ञता, स्मरण र श्रद्धा व्यक्त गर्ने कर्मको रूपमा लिइन्छ। यस अवधिमा तर्पण, पिण्डदान र सिदादानलगायतका कर्म गरिन्छन्। धार्मिक मान्यता अनुसार यस्ता कर्मबाट पितृप्रति सम्मान र तिनीहरुको आत्मको शान्ति तथा मोक्ष प्राप्त हुन्छ।

# ट्रकको ठक्करबाट एकको मृत्यु

**टुडे समाचारदाता**

बारा। बाराको जितपुर सिमरा उपमहानगरपालिका -२२, तीन नम्बर पुलस्थित ट्रकको ठक्करबाट स्कुटर चालकको मृत्यु भएको छ।

गएराति २३:०० बजेको समयमा हेटौँडाबाट पथलैयातर्फ जाँदै गरेको ना ६ ख ३६४४ नम्बरको ट्रकले सोही दिशातर्फ जाँदै गरेको बा.प्र.०२-०६५ प ७५७५ नम्बरको स्कुटरलाई पछाडिबाट ठक्कर दिँदा स्कुटर चालक गम्भीर घाइते भएका थिए।

दुर्घटनाले टाउकोमा चोट लागेका स्कुटर चालक मोरङ, लाङटाङ नगरपालिका -०१ बस्ने अन्दाजी ३५ वर्षीय योगेन्द्र मगरलाई उपचारका लागि नारायणी अस्पताल, वीरगञ्ज पठाइएको थियो। उपचारकै क्रममा राति २३:५० बजे चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

दुर्घटनापछि इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट प्र.ब.ना.नि. प्रकाशकुमार खत्री तथा इलाका प्रहरी कार्यालय सिमराबाट प्रहरी नायव उपरीक्षक दयाकृष्ण भट्टको कमाण्डमा खटिएको प्रहरी टोली उद्धार कार्यमा खटिएका थिए भने ट्रक र चालक बारा, जितपुरसिमरा उपमहानगरपालिका -२१ बस्ने अन्दाजी ३३ वर्षीय राजन खड्कालाई नियन्त्रणमा लिई उक्त दुर्घटनाको सम्बन्धमा थप अनुसन्धान समेत भइरहेको छ।

# नेपाली कांग्रेस विदेहको अध्यक्षमा साह



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस विदेह नगरपालिकाको १५ औं नगर अधिवेशनबाट नयाँ कार्यसमितिका लागि सभापति पदमा गणेश साह चयन भएको छ।

साहको नेतृत्वमा चयन गरिएको कार्यसमितिको उपसभापतिमा योगेन्द्र यादव, महिला उपसभापतिमा कुशुम देवी शर्मा, सचिवमा जीबछ तिवारी र सहसचिवमा रतनेश यादव सहसचिवमा सर्वसम्मत रूपमा चयन भएको छ।

नवनिर्वाचित पदाधिकारीलाई सहभागी नेता-कार्यकर्ताले बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन्। नवनिर्वाचित सभापति साहले कांग्रेसका सबै साथीलाई समेटेर लग्ने छौ भने संगठन विस्तारमा आफ्नो बढी जोड रहने प्रतिबद्धता जनाएका छन्।

# भोटेकोशीमा बेपता भएका साह र मण्डलको कुशको शव बनाएर अन्तिम संस्कार

**टुडे समाचारदाता**

जनकपुरधाम । रसुवाको भोटेकोसी नदीमा गत भदौ १० गते आएको विनाशकारी बाढीमा परी बेपत्ता भएका बारा जिल्ला निवासी नेपाली सेनाका जवान सुरजकुमार साह र महोत्तरी मटिहानीका गंगाराम मण्डलको एक महिनापछि कुशको शव बनाएर अन्तिम दाहसंस्कार गरिएको छ।

बाराको सुवर्ण गाउँपालिका-१ स्थित टियरी नदी किनारमा शनिबार हिन्दु धार्मिक परम्परा अनुसार कुशको शव बनाएर साहको अन्तिम संस्कार गरिएको हो। दाहसंस्कार अघि नेपाली सेनाले साहलाई सैनिक सम्मानसहित सलामी अर्पण गरेको थियो।

सुवर्ण गाउँपालिका-१ सोलकपुर कुम्हटोली निवासी साह नेपाली सेनाको श्रीनाथ गणमा कार्यरत थिए। भदौ १० गते रसुवामा आएको बाढीका क्रममा ड्युटीमा रहेका बेला उनी बेपत्ता भएका थिए। बाढीमा बेपत्ता भएपछि लामो समयसम्म खोजी गर्दा समेत साहको अवस्था पत्ता लाग्न नसकेपछि परिवारले धार्मिक परम्पराअनुसार कुशको शव बनाएर अन्तिम संस्कार गरेको हो।




अन्तिम संस्कारमा सुवर्ण गाउँपालिकाका अध्यक्ष राजेश यादव, नेपाली कांग्रेसका नेता सतेन्द्र यादव, जेनजी अगुवा अजय यादव, नेपाली सेनाका प्रतिनिधि तथा स्थानीय बासिन्दाको सहभागिता रहेको थियो।

यस्तै महोत्तरीको मटिहानी नगरपालिका-७ का ४० वर्षीय गंगाराम मण्डलको पनि कुशको शव बनाएर अन्त्येष्टि गरिएको छ। गत भदौ १० गते रसुवाको बाढीमा बेपत्ता उनको लामो समयसम्म खोजबिन गर्दा र घर नफर्केपछि मृत्यु भइसकेको ठानेर कुशको शव बनाएर अन्त्येष्टि गरिएको हो।

उनलाई १७ वर्षीय छोरा आदत्य राजले दागबत्ती दिएका छन्। बुबा अशेश्वर मण्डलको एकलो छोरा गंगाराम रिचा ट्र्याकस प्रालिमा भान्सेको रूपमा काम गर्दै आएका थिए। कैलाश मानसरोवर यात्रा गर्नेहरूसँगै गएका गंगाराम भदौ १० गतेको विनाशकारी बाढीपछि बेपत्ता छन्।

# जनमतबाट मन्त्री बनेका खान रास्वपा प्रवेशको तयारीमा



**टुडे समाचारदाता**

काठमाण्डू । तत्कालिन जनमत पार्टीका नेता अब्दुल खानसहित केही नेता राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गर्ने तयारी गरिरहेका छन्।

खानको नेतृत्वमा केही युवाले शुक्रबार रास्वपा सभापति रवि लामिछानेलाई भेटेर पार्टीमा आबद्ध हुने विषयमा छलफल गरेका छन्। भेटमा जनमत पार्टीका नेता एवं उद्योगमन्त्री ई. दीपक साह पनि सहभागी थिए। उक्त भेटघाटको समन्वय मन्त्री साहले गरेको बुझिएको छ।

हाल नागरिक उन्मुक्ति पार्टी नेपालका वरिष्ठ उपाध्यक्ष रहेका खानले भने आफू रास्वपामा प्रवेश गरिसकेको भन्ने कुरा अस्वीकार गरेका छन्। उनका अनुसार लामिछानेसँग चुनावी सहकार्यका विषयमा मात्रै छलफल भएको हो।

> हाल नागरिक उन्मुक्ति पार्टी नेपालका वरिष्ठ उपाध्यक्ष रहेका खानले भने आफू रास्वपामा प्रवेश गरिसकेको भन्ने कुरा अस्वीकार गरेका छन्। उनका अनुसार लामिछानेसँग चुनावी सहकार्यका विषयमा मात्रै छलफल भएको हो।

'पार्टी प्रवेशको कुरा होइन, चुनावमा सहकार्यका लागि कुराकानी भएको हो, अरू केही होइन,' खानले भने।

खान जनमत पार्टीका अध्यक्ष सीके राउतसँग लामो समय काम गरेका नेता हुन्। स्वतन्त्र मधेस गठबन्धनदेखि जनमत पार्टी गठनसम्म उनी राउतसँगै थिए। उनी जनमत पार्टीबाट संघीय सरकारमा यसअघि खानेपानी मन्त्री समेत बनेका थिए। जेनजी आन्दोलनपछि जनमत पार्टी छाडेका खान रेशम चौधरीसँग मिलेर नागरिक उन्मुक्ति पार्टी नेपाल गठनमा सहभागी भएका थिए। उनी उक्त पार्टीको उपाध्यक्ष बनेका थिए।

खान प्रतिनिधिसभा सदस्यको निर्वाचनमा समेत उम्मेदवार बनेका थिए। निर्वाचनमा पराजित भएपछि उनी नागरिक उन्मुक्ति पार्टीमा सक्रिय थिएनन्। शुक्रबार नागरिक उन्मुक्ति पार्टीको केन्द्रीय सचिवालय बैठक चलिरहेका बेला खानले रास्वपा सभापति लामिछानेसँग भेट गरेका हुन्।

यता, यसअघि जनमत पार्टी छाडेर रास्वपामा प्रवेश गरेका सुरेन्द्रनारायण यादवले भने अब्दुल खानसहित केही नेता रास्वपामा आइसकेको दाबी गरेका छन्। 'अब्दुलजीहरू रास्वपामा आइसक्नुभएको छ। अब पार्टीमा कसरी समायोजन गर्ने भन्ने विषयमा छलफल भइरहेको छ,' यादवले भने।

उनका अनुसार शुक्रबार लामिछानेलाई भेट्न पुगेका अधिकांश नेता यसअघि नै जनमत पार्टी छाडिसकेका व्यक्ति हुन्। उनीहरूलाई रास्वपामा समायोजन गर्ने विषयमा छलफल भइरहेको यादवले बताए।

यादवले यसअघि नै अब्दुल खानसहित अन्य नेताहरूको नाम रास्वपामा बुझाइएको भए पनि विभिन्न कारणले त्यतिबेला समावेश हुन नसकेको बताए। अहिले उनीहरूलाई पार्टीमा समेट्ने विषयमा छलफल भइरहेको उनको भनाइ छ।

'कुन नेतालाई कहाँ जिम्मेवारी दिने, कहाँ-कहाँ राख्ने भन्ने विषयमा छलफल चलिरहेको छ। एक ठाउँमा जुटेर देश, जनता र सङ्गठनको हितका विषयमा छलफल भएको हो,' यादवले भने।

खान भने आगामी स्थानीय तहको निर्वाचनमा उम्मेदवार बन्ने तयारीमा रहेको बताइएको छ। स्रोतका अनुसार आफ्नो उम्मेदवारी सुनिश्चित हुने अवस्था बनेमा उनी रास्वपासँग आबद्ध हुने मनस्थितिमा छन्।

**सुरक्षित यात्रा गरौं**

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**मधेश कृषि विश्वविद्यालय**
राजविराज न.पा.-३, सप्तरी

कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा आवेदन फाराम भर्ने म्याद पुन: थप सम्बन्धी

**सूचना**



मिति २०८३/०५/१६ गतेको सूचना अनुसार यस मधेश कृषि विश्वविधालय कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०८३/८४, चार वर्षे कृषि स्नातक तह (B. Sc. Ag. Hons.) मा बिद्यार्थी भर्नाका लागि मिति २०८३/०५/१६ गते देखि मिति २०८३/०५/३१ गते दिन बुधबारसम्म आवेदन फारम भर्ने म्याद थप रहेकोमा Online आवेदन फारम भर्ने म्याद मिति २०८३/०६/१५ गते बिहिवार राति १२:०० बजेसम्मका लागि पुन:थप गरिएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारी गराईन्छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८